

# नयाँ नेपालको परिकल्पना


सम्पादन
मोहन मैनाली

# नयाँ नेपालको
# परिकल्पना

यो पाना जानीजानी खाली छोडिएको हो ।

# नयाँ नेपालको परिकल्पना

सम्पादन
मोहन मैनाली

हिमाल किताब
सोशल साइन्स बहाः
SOCIAL SCIENCE BAHA
actionaid nepal

Naya Nepalko Parikalpana

**नयाँ नेपालको परिकल्पना : शान्ति, पुनर्निर्माण तथा विकास** विषयक काठमाडौँमा २०६३ असोज १०-११ गते सोसल साइन्स वहा: र एक्सन एड नेपालद्वारा आयोजित राष्ट्रिय सम्मेलनको प्रतिवेदन। सम्मेलनको आयोजना तथा प्रतिवेदन प्रकाशनका लागि एक्सन एड नेपालद्वारा आर्थिक सहयोग उपलब्ध गराइएको थियो।

© सोसल साइन्स वहा:

प्रथम संस्करण : डिसेम्बर २००६

आवरण : विलाश राई

प्रकाशक
सोसल साइन्स वहा:का लागि
**हिमाल किताब**
हिमाल एसोसिएसन
पाटनढोका, पो.ब.नं. १६६, ललितपुर, नेपाल
फोन : ५५४२५४४ • फ्याक्स : ५५४११९६
इमेल : books@himalassociation.org
वेबसाइट : www.himalassociation.org

'हिमाल किताब' ललितपुरस्थित गैरसरकारी संस्था 'हिमाल एसोसिएसन'को प्रकाशन सङ्काय हो।

मूल्य : रु १००/-

ISBN 99933 43 82 X

# भूमिका

माघ १९ को शाही कदमसँगै राज्य र विद्रोहीबीचको दुईपक्षीय द्वन्द्व राजनीतिक पार्टी, राज्यसंयन्त्र र माओवादी गरी त्रिपक्षीय द्वन्द्वमा परिणत भयो। देश अझ गहिरो अनिश्चिततातर्फ धकेलियो र समाधानका उपायहरू अझ जटिल बन्दै गए। यो गतिरोध निरन्तर जारी रह्यो। दरबारले राजनीतिक पार्टीहरुको अस्तित्व स्वीकार गरेन।

काठमाडौँमा राजनीतिक गतिरोध कायम रहेकै बेला २०६२ साउनमा माओवादीले प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेश गर्ने निर्णय गर्‍यो। यसका लागि पहिलो सर्त हतियार व्यवस्थापन प्रक्रियासहितको संविधानसभाको निर्वाचन थियो। यस निर्णयले पार्टी र विद्रोही पक्षका बीचमा बाह्रबुँदे सहमतिको आधार बनायो र बृहत् जनआन्दोलनको खाका कोर्न सघायो। आन्दोलन सफल भएपछि भिरको डिलमा पुगिसकेको देश लोकतान्त्रिक प्रक्रियाको सुरक्षित मैदानमा फर्कियो। यसले गर्दा दीर्घकालीन शान्तिको योजना बनाउन अनि सामाजिक पुनर्स्थापना तथा विकास र आर्थिक पुनर्संरचनाका बारेमा छलफल गर्न सकिने भयो। समग्रमा हिंसाको मात्रामा उल्लेखनीय रूपमा कमी आयो जसले भविष्यप्रति आशा गर्ने आधार दिएको छ। तथापि हतियार व्यवस्थापन, अन्तरिम संविधान, अन्तरिम सरकार र संविधानसभाको चुनावका सम्बन्धमा विभिन्न खालका शङ्का-उपशङ्का रहेका छन्।

यसै सन्दर्भमा एक्सन एड नेपाल र सोसल साइन्स बहा:ले मिलेर शान्ति, पुनर्निर्माण तथा विकास विषयमा २०६३ असोज १० र ११ गते काठमाडौँमा एउटा राष्ट्रिय सम्मेलनको आयोजना गरेका थिए। दुई दिन चलेको त्यस सम्मेलनमा सरकारका प्रतिनिधि, समुदायका अगुवा, जनमत निर्माता, विद्वान्, समाजसेवी, वकिल, प्राविधिज्ञ, विकास विशेषज्ञलगायतले विभिन्न विषयमा छलफल गर्नुभएको थियो।

सम्मेलनमा तीनओटा मूल विषयहरू शान्ति, पुनर्निर्माण तथा विकासका बारेमा छलफल भएको थियो। शान्ति शीर्षकअन्तर्गत एल साल्भाडोरको शान्ति प्रक्रियाको अनुभव, नेपालमा राज्य पुनर्संरचनाका उपाय, हतियार व्यवस्थापन, सङ्क्रमणकालीन न्याय र जवाफदेहिता, अन्तरिम संविधान र संविधानसभा अनि पुनर्निर्माण शीर्षकअन्तर्गत मानवीय पुनर्निर्माण र पुनर्स्थापना छलफलका विषय रहेका थिए। यसै गरी विकास र उन्नति छलफल शीर्षकअन्तर्गत परेका थिए।

यसबाहेक, उद्घाटन सत्रमा नेपाली काङ्ग्रेसका नेता भीमबहादुर तामाङको उद्घाटन मन्तव्य र इयन मार्टिनको मन्तव्य राखिएको थियो। अन्त्यमा, नयाँ नेपालको परिकल्पना विषयमा रामशरण महत र निलाम्बर आचार्यले आफ्ना मन्तव्य राख्नुभएको थियो।

सम्मेलनको उद्देश्य कुनै घोषणापत्र जारी गर्नु थिएन। यसले माथि उल्लिखित तीनओटा शीर्षकमा तर्कसङ्गत छलफललाई अघि बढाउन चाहेको थियो। त्यसैले, ती विषयमा भएका छलफल एउटा कोठामा सीमित नरहुन् भनेर यो प्रतिवेदन प्रकाशित गरिएको छ। सम्मेलनका क्रममा गरिएका प्रस्तुति र भएका छलफलमा उठेका कुरालाई सम्पादन गरेर यहाँ राखिएको छ।

अन्त्यमा, सम्मेलन सफल बनाउन र यो प्रतिवेदन प्रकाशित गर्नका लागि आर्थिक सहयोग प्रदान गर्ने एक्सन एड नेपाल, सम्मेलनमा भएका छलफलको टिपोट राख्ने गणेशबहादुर घिमिरे, दीपक अर्याल र विवेकराज मौर्य तथा प्रतिवेदन सम्पादन गरी पुस्तकका रूपमा तयार पार्ने मोहन मैनालीलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ।

# विषयसूची


*भूमिका* v

१. उद्घाटन सत्र १
*भीमबहादुर तामाङ*
*इयन मार्टिन*

२. एल साल्भाडोरमा शान्ति पुनर्स्थापना ११
*हकिन शाभेज*

३. राज्यको पुनर्संरचना : सङ्घीयता २१
*कृष्ण खनाल*
*अनिलकुमार झा*
*परि थापा*
*सीताराम तामाङ*
*सुरेन्द्र पाण्डे*

४. जवाफदेहिता, सङ्क्रमणकालीन न्याय र शान्ति ३६
*मन्दिरा शर्मा*

५. अन्तरिम संविधान र संविधानसभा ५१
*टीकाराम भट्टराई*
*भीमार्जुन आचार्य*
*कृष्ण हाछेथु*

६. विकास र उन्नति ६९
*सीके लाल*

७. मानवीय पुनर्संरचना र पुनर्स्थापना ८७
*डिल्लीराम दाहाल*

८. हतियार व्यवस्थान ९२
*ध्रुवकुमार*

९. नयाँ नेपालको परिकल्पना १०३
*रामशरण महत*
*निलाम्बर आचार्य*

*अनुसूची* ११७

यो पाना जानीजानी खाली छोडिएको हो ।

# उद्घाटन सत्र

सञ्चालक

**हरि शर्मा**

स्वागत मन्तव्य

**राजेन्द्र प्रधान**

उद्घाटन मन्तव्य

**भीमबहादुर तामाङ**

मन्तव्य

**इयन मार्टिन**

धन्यवाद ज्ञापन

**अनिल पन्त**

## हरि शर्मा

म सोसल साइन्स वहा:सँग आबद्ध छु । यो कार्यक्रम एक्सन एड नेपालसँग मिलेर गरेका हौँ । सोसल साइन्स वहा: विगत चार वर्षदेखि समाज विज्ञानका क्षेत्रमा कार्यरत एउटा संस्था हो । गैरसरकारी क्षेत्रमा समाज विज्ञानलाई विस्तारित गर्ने उद्देश्यले ललितपुरको पाटनढोकामा यसले एउटा पुस्तकालय सञ्चालन गरेको छ । कुनै पनि प्रश्नहरू उठ्छन् भने त्यसको निराकरणका निम्ति छलफलका वैज्ञानिक आधारहरू हुनुपर्छ भन्ने मान्यता हामीहरूको रहेको छ । एक्सन एड सामाजिक आन्दोलनका क्षेत्रमा काम गरिरहेको छ । स्थानीय तहबाट उठ्ने आवाजहरूलाई काठमाडौँमा अथवा विभिन्न क्षेत्रमा बसेर अध्ययन-अनुसन्धान गर्ने प्राज्ञिक समुदाय, नेताहरू सबैसँग साझा संवाद होस् भन्ने हेतुले हामीले एक्सन एडलाई यो सम्मेलनमा साझेदारका रूपमा रोजेका हौँ । उहाँहरूले त्यसलाई सहर्ष स्वीकार गरिदिनुभयो ।

मलाई आज यस मञ्चबाट डा. हर्क गुरुङको सम्झना आइरहेको छ । आजभन्दा करिब तीन वर्षअगाडि सोसल साइन्स वहा: ले समावेशी लोकतन्त्र सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो । डा. हर्क गुरुङले यसै मञ्चबाट महेशचन्द्र रेग्मी लेक्चर दिनुभएको थियो । आज यही मञ्चमा उभिएर सोसल साइन्स वहा: उहाँलाई सम्झना गर्न चाहन्छ । उहाँले समाज विज्ञानको निर्माणका निम्ति महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । गएको शनिबार कञ्चनजङ्घामा भएको हेलिकोप्टर दुर्घटनामा परी निधन हुनुभएका डा. हर्क गुरुङ एवं अन्य दिवङ्गत आत्माहरूको सम्झनाका निम्ति केही बेर मौनधारण गरी आजको कार्यक्रम सुरु गर्नका निम्ति हार्दिक अनुरोध गर्दछु ।

अब म स्वागत मन्तव्यका निम्ति सोसल साइन्स वहा: का डा. राजेन्द्र प्रधानलाई अनुरोध गर्दछु ।

## राजेन्द्र प्रधान

भीमबहादुर तामाङज्यू, संसद सदस्यहरू, गण्यमान्य पाहुना, सहभागी, सहकर्मी तथा साथीहरू,

शान्ति, पुनर्निर्माण र विकास नामक सम्मेलनमा तपाईंहरूलाई सोसल साइन्स वहा: र एक्सन एडका तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । काठमाडौँ उपत्यकाबाहिरबाट आउनुभएका सहभागीहरूलाई न्यानो स्वागत गर्न र धन्यवाद दिन चाहन्छु । अझ विशेष गरी, एल साल्भाडोरको अनुभवबारेमा हामीलाई बताउन आउनुभएका हाम्रा विशेष पाहुन हकिन्च चावेजलाई पनि स्वागत गर्न चाहन्छु ।

आफ्नो व्यस्त कार्यक्रमबाट समय निकालेर यहाँ आउनुभएकोमा तपाईंहरूलाई धेरै धन्यवाद । तपाईंहरूको सहभागिताले यस सम्मेलनलाई अझ बढी सूचनामूलक, जीवन्त र जोसिलो बनाउँछ भन्ने विश्वास लागेको छ । मलाई के आशा लागेको छ भने हामी सबैले एकअर्काका कुरा ध्यानपूर्वक सुन्नेछौँ र एकअर्काबाट सिक्नेछौँ । मलाई के विश्वास छ भने विविध विचार र सोचाइ भए पनि हामी मिलेर नयाँ नेपालको कल्पना गर्न सक्छौँ र नेपालको पुनर्निर्माण गरी यसलाई शान्तिपूर्ण, समृद्ध, समावेशी, न्यायोचित र समतामूलक बनाउनका लागि मौलिक र नेपाली तरिका सुझाउन सक्छौँ । नेपाल धिमा गतिको भए पनि दृढ बाटोमा लाग्ने क्रममा एउटा असहिष्णु, हुकुमी व्यवस्थालाई फालेर अर्को हुकुमी शासन पक्कै स्थापना हुनेछैन । यसका सट्टामा देशभर हुने छलफल र संवादले तार्किक र सही जानकारीमा आधारित तर्क अघि सार्छ । राजनीतिक कचिङ्गल र हिंसाको धम्कीलाई पन्छाउँछ । हामी सबै नेपालीका लागि के कुरा उपयुक्त हुन्छ भन्नेबारेमा छलफल गर्नका लागि सौहार्दपूर्ण वातावरणमा स्वतन्त्र र प्रस्टसँग अनि सहष्णितापूर्वक नेपालभर छलफल हुने वातावरण बन्नुपर्छ । नेपाल हामी सबैको साझा सम्पदा हो । यो विभिन्न सबै लिङ्ग, सबै जाति, सबै जनजाति, सबै धर्म मान्ने, सबै भाषा बोल्ने र सबै राजनीतिक विचारधारा मान्ने मानिसहरूको हो त्यसैले, नयाँ नेपाल बनाउने प्रक्रियामा बराबरी र पूर्ण रूपमा भाग लिने नैसर्गिक अधिकार हामी सबैसँग छ ।

अहिंसात्मक, सहिष्णु तरिकाले नेपालको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने आम सहमतिपूर्ण बाटो रोजौँ । बुद्धको देश नेपालमा अहिंसा र मध्यमार्गप्रति प्रतिबद्ध होऔँ । यस सम्मलेनमा छलफलका लागि अधिकतम समय छुट्याइएको छ । हामी सकेसम्म धेरै सहभागीहरूले छलफलमा भाग लिनुहोस् भन्ने चाहन्छौँ । त्यसैले, यसपछिका सत्रमा बोल्दाखेरि छोटोमा, विषयवस्तुमा केन्द्रित भइदिनुहोला । हरेक सत्र सुरु हुने बेलामा समयमा आफ्नो सिटमा बसिदिनुहोला ।

म यस सम्मलेनको सहआयोजक एक्सन एड, विभिन्न सत्रका सभापति, संयोजक र प्रस्तोता, टिप्पणीकर्ता र सहभागीलाई धन्यवाद दिन चाहन्छु । यो सम्मेलन आयोजना गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिन्छु । अन्त्यमा, यस सम्मेलनको अवधारणा तयार गर्ने र सम्मेलन गर्न हामीलाई हौसलापूर्वक घचघच्याउने कनकमणि दीक्षितलाई पनि धन्यवाद दिन चाहन्छु ।

## हरि शर्मा

भीमबहादुर तामाङ नेपाली राजनीतिमा निकै लामो समयदेखि सङ्घर्षरत हुनुहुन्छ । २००७ सालदेखि नै सङ्घर्षरत हुनुहुन्छ । उहाँले बन्दुक पनि उठाउनुभयो । शान्तिपूर्ण आन्दोलनमा पनि लाग्नुभयो । दुई पटकसम्म संसद सदस्य हुनुभयो । मन्त्री पनि हुनुभयो । जनता परिचालन गर्ने राजनीतिक शक्तिका निम्ति नेपालमै एउटा उदाहरणीय व्यक्तित्व हुनहुन्छ । उहाँलाई सम्मेलन उद्घाटन गर्न अनुरोध गर्छु

## हतियारको राजनीति अब ग्राह्य छैन

## भीमबहादुर तामाङ

आदरणीय विद्वत्जन, राजनीतिज्ञहरू र महिला तथा सज्जनवृन्द ।

सोसल साइन्स वहा: र एक्सन एडको संयुक्त आयोजनामा भएको यत्रो महत्त्वपूर्ण जमघटमा आफ्ना कुरा राख्न पाउने र यसको उद्घाटन गर्ने अवसर पाएकोमा म आफूलाई आभारी ठान्दछु र आयोजकहरूलाई सर्वप्रथम धन्यवाद दिन्छु ।

शान्ति, पुनर्स्थापना र विकासको शीर्षक दिएर सुरु गरिएको दुईदिने जमघट अत्यन्त महत्त्वपूर्ण छ । शान्ति त सबैले चाहेकै कुरा हो । शान्तिविना मानिस रहन सक्दैन या मानव सभ्यताको विकास हुन सक्दैन भन्ने ठहर सबैको छ । कहिलेकाहीँ मुर्दाशान्ति पनि हुन्छ । धेरै कालसम्म हामी मुर्दाशान्तिकै तहतहमा बसेर बाँचेका थियौँ । हाम्रो शृङ्खला त्यसरी सुरु भएको थियो ।

वास्तवमा भन्ने हो भने सात सालको परिवर्तनले शान्तिको उद्घाटन गरिदिएको थियो । त्यति बेला ठूलो क्रान्ति भएको थियो । परिवर्तन भएको थियो । १०४ वर्षसम्म जमोट लिएर बसेको एउटा शासन प्रणालीलाई सात सालको क्रान्तिले ध्वस्त गरेको थियो ।

हामी शान्तिका लागि भौतारिइरहेका छौँ । हामीले हतियार उठायौँ । कहिलेकाहीँ शान्ति स्थापनाका लागि पनि हतियार उठ्नुपर्दछ । अलिकति बल प्रयोग नगरिकन, अलिकति विस्फोटनका ठूलाठूला आवाजहरू नदिलाइकन निरङ्कुश शासकहरूले हाम्रा कुराहरू सुन्दा रहेनछन् । तर हतियार माध्यम हैन भन्ने कुराचाहिँ हामी महसुस गर्छौं ।

यसपालिको जनआन्दोलन अब्बल दर्जाको रह्यो । यो जनआन्दोलनले यत्रो परिवर्तन गर्‍यो कि हिजो हामीले कल्पना गरेको यथास्थितिवादीको सामन्ती र प्रतिक्रियावादी संस्कारलाई ध्वस्त बनाइदियो । आन्दोलन नभएको भए यसलाई हामीले हाम्रो मानसिकताबाट खुर्किएर पनि निकाल्न सक्दैनथ्यौँ । आज नेपालीहरू केन्द्रबिन्दुमा बसेका छन् । त्यो भन्ज्याङमा बसेका छन् जसले आफ्नो अगाडिको गन्तव्यमा पुग्नुपर्छ ।

यहाँ पुनर्संरचनाको कुरा पनि उठेको छ। विकासका कुरा पनि उठेका छन्। अन्ततः गएर भविष्यको नेपाल कस्तो बनाउने भन्ने पनि हाम्रो लक्ष्य छ। मैले विज्ञहरूबाट प्रेरणा लिने गरेको छु। किनभने नेपालीमा एउटा उखान छ लोकलाज ख्याल गर्नुपर्दछ। राजनीतिक पार्टीका मानिसहरूले, अरू मानिसहरूलाई हेरेर लोकलाजको ख्याल राख्नुपर्दछ। दुर्भाग्य के भयो भने ४६ सालमा परिवर्तन त भयो तर लोकलाज बिर्सिदिए। त्यसकारण हाम्रो गन्तव्य अलमलियो। गन्तव्य अलमलिएपछि ज्वारभाटा आउँदो रहेछ, हामीले नसोचेको उपलब्धि पाएका छौँ। र, मलाई लाग्छ अब यो उपलब्धिलाई, यो सङ्क्रमणकालको अवधिलाई, दुनियाँभरको दुश्चिन्ता टाउकोमा खेलाएर हुँदैन रहेछ। यसलाई प्रतिबद्धताका साथ अगडि लानुपर्छ।

हाम्रो सात दलको गठबन्धन छ। माओवादी पनि अवतरण भएका छन्। भुइँमुनि बसेको प्राकृतिक चीज भुइँमाथि आउँदा उसको जीवन, अस्तित्व जनताले मूल्याङ्कन गर्ने ठाउँ आउँछ। त्यसमा उनीहरू मुखरित हुन सक्छन् सक्दैनन् त्यो त भविष्य र उहाँहरूको कामकारबाहीले बताउने नै छ। तर मलाई लाग्छ उहाँहरू अवश्य खारिएर अगाडि बढ्नु हुनेछ।

हतियार व्यवस्थापनको कुरा उठेका छन्। म त भन्छु छुरी बोकेको एउटा मान्छे पनि खतरनाक हुन्छ किनभने त्यसले दुर्घटना निम्त्याउँछ। कसैले नजानेर, कहीँ लडियो पडियो भने पनि त्यो हतियारले आफूलाई चोट पुऱ्याउँछ। त्यसकारण हतियारको राजनीति अब ग्राह्य छैन। कसैलाई पनि। संसारमा लोकतन्त्रको ज्वारभाटा आएको छ। मलाई लाग्छ संविधानसभाको चुनाव त हुन्छ हुन्छ। संविधानसभाका बारेमा पहिला बोल्ने साथीहरू एक्का-दोक्का थिए तर अब यो सबैको साझा एजेन्डा भएको छ। राजनीतिक पार्टीका मानिसहरू अलि कमजोर देखिन्थे, हुँदा रै'छन्। संविधानसभाको कुरा गर्दा उनीहरू हच्किन्थे। अलिक ठूला नेताले केही भन्ने हो कि भनेर। उनीहरूको विचार स्पष्ट थिएन। तर अब त्यो विचारलाई स्पष्टताका साथ संविधानसभामा लैजानुपर्दछ र कुरो पनि टुङ्गो लगाउनुपर्दछ।

हामी राजनीतिशास्त्रका पण्डितहरूसँग राजनीतिक शास्त्रका भाषण सुन्थ्यौँ, पोथीहरू पल्टाउथ्यौँ। तर यसपालिको राजनीतिक परिवर्तनमा राजनीतिशास्त्रका किताब सब भताभुङ्ग भए। यो आन्दोलनमा आउने मानिसका गोडामा चप्पल सिबाय केही थिएन। गोङ्गबु, कलङ्की, कोटेश्वर, जहाँसुकैका आन्दोलनमा चप्पलहरूको भरमार अलपत्र देखेपछि याद हुन्थ्यो ए यो त हुने र नहुनेबीचको पनि त लडाइँ रहेछ नि। मान्छेको जागरणको मापदण्ड त्यसबाट देखिन्छ। यसपालिको आन्दोलनले जुन उपलब्धि हासिल गऱ्यो नेपालको इतिहासमा यो घरिघरि दोहोरिदैन होला।

राजनीतिक इतिहासको परिवर्तनको आधार सात सालबाट सुरु भयो। सात

सालमा द्वन्द्व भयो । एउटा परम्परालाई थाम्ने शक्ति थियो भने अर्को परिवर्तनकारी शक्ति । १५ सालमा चुनाव भयो । स्वयम् दरबारले एउटा संविधान दियो । त्यो पनि स्वविवेकको धारा राखेर । अनि सत्र सालमा संसद विघटन गऱ्यो । स्वविवेकको धाराका बलमा शान्तिपूर्ण तरिकाले विघटन गर्न सकिन्थ्यो । तर सेना प्रयोग गऱ्यो । जनरलहरू आएर त्यस बखतका जनप्रतिनिधि, प्रधानमन्त्री, अरू मन्त्रीहरू र सारालाई समातेर लगिसकेपछि अनि मानिसलाई बिस्तारै थाहा भयो । यत्रो ठूलो काण्ड भएको रहेछ । मलाई लाग्छ अहिलेको दरबारिया अस्तित्वको प्रश्न जो उठेको छ त्यसले त्यही बेला आफ्नो खाडल खनिसकेको रहेछ । घटनाक्रमको यसरी विवेचना गर्दा यो दुनियाँमा, नयाँ सुरुआत भएको छ । मैले यहाँहरूलाई इतिहास पढाइरहनुपर्दैन । यहाँहरूले समुन्नत नेपालको भविष्यको खाका मात्र खिचिदिनुभयो भने यो दुई दिनको सम्मेलन सफलीभूत भएको ठान्दछु ।

## जनताको इच्छा : शासनको आधार

### इयन मार्टिन

भीमबहादुर तामाङ, उपस्थित गण्यमान्य सहभागी र साथीहरू,

शनिबारको हेलिकोप्टर दुर्घटनाले गर्दा नेपाल र अन्तर्राष्ट्रिय समुदायप्रति भएको भयानक नोक्सानीप्रति म राष्ट्रसङ्घको तर्फबाट समवेदना प्रकट गर्दै मेरा भनाइ सुरु गर्छु ।

यस सम्मेलनका आयोजकहरूलाई म बधाई दिन चाहन्छु । शान्ति स्थापना, पुनर्स्थापना र विकासको प्रक्रिया नेपालीहरूकै नेतृत्वमा अघि बढ्नुपर्छ । यस सम्मेलनको उद्घाटन सत्रमा उपस्थित हुने र बोल्ने निम्ता पाउनुलाई म विशेषाधिकार पाएको सम्झन्छु । यसलाई मैले नेपालमा राष्ट्रसङ्घ अर्काका मामलामा हस्तक्षेप गर्ने बाह्य शक्ति होइन भन्ने कुराको मान्यताका रूपमा लिएको छु । राष्ट्रसङ्घ अरू सदस्य राष्ट्रको जत्तिकै नेपालको पनि आफ्नै सङ्गठन हो । नेपालले राष्ट्रसङ्घको सदस्यताका लागि लामो लडाइँ लडेको छ । अनि उसले राष्ट्रसङ्घमा आफ्नो सहभागिताप्रति गर्व गर्छ ।

राष्ट्रसङ्घले नेपालमा विकास र मानवीय सहायताका क्षेत्रमा लामो समयदेखि काम गरिरहेको छ । तर बितेका केही वर्षहरूमा राष्ट्रसङ्घले पहिलेका भन्दा धेरै काम गरेको छ । महासचिव कोफी अन्नानले तीन वर्षभन्दा अलि पहिले राष्ट्रसङ्घले नेपालले भोगिरहेको भयङ्कर सशस्त्र युद्ध अन्त्य गर्नका लागि सक्दो सहयोग गर्नुपर्छ भन्ने निर्णय गर्नुभएको थियो । उहाँले धेरैजसो अवसरमा चुपचाप र कहिलेकाहीँ खुलेर नेपाललाई शान्तिको बाटोमा हिँड्न महासचिवको अफिसले गर्न सक्ने सहयोग खोज्नुभयो । आश्चर्यलाग्दो कुरा के छ भने नेपालका सरकारले

महसुस गर्नुभन्दा धेरै पहिले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले राष्ट्रसङ्घको सम्भावित भूमिकाको स्वागत गऱ्यो। मार्च २००५ मा सरकारले मानव अधिकार उच्च आयुक्त लुइस आर्बरलाई नेपालमा आफ्नो कार्यालय खोल्न निम्ता दिएपछि राष्ट्रसङ्घले यो अवसर पायो। मैले नेपालमा त्यस कार्यालयको नेतृत्व गर्ने मौका पाएँ। सरकारले मानव अधिकार उच्च आयुक्तलाई निम्ता यसै गरेको थिएन। अरू सरकारहरूले त्यसो गर्न दिएको सल्लाह र अन्तर्राष्ट्रिय नागरिक समाजको सहयोगमा नेपाली नागरिक समाजले चलाएको अभियानले गर्दा उसले त्यसो गरेको थियो। सो कार्यालय खोलिएपछि र म त्यसको प्रतिनिधिका रूपमा नियुक्त भएपछि मैले विगतका केही वर्षका असाधारण घटनाहरूमा काम गर्ने विशेष अवसर पाएँ।

मानव अधिकारको विषय गैरराजनीतिक र एकदमै राजनीतिक प्रकृतिको छ। यो राजनीतिक रूपले एक पक्षमा लाग्दैन तर यसले सबैको राजनीतिक अधिकारको रक्षा गर्छ। त्यसैले, हाम्रो कार्यालयले धेरै राजनीतिकर्मीहरूको नजिकको सम्बन्ध राखेर काम गऱ्यो। कामका सिलसिलामा राष्ट्रसङ्घले नेपालले यस्तै राजनीतिक मार्ग अवलम्बन गर्नुपर्छ भनेर भनेन। सम्माननीय महासचिवले युद्धविराम गरेर शान्तिपूर्ण र समावेशी संवादमा लाग्न बारम्बार आह्वान गर्नुभयो।

सार्वजनिक ठाउँमा म यस्तो कुरा भन्न लालायित हुन्थेँ, 'जनताको इच्छा नै सरकारको शासनाधिकारको आधार हुनुपर्छ।' मैले जुन परिस्थितिमा काम गरेँ त्यति बेला त्यसो भनेको भए उच्च आयुक्तको प्रतिनिधिले पाएको अधिकार क्षेत्र नाघेको भनेर मेरो आलोचना हुने थियो। माथिको वाक्य मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ मा लेखिएको छ। नेपाली जनताले आफ्नो चाहना व्यक्त गरे। मलाई लाग्छ उनीहरूले शान्ति र प्रजातान्त्रिक स्वतन्त्रताको स्थापनाको चाहना व्यक्त गरे।

नेपालको इतिहासको महत्त्वपूर्ण क्षणमा अरु बृहत् जिम्मेवारी निभाउने अवसर महासचिवबाट पाएकोमा मैले अरू बढी विशेषाधिकार पाएको महसुस गरेको छु। विश्वव्यापी घोषणापत्रको धारा २१ ले भनेको छ, 'जनताको इच्छा नै सरकारको शासनाधिकारको आधार हुनुपर्छ।' जनताले स्वच्छ स्वतन्त्रतापूर्वक, विनाकरकाप गोप्य मतदान प्रणालीमार्फत आवधिक रूपमा यस्तो इच्छा व्यक्त गर्न पाउनुपर्छ। जनआन्दोलन १२ बुँदे समझदारीमा उभिएको थियो जसले नेपालको भविष्य संविधानसभामार्फत निर्धारण गरिने र संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष ढङ्गले हुनेछ भनिएको थियो। गिरिजाप्रसाद कोइराला र प्रचण्डले राष्ट्रसङ्घलाई पठाएका छुट्टाछुट्टै पत्रमा सरकार र नेकपा (माओवादी) ले संविधानसभाको निर्वाचनका लागि स्वतन्त्र र निष्पक्ष वातावरण तयार गर्ने र समग्र शान्ति प्रक्रियामा

सहयोग गर्न राष्ट्रसङ्घको मद्दत खोजेका थिए ।

सशस्त्र द्वन्द्व, हिंसा र त्रासको वातावरणबाट समग्र शान्ति प्रक्रियाका लागि स्वतन्त्र र निष्पक्ष वातावरण तयार गर्नु धेरै ठूलो र कठिन चुनौती हो र यो काम नेपालीहरूको काँधमा छ । राष्ट्रसङ्घले उसलाई अनुरोध गरिएका चारओटा क्षेत्रमा मात्रै सहयोग गर्न सक्छ ।

पहिलो, राष्ट्रसङ्घलाई मानव अधिकार उच्चायुक्तको कार्यालयमार्फत मानव अधिकारको अनुगमन गर्न अनुरोध गरिएको छ । पूर्व मूल्याङ्कन मिसनको अन्त्यमा स्टेफेन डोमिस्टेयरले मानव अधिकार उच्चायुक्तको कार्यालयलाई यस कामका लागि अझ सुदृढ बनाउन सिफारिस गर्नुभएको थियो । तर मानव अधिकार अनुगमनको कामको प्रभावकारिता राष्ट्रसङ्घको काममा मात्र भर पर्दैन । नेपालको क्षमतामा पनि भर पर्छ । नेपालका मानव अधिकार संस्थाहरू र नेपालको राष्ट्रिय मानव अधिकार आयोगका काममा पनि भर पर्छ । मलाई आशा छ, राष्ट्रिय मानव अधिकार आयोगलाई अहिले आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गर्नका लागि चाहिने स्वतन्त्र र प्रभावकारी नेतृत्व चाँडै प्रदान गरिनेछ । सभामुख सुवास नेम्वाङ यहाँ हुनुभएको भए म उहाँलाई उपयुक्त प्रक्रियाद्वारा, सकेसम्म चाँडो मानव अधिकार आयोगको नेतृत्व छनोट गर्ने दिशामा उहाँले राख्नुभएको चासोका लागि धन्यवाद दिने थिएँ ।

दोस्रो, राष्ट्रसङ्घलाई युद्धविरामका बेलामा आचारसंहिता अनुगमन गर्न अनुरोध गरिएको छ । यति बेला यस्तो अनुगमन आवश्यक छ भन्ने कुरा हामीले झन्डै दुई हप्ताअघि नेपाली सेना बयारेक बाहिर निस्क्यो भनेर आरोप लगाउँदै देशलाई केही समयका लागि स्तब्ध पार्ने काम भएबाट पनि महसुस गरेका छौँ । यस घटनामा आचारसंहिता राष्ट्रिय अनुगमन समितिले तुरुन्तै काम गर्‍यो र उसले भविष्यमा यस्तो अवस्था आउन नदिनका लागि आचारसंहिता अपर्याप्त भएको र अझ बृहत् तथा स्पष्ट कुरा उल्लेख भएको पूर्ण युद्धविराम सम्झौता गर्नु आवश्यक भएको कुरा औँल्यायो । यस्तो सम्झौतामा दुवै पक्षका सेनाले के गर्न हुन्छ, के गर्न हुँदैन र उनीहरूका बीचमा प्रभावकारी सञ्चार हुनका लागि कस्तो संयन्त्र हुनुपर्छ भन्ने कुरा पनि उल्लेख हुनुपर्छ । मलाई के आशा छ भने यस्तो सम्झौता गर्ने तयारी भइरहेको छ जसमा राष्ट्रसङ्घले महत्त्वपूर्ण कदम उठाउन सक्छ ।

तेस्रो, राष्ट्रसङ्घलाई दुवै पक्षका हतियार र सेना व्यवस्थापन गर्ने काममा मद्दत गर्न अनुरोध गरिएको छ । यसका लागि माओवादीका लडाकू र हतियार तोकिएका क्यान्टोन्मेन्टमा रहने र नेपाली सेना र उसका हतियार ब्यारेकभित्रै रहने कुराको निगरानी गर्नुपर्छ । यस विषयमा दुवै पक्षबीच सहमति भएको छ र यो कुरा राष्ट्रसङ्घलाई लेखिएको पत्रमा प्रतिबिम्बित भएको छ । माओवादीका

नेताहरूसँगको मेरो छलफलमा मुख्य राजनीतिक मुद्दाहरू समाधान भएमा उनीहरू क्यान्टोन्मेन्टमा रहने कुरामा नेताहरू प्रतिबद्ध रहेको बताए ।

तर हतियार व्यवस्थापनका तौरतरिका भने पछि निश्चित गरिनेछ भनेर पत्रमा भनिएको छ । राष्ट्रसङ्घले अनुगमन गर्ने कुराको आधारका बारेमा शान्ति समितिले दुवै पक्षका वार्ता टोलीलाई पठाएको शान्ति सम्झौताको मस्यौदामा उल्लेख गरिएको छ । तर त्यहाँ सबै कुरा उल्लेख छैन् ।

चौथो, संविधानसभाको निर्वाचनका लागि निर्वाचन पर्यवेक्षक उपलब्ध गराउन राष्ट्रसङ्घलाई अनुरोध गरिएको छ । निर्वाचनको पर्यवेक्षण र त्यसको प्रक्रिया निश्चय पनि महत्त्वपूर्ण छ तर त्योभन्दा महत्त्वपूर्ण कुरा निर्वाचनको तयारी र व्यवस्थापनको हो । मलाई सहयोग गर्ने सानो सल्लाहकार समूहमा निर्वाचन सल्लाहकार पनि छ जसले यस कुरामा सहयोग मागेका खण्डमा सल्लाह दिन सक्छन् ।

मलाई हतियार व्यवस्थापन सम्बन्धमा भोलिको सत्रले राम्रो सल्लाह देला भन्ने लागेको छ । मलाई यस विषयमा सुन्न मन छ । तर मलाई मानव अधिकारका विषयमा पनि चासो छ ।

यस कार्यक्रमले जवाफदेही र सङ्क्रमणकालीन न्याय शान्ति प्रक्रियाका लागि महत्त्वपूर्ण कुरा हो भन्ने स्वीकार गरेको छ । महासचिवले कानुनी राज र सङ्क्रमणकालीन न्यायका सम्बन्धमा अगस्त २००४ मा सुरक्षापरिषद्समक्ष प्रतिवेदन पेस गर्नुभएको थियो । त्यसमा उहाँले भन्नुभएको थियो, यसका धेरै मोडल छन् । विभिन्न देशमा त्यहाँको परिस्थिति हेरेर तिनको प्रयोग गर्न सकिन्छ । यस मामलामा पनि नेपालले अप्ठचारो बेहोरेको छ । हरेक देशमा यस्तो गर्नुपर्छ तर आफ्नै प्रकारले र आफैँ बीचमा छलफल गरेर । तर यसो गर्ने क्रममा अरू देशका र राष्ट्रसङ्घका अनुभवले मद्दत गर्न सक्छन् । मानव अधिकार उच्चायुक्तको कार्यालयले यस मामलामा धेरै जानकारी दिन सक्छ ।

अन्त्यमा, तपाईंहरूले एल साल्भाडोरको अनुभव सुन्दै हुनुहुन्छ । यसमा मलाई खुसी लागेको छ । हकिन चाभेजले यस मामलामा केही सहयोग गर्न सक्नुहुन्छ ।

शान्ति प्रक्रियामा धेरै चुनौतीहरू छन् । यसको सफलता राजनीतिक दल र नागरिक समाजमा भर पर्छ । राष्ट्रसङ्घ त सहयोग गर्ने मात्र हो ।

## अनिल पन्त

यस समारोहमा उपस्थित भएकोमा म एक्सन एड र सोसल साइन्स वहा:का तर्फबाट यहाँहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । एक्सन एडले यो कार्यक्रममा रुचि देखाउनुका कारण छन् । हामीले के ठान्यौँ भने देशको निर्णय प्रक्रियामा विपन्न व्यक्तिको पहुँच नभएसम्म गरिबी निवारण गर्न सकिँदैन । अहिलेको

आन्दोलनमा हामीजस्ता विकासका साझेदार पनि अघि आयौँ । यसले गर्दा राजनीतिप्रतिको अपनत्व पनि बढेर गयो ।

लामो समयसम्म नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक सांस्कृतिक अधिकार अलग कुरा हुन् भन्ने अवधारणा आयो । त्यसैले, अहिले नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरू मानव अधिकारवादी संस्थाका रूपमा चिनिन्छन् भने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरू विकासवादी संस्थाका रूपमा चिनिन्छन् ।

१९९३ मा आएपछि यी सबै अधिकार उत्तिकै महत्त्वपूर्ण छन् भन्ने मान्यता स्थापित भयो । हामीलाई के लाग्छ भने विकास र मानव अधिकार सँगसँगै गाँसिएका कुरा हुन् । हामी अहिले के प्रयासमा लागेका छौँ भने अबको केही वर्षमा अहिले मानव अधिकारवादी भनेर चिनिने संस्थाहरू पनि विकासवादी भनेर चिनिऊन् र अहिले विकासवादी भनेर चिनिने संस्थाहरू पनि मानव अधिकारवादी भनेर चिनिऊन् । किनभने देशको प्रगतिका लागि राजनीतिक अधिकार अनि आर्थिक तथा सामाजिक, सांस्कृतिक अधिकार सँगसँगै जान सक्नुपर्छ ।

त्यसैले, हामीले पनि देशको राजनीतिका बारेमा छलफल गर्नुपर्छ भन्ने ठान्यौँ । किनभने गरिबी निवारणको लडाइँ भनेको राजनीतिकसँग पनि जोडिएको छ । अन्त्यमा, यस समारोहमा आइदिनुभएकोमा म एकपटक फेरि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

# एल साल्भाडोरमा शान्ति पुनर्स्थापना

प्रस्तोता

**हकिन शाभेज**

संयोजक

**कनक दीक्षित**

## कनक दीक्षित

हकिन चाभेजले हामीलाई आज विद्रोही बललाई खुला राजनीतिक शक्तिमा रूपान्तरण गर्ने क्रममा एल साल्भाडोरको अनुभव सुनाउनु हुनेछ । एल साल्भाडोर र नेपालमा केही कुरामा समानता छ । त्यहाँको विद्रोही शक्तिले आफू पराजित भएको महसुस गरेको थिएन । यहाँ पनि अवस्था त्यस्तै छ । त्यहाँको शान्ति प्रक्रियामा राष्ट्रसङ्घ सहभागी थियो । यहाँ पनि सहभागी छ । यस सन्दर्भमा हामीले सात समुद्रपारबाट आएका हकिन चाभेजको कुरा सुन्नु उपयोगी हुन्छ । हकिन फरबिन्दो मार्ती फ्रन्ट फर नेसनल लिबरेसन (एफएमएलएन) का राजनीतिक नेता हुनुहुन्थ्यो । १९८१ देखि १९८६ सम्म उहाँ आफैँ लडाइँमा संलग्न हुनुहुन्थ्यो । उहाँले एफएमएलएनको अन्तर्राष्ट्रिय सम्बन्ध बढाउने काम पनि गर्नुभएको थियो । अहिले उहाँ बुद्धिजीवी हुनुहुन्छ ।

## एल साल्भाडोरमा युद्ध र शान्ति

### हकिन शाभेज

म एफएमएलएनको पूर्व सदस्य हुँ । तर म यहाँ त्यस संस्थाको प्रतिनिधिका हैसियतमा बोल्न लागेको होइन । मैले शान्ति प्रक्रियाका बारेमा व्यक्त गर्ने विचारहरू एफएमएलएनको आधिकारिक विचार होइनन् ।

मेरो आजको प्रस्तुति मूल रूपमा तीन भागमा विभाजित छ । पहिलो, एल साल्भाडोरको गृहयुद्धको छोटो इतिहास । दोस्रो, अन्तिम सम्झौताभन्दा पहिले भएका वार्ताको अनुभव । तेस्रो, अन्तिम सम्झौताको प्रक्रिया ।

### १. साल्भाडोरको गृहयुद्ध

धेरै विश्लेषकहरूले एल साल्भाडोरको गृहयुद्धलाई १९५० पछिको ल्याटिन अमेरिकी इतिहासको सबैभन्दा घातक गृहयुद्ध भनेका छन् । युद्धको यतिविघ्न प्रभाव ल्याटिन अमेरिकाका अरू देशले भोगेका छैनन् ।

एफएमएलएन यस युद्धको एउटा खेलाडी थियो । यो १९७० को दशकमा

स्थापना भएको पाँच राजनीतिक र सैनिक सङ्गठनको गठबन्धन हो। यिनीहरू यसअघि मार्क्सवादी-लेनिनवादी संस्था थिए। तर यसमा गैरमार्क्सवादी-लेनिनवादी शक्ति पनि थिए। यसमा समाजवादी-प्रजातन्त्रवादी पनि थिए। यसका बहुसङ्ख्यक लडाकूहरू मुक्तिको धर्मदर्शनबाट प्रभावित क्याथोलिकहरू थिए।

एल साल्भाडोरको अर्को शक्ति प्रजातान्त्रिक-क्रान्तिकारी मोर्चा (एफडीआई) पनि थियो। यसमा वैधानिक राजनीति पार्टीहरू थिए। यो देशको सबभन्दा महत्त्वपूर्ण सामाजिक आन्दोलन थियो। एफएमएलएन र एफडीआईको गठबन्धनले एल साल्भाडोरको, अमेरिका समर्थित सरकार विरुद्ध १२ वर्ष लडाइँ लडेको थियो।

एल साल्भाडोरका अन्य खेलाडीहरूमा विद्रोहीको विरोध गर्ने पक्ष थियो। यो शक्तिले १९७९ देखि १९९२ सम्म एल साल्भाडोरमा शासन गरेको थियो। यद्यपि उनीहरूका बीचमा धेरै कुरामा मतभेद थियो।

अन्तर्राष्ट्रिय शक्तिहरू अर्का खेलाडी थिए। युद्धको मूल कारण एल साल्भाडोरमा सामाजिक न्यायको अभाव थियो। तर यसलाई अन्तर्राष्ट्रिय जगत्मा भएको शीतयुद्धसँग पनि जोडेर हेर्नुपर्छ। त्यसैले, एल साल्भाडोर ल्याटिन अमेरिकाको शीतयुद्धको मैदान बन्यो।

अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले अमेरिकाको राष्ट्रिय सुरक्षामा एल साल्भाडोर जति महत्त्वपूर्ण अर्को कुनै राष्ट्र छैन भनेका थिए। एल साल्भाडोर अमेरिकी सैन्य सहायता पाउने तेस्रो ठूलो देश थियो। एल साल्भाडोरले १९८० देखि १९९२ सम्म अमेरिकाबाट साढे तीन बिलियन डलर सैनिक सहायता पाएको थियो।

एल साल्भाडोरमा अरू पनि अन्तर्राष्ट्रिय खेलाडी थिए। ती हुन् क्युबा र निकारागुवा। क्युबाले निकारागुवा र यस क्षेत्रका अरू क्रान्तिकारी शक्ति विशेष गरी एफएमएलएनलाई समर्थन गरेको थियो।

## २. अन्तिम सम्झौता हुनुभन्दा अघिको शान्तिवार्ता

अन्तिम सम्झौता हुनुभन्दा पहिले राष्ट्रसङ्घको तत्त्वावधानमा सरकार र एफएमएलएन का बीच वार्ता भएको थियो। यो वार्ताको पहिलो प्रयास थियो। त्यति बेला सैनिक समाधानलाई दुवै पक्षले पूर्ण रूपमा त्यागेका थिएनन्। यति बेला शान्तिपूर्ण राजनीतिक समाधानको बाटो रोजिएको थिएन। यस दिशामा हिँड्ने यो पहिलो प्रयास मात्र थियो।

सन् १९८७ मा वार्ता प्रक्रियाले युद्धलाई तीव्र बनायो। दुवै पक्षले सम्भावित वार्तामा आफ्नो अवस्था दह्रो तुल्याउन सैनिक शक्ति बढाए। यो सम्भवत: सैनिक द्वन्द्वको सबैभन्दा कठोर चरण थियो जसले एल साल्भाडोरको सबैभन्दा बढी विनाश गर्‍यो।

१९८९ मा युद्ध एउटा मोडमा आइपुग्यो । एफएमएलएनले राजधानी र बाहिरका धेरै भागमा शक्ति विस्तार गरेको थियो । उनीहरूका सैनिक सहरमा दुई हप्तासम्म मोर्चा कसेर बसेका थिए । यस्तो अवस्थामा राज्यका सैनिक टुकडीहरू जेसुइस्ट पुरोहितले चलाएको सेन्ट्रल अमेरिकन विश्वविद्यालयमा पसे । त्यहाँ उनीहरूले छ जना जेसुइस्ट पुरोहितलाई मारे । ती पुरोहितहरूले शान्तिका पक्षमा आवाज उठाउँदै आएका थिए । उनीहरूको हत्याको अन्तर्राष्ट्रिय जगत्ले भर्त्सना गऱ्यो ।

यस अवस्थामा सरकार, विद्रोही र अमेरिकी प्रशासन सैनिक समाधान उपयुक्त छैन भन्ने कुरामा विश्वस्त भए । यो राजनीतिक क्षेत्रमा आएको ठूलो परिवर्तन हो ।

यसबाहेक सोभियत युनियनको पतन आदिजस्ता अन्तर्राष्ट्रिय कारणले पनि अमेरिकालाई एल साल्भाडोरको लडाइँ अन्त्य गर्न सकारात्मक भूमिका खेल्न प्रोत्साहन दियो ।

## ३. शान्ति सम्झौता

डिसेम्बर १९८९ मा राष्ट्रसङ्घको तत्त्वावधानमा शान्ति प्रक्रिया सुरु भयो । यो दुई वर्षसम्म चल्यो । शान्ति प्रक्रियाका दुई पक्ष थिए । पहिलो यसले सम्झौताका उद्देश्य परिभाषित गऱ्यो । यसका सामान्य सिद्धान्त र प्रक्रियाहरू यस प्रकार थिए :

- राजनीतिक माध्यमबाट सकेसम्म चाँडो द्वन्द्व समाधान गर्ने ।
- देशको प्रजातान्त्रीकरणलाई प्रोत्साहन दिने ।
- मानव अधिकारको सम्मानको ग्यारेन्टी गर्ने ।
- साल्भाडोरको समाजको एकीकरण गर्ने ।

यी चारओटा उद्देश्यले शान्ति प्रक्रियाका तत्त्वहरू निर्धारण गरे । यसबाहेक अरू पनि महत्त्वपूर्ण प्रक्रिया निर्धारण गरिएका थिए जुन यस प्रकार छन् :

- शान्तिवार्ता गोप्य हुने ।
- शान्तिवार्ता र सम्झौता प्रक्रिया निर्बाध र निरन्तर चलिरहने ।
- शान्तिवार्ताका प्रक्रिया र यस काममा भएका प्रगतिबारेमा राजनीतिक दल र नागरिक समाजलाई जानकारी दिने माध्यम तय हुने ।

दोस्रो सम्झौताले अन्तिम सम्झौताका विषयवस्तु निर्धारण गऱ्यो । यसमा सशस्त्र बल, मानव अधिकार, न्याय प्रणाली, चुनाव प्रणाली, संवैधानिक सुधार, आर्थिक-सामाजिक रूपान्तरण आदि थिए ।

अब म तीनओटा मूल कुरामा आफ्नो प्रस्तुति केन्द्रित गर्छु । पहिलो, समाजको निरस्त्रीकरण गर्ने । दोस्रो, शान्ति सुरक्षाको व्यवस्था गर्ने । तेस्रो, एफएमएलएनका

कार्यकर्तालाई सामाजिक र नागरिक जीवनमा पुनर्स्थापित गर्ने ।

एफएमएलएनका कार्यकर्तालाई राजनीतिक क्षेत्रमा पुनर्स्थापना गर्ने काम राजनीतिक र सैनिक क्षेत्रको आधारभूत सुधार गरेर मात्र सम्भव हुन्थ्यो ।

१९९० मा एल साल्भाडोरका सैनिकले देशमा शासन गरेको झन्डै एक दशक भएको थियो र साल्भाडोरको सशस्त्र बलमा ६५ हजार सिपाही थिए । अर्धसैनिक बल पनि थियो जसमा दुई लाख जवान थिए । उनीहरूसँग हतियार पनि प्रशस्त थियो । अमेरिकी सहयोगमा सशस्त्र बल दह्रो भएको थियो । त्यसैले, निरस्त्रीकरणको विषय महत्त्वपूर्ण थियो र यो सम्झौताको सबैभन्दा अप्ठचारो पक्ष पनि थियो । वातस्वमा सम्झौताको तयारीका दुई वर्षको ८० प्रतिशत समय यसै विषयले खायो । निरस्त्रीकरणका धेरै पक्ष थिए । सरकारी सेनाको सङ्ख्या घटाउने र एफएमएलएनको सेना भङ्ग गर्ने कुरा पनि यसमा थियो ।

यस क्रममा सबैभन्दा पहिले सेनाको नाम फेरेर प्रजातन्त्रका लागि राष्ट्रिय सेना बनाइयो । यसलाई सशस्त्र नागरिक प्रशासनको अधीनमा राखियो ।

सेनाको भूमिका देशको सीमा सुरक्षा गर्नेमा सीमित पारियो । यसलाई शान्ति सुरक्षाका कामबाट अलग राखियो । शान्ति सुरक्षाका लागि राष्ट्रिय जनपद प्रहरी गठन गरियो ।

सशस्त्र बलको सङ्ख्या ६५ हजारबाट घटाएर १२ हजार पारियो । युद्धका बेला मानव अधिकार उल्लङ्घनका लागि जिम्मेवार सशस्त्र बलका १०० जना जति उच्च पदस्थ अधिकारीलाई कारबाही गरियो ।

अर्धसैनिक संरचनाको अन्त्य गरियो । सेनाको अधीनमा रहेको र युद्धका बेलामा मानव अधिकार उल्लङ्घनका काममा मुछिएको राष्ट्रिय गुप्तचर विभाग भङ्ग गरियो । राष्ट्रपतिको अधीनमा रहने गरी नयाँ गुप्तचर विभाग गठन गरियो । युद्धकालमा भएका ज्यादतीहरूको अध्ययन गरी मेलमिलापको वातावरण तयार गर्न टथ एन्ड रिकन्सिलेसन कमिसन (तथ्य र मेलमिलाप आयोग) गठन गरियो । यसले दण्डहीनताको अन्त्य गर्ने वातावरण तयार गर्ने लक्ष्य राखेको थियो । सेनाका लागि मानवीय र वैज्ञानिक शिक्षाको व्यवस्था गरियो । बलपूर्वक भर्ती गर्ने कामको अन्त्य गरियो ।

एफएमएलएनका सबै सैन्य भङ्ग गरियो । यसका हतियार पनि नष्ट गरियो । यी सबै काम फेब्रुअरी १९९२ देखि डिसेम्बर १५, १९९२ का बीचमा गरियो ।

शान्ति सुरक्षा दोस्रो महत्त्वपूर्ण कुरा थियो । यसका लागि नयाँ जनपद प्रहरी गठन गरियो । यसले राजनीतिक विश्वासको वातावरण पैदा गऱ्यो ।

एफएमएलएनका लडाकूहरूलाई समाजमा पुनर्स्थापित गर्ने कुरा महत्त्वपूर्ण थियो । यो काम अरू महत्त्वपूर्ण विषयमा राजनीतिक सहमति भएपछि मात्र हुन सक्थ्यो ।

उनीहरूलाई समाजमा पुनर्स्थापित गराउनका लागि निम्न उपायहरू अपनाइए :

- सबै राजनीतिक बन्दीहरूको रिहा गरियो ।
- उनीहरूलाई नयाँ राजनीतिक दल गठन गर्न दिनका लागि नयाँ कानुन बनाइयो ।
- निर्वासनमा भएकाहरूलाई फिर्ता बोलाइयो ।
- एफएमएलएनका सञ्चारमाध्यमलाई लाइसेन्स दिइयो । उनीहरूले युद्धका बेलामा रेडियो स्टेसन चलाएका थिए । युद्धपछि यी रेडियोलाई उनीहरूले वैधानिक रेडियो बनाए ।
- उनीहरूले चुनाव प्रचारका लागि आम सञ्चारमाध्यममा समय किन्न सक्ने व्यवस्था गरियो । एफएमएलएनले यसको राम्रो उपयोग गऱ्यो ।
- शान्ति सम्झौताको प्रमाणीकरणसम्बन्धी आन्तरिक संयन्त्रमा एफएमएलएनलाई सहभागी बनाउने व्यवस्था गरियो ।
- एफएमएलएनका माथिल्ला तहका नेतालाई विशेष सुरक्षाको व्यवस्था गरियो ।

१९९२ र १९९३ मा एफएमएलएनले आफ्नो राजनैतिक घोषणपत्र र नियमावली पुनर्लेखन गऱ्यो । उनीहरूले आफ्ना उद्देश्यहरू आधारभूत रूपमा परिमार्जित गरे । एफएमएलएन युद्धकालमा भन्दा बिलकुलै नयाँ भयो । एफएमएलएन बहुलवादी, प्रजातान्त्रिक, क्रान्तिकारी, समाजवादी सङ्गठनमा फेरियो । एफएमएलएनले एल साल्भाडोरमा शान्ति प्रक्रिया सुदृढ गर्ने र प्रजातान्त्रिक क्रान्तिलाई बढावा दिने घोषणा गऱ्यो ।

एफएमएलएनले निर्वाचनका लागि प्रभावकारी संयन्त्र बनायो । झन्डै दुई वर्षमा ऊ दोस्रो ठूलो राजनीतिक शक्ति बन्यो । १९९४ मा हिंसा र धम्कीको डर भए पनि पहिलो राष्ट्रपतीय निर्वाचन, राष्ट्रिय विधायिकाको निर्वाचन र स्थानीय निकायको निर्वाचनमा एफएमएलएनले राम्रो मत ल्यायो ।

एफएमएलएनका पूर्व लडाकूहरूलाई प्रहरीमा भर्ना गरियो । १९९४ को निर्वाचनपछि उनीहरूका कार्यकर्ताहरूलाई नगरपालिका, सरकारका विभिन्न अङ्ग र राष्ट्रिय सभामा समावेश गरियो ।

एफएमएलएनले १९९२-९३ मा राजनीतिक हत्या बेहोर्नुपऱ्यो । यसमा उसले ६० जना कार्यकर्ता र तीन जना केन्द्रीय नेता गुमायो । यो हत्या अभियान सरकार वा सेनाले चलाएको थिएन । यो हत्या सशस्त्र र पुरातनपन्थी शक्तिले गरेको थियो । उनीहरू शान्ति प्रक्रिया भाँड्न चाहन्थे ।

नागरिक समाजको सहायता र अन्तर्राष्ट्रिय दबाबले गर्दा यस घटनाको छानबिन गरियो । १९९३ मा अन्तर्राष्ट्रिय विशेषज्ञ, प्रहरी र कानुनी विशेषज्ञले रिपोर्ट

तयार गरे जसले डेथ स्क्वायड भनिने यो ग्याङले एफएमएलएनका कार्यकर्ताको कसरी हत्या गरेको थियो भन्ने उल्लेख गऱ्यो । यो रिपोर्ट प्रकाशित भएपछि थप राजनीतिक हत्या भएन ।

अब म एल साल्भाडोरको शान्ति प्रक्रियामा राष्ट्रसङ्घको भूमिकाबारेमा कुरा गर्छु । शान्ति सम्झौताको पूर्ण पालना गराउने काममा राष्ट्रसङ्घको सक्रिय सहभागिता नभएको भए एल साल्भाडोरमा जति उपलब्धि हासिल गरिए ती हासिल हुने थिएनन् ।

साल्भाडोरको शान्ति प्रक्रियामा राष्ट्रसङ्घको भूमिकाप्रति साल्भाडोरका जनताले कृतज्ञता प्रकट गरेका छन् । राष्ट्रसङ्घले शान्ति प्रक्रियाका लागि स्रोतसाधन र प्राविधिक सहायता उपलब्ध गरायो । राष्ट्रसङ्घले राजनीतिक सम्झौताको पालना, चुनाव प्रणाली र मानव अधिकार क्षेत्रमा सुधारबाहेक युद्धविराम, सैनिक छुटचाउने काम, एफएमएलएनको सैनिक संरचना भङ्ग गर्ने काम आदिको निगरानी गऱ्यो । शान्ति सम्झौतामा उल्लेख भएको समय-तालिकाअनुसार काम भएको छ कि छैन भनेर हेर्ने काम पनि राष्ट्रसङ्घले गऱ्यो ।

एल साल्भाडोरमा राष्ट्रसङ्घका चारओटा विभागले काम गरेका थिए । सैनिक विभाग, पुलिस विभाग, मानव अधिकार विभाग र निर्वाचन विभाग । यी चारओटा औपचारिक विभागले गर्ने कामबाहेकका क्षेत्रमा पनि राष्ट्रसङ्घले भूमिका खेल्यो । शान्ति सम्झौतामा उल्लेख भएका काम कार्यान्वयन भएका छन् कि छैनन् भनेर हेर्ने आदि ।

मेरो प्रस्तुतिलाई सकेसम्म बृहत् र व्यावहारिक बनाउने कोसिस गरेको थिएँ । यसो गर्ने हुँदा प्रस्तुति अलिकति लामो भयो । मेरो प्रस्तुति सुनिदिएकोमा धन्यवाद ।

## प्रश्नोत्तर

### कनक दीक्षित

दुईओटा देशको परिस्थिति फरक हुन्छ, त्यहाँ अपनाउने तरिका पनि फरक हुन्छन् भन्ने कुरा विचार गर्दै अब हकिनको प्रस्तुतिसँग सम्बन्धित विषयमा छलफलका लागि अनुरोध गर्दछु । सबैभन्दा पहिले मै प्रश्न गर्छु ।

लडाकू बलको रूपान्तरण आजको मूल प्रश्न हो । एल साल्भाडोरको अनुभवले के देखाएको छ भने राष्ट्रिय सेनालाई नछोइकन विद्रोही सेनाको मात्र कुरा उठायो भने केही पनि गर्न सकिँदैन । हकिनले भनेअनुसार, राजनीतिक सेनामा आधारभूत सुधार नगरिकन विद्रोही सेना नागरिक जीवनमा प्रवेश गर्दैन् । उहाँले एल साल्भाडोरको सेना ६५ हजारबाट १२ हजारमा घटाएको, राष्ट्रिय सेनाको नाम बदलेको, सेनामाथि पूर्ण नियन्त्रण कायम भएको, सेनाको कामको पुनः परिभाषा गरिएको, शान्ति

सुरक्षाका लागि प्रहरी गठन गरिएको, एक सय जति सैनिक अधिकृतलाई कारबाही गरिएको र गुप्तचर विभागलाई सेनाबाट हटाएर राष्ट्रपतिको अधीनमा राखिएको कुरा बताउनुभयो ।

अमेरिकाले प्रशस्त स्रोतसाधन उपलब्ध गराएको सेनामा यस्तो सुधार गर्न कति गाह्रो भयो ?

**हकिन शाभेज**

यो काम एकदमै कठिन थियो । तर सम्झौताको अन्त्यतिर आइपुग्दा एफएमएलएन मात्रै होइन साल्भाडोरको सम्भ्रान्त वर्ग पनि सैनिक सुधार आवश्यक छ भन्ने कुरामा विश्वस्त भयो । केही सैनिक अधिकृतले पनि यो काम आवश्यक ठाने । यस काममा साल्भाडोरको समाजका विभिन्न क्षेत्रका मानिसहरू सक्रिय भए ।

**कृष्ण हाछेथु**

सेवाबाट हटाइएका राष्ट्रिय सेना र भङ्ग गरिएका विद्रोही सेनालाई के अवसर दिइयो ?

**हकिन शाभेज**

उनीहरूलाई राजनीतिक र नागरिक जीवनमा पुनर्स्थापित गराउनुपर्छ । यसका लागि सम्झौतामै निश्चित कार्यक्रम गर्ने भनेर उल्लेख गरिएको थियो । दुवैतिरका सिपाहीलाई जमिन दिइयो । उनीहरूका लागि सीपमूलक तालिम चलाइयो जसले उनीहरूले रोजगारीका विभिन्न अवसर पाउँथे । तर युद्धमा भाग लिएका धेरै मानिसहरूलाई यी कार्यक्रमले समेटेन । एल साल्भाडोरमा युद्धपछि सामाजिक हिंसा र अपराध बढे । यी अपराधमा लडाकू मात्रै जिम्मेवार छैनन् । तर यस्ता घटनामा उनीहरू पनि संलग्न पाइए ।

**सुरेश आले**

एल साल्भाडोरको सामाजिक संरचना कस्तो थियो ? एफएमएलएन माओवादी हो कि होइन ? शान्ति प्रक्रियामा बाह्य हस्तक्षेप विशेष गरी अमेरिकी हस्तक्षेप कस्तो रह्यो । यसलाई कसरी पन्छाइयो ?

**हकिन शाभेज**

युद्धअघि साल्भाडोरको समाज एकदमै ध्रुवीकरण भएको थियो । सानो मध्यमवर्गले युद्धमा सक्रिय रूपमा भाग लियो ।

साल्भाडोरमा माओत्सेतुङको त्यति प्रभाव थिएन । १९७० मा आफूलाई माओवादी भन्ने सानो समूह थियो । एफएमएलएन माओवादी सङ्गठन होइन ।

अमेरिकाको हस्तक्षेपका सन्दर्भमा एफएमएलएनले देशको भूराजनैतिक वास्तविकता स्वीकार्नुपऱ्यो । किनभने एल साल्भाडोरमा अमेरिकाको भूराजनैतिक चासो थियो । तर त्यो चासो न्यायोचित थियो कि थिएन भन्ने कुरा हामीले भन्ने होइन ।

### कनक दीक्षित

एफएमएलएन मार्क्सवादी-लेनिनवादी, समाजवादी-प्रजातन्त्रवादी र मुक्तिको धर्म सिद्धान्तबाट प्रेरित मानिसहरूको गठबन्धन थियो । यी विभिन्न विचारधारा भएका शक्तिलाई के कुराले एकाकार गराएको थियो ?

### हकिन शाभेज

उनीहरूबीच न्यूनतम राजनीतिक कार्यक्रममा सहमति थियो । उनीहरूले प्रजातान्त्रिक-क्रान्तिकारी सरकार बनाउन चाहेका थिए । १९८० को दशकको मध्यतिर यसमा सुधार गरेर आम राष्ट्रिय सहमतिको सरकार बनाउने लक्ष्य निर्धारण गरेका थिए ।

### विष्णु उप्रेती

मेलमिलापका काममा के-कस्ता कठिनाइ भोग्नुपऱ्यो ?

### हकिन शाभेज

शान्ति सम्झौतामा ट्रुथ एन्ड रिकन्सिलेसन कमिसन (तथ्य र मेलमिलाप आयोग) बनाउने प्रावधान थियो । यस आयोगले युद्धका बेलामा भएका मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान गऱ्यो र सुझाव प्रस्तुत गऱ्यो । साल्भाडोरमा के भएको थियो भन्ने कुरा पत्ता लागिसकेपछि मात्र मेलमिलपाको प्रक्रिया सुरु हुन्थ्यो ।

आयोगले केही कदमहरू सिफारिस गरेको थियो । कतिपय सुझावहरूमा दुवै पक्षको असहमति थियो । आयोगको एउटा सुझाव थियो – युद्धका बेलामा मानव अधिकार उल्लङ्घन गर्ने दुवै पक्षका मानिसलाई दस वर्षसम्म राजनीति गर्न रोक लगाउनुपर्ने । तर त्यसको कार्यान्वयन भएन ।

### कनक दीक्षित

एफएमएलएनले पनि युद्धका बेलामा मानव अधिकार उल्लङ्घन गरेको थियो कि राज्यको सेनाले मात्र ?

## हकिन शाभेज

एल साल्भाडोरमा ७० हजार मानिस मारिएका थिए। बाह्र हजार मान्छे बेपत्ता भएका थिए। पाँच लाख मानिस घर छाडेर अन्यत्र गएका थिए। तीमध्ये ९० प्रतिशत घटनामा राज्य जिम्मेवार थियो। झन्डै पाँच प्रतिशतका लागि एफएमएलएनलाई जिम्मेवार ठहराइएको थियो।

## कनक दीक्षित

एल सालभाडोरको जनसङ्ख्या हाल ६० लाख छ। युद्धका बेलामा ५० लाख थियो। त्यति थोरै जनसङ्ख्या भएको देशमा ७० हजार मानिस मारिएको, १२ हजार बेपत्ता पारिएको र पाँच लाखले घरबार छाड्नपरेको कुराले त्यहाँको युद्ध कति घातक रहेछ भन्ने देखाउँछ।

एल साल्भाडोर र नेपाल दुवै देशको शान्ति प्रक्रियामा सहयोग गर्न राष्ट्रसङ्घको सहयोग मागिएको छ। राष्ट्रसङ्घको सहभागिता सम्बन्धमा टेरिजा विटफिल्डलाई केही बताइदिन अनुरोध गर्दछु।

## टेरिजा विटफिल्ड

म युद्धका बेलामा एल साल्भाडोरमा पत्रकार थिएँ र युद्धका बेलामा त्यहाँका धेरै भागमा भ्रमण गरेकी थिएँ। त्यहाँ सम्झौता प्रक्रिया चलेका बेलामा युद्ध रोकिएको थिएन। राष्ट्रसङ्घ र अमेरिकाको सम्बन्ध निकै कठिन थियो। राष्ट्रसङ्घले एल साल्भाडोरमा काम गर्दा निष्पक्ष प्रमाणीकरण र अवलोकन गर्ने भूमिका निर्वाह गरेको थियो। यो धेरै कठिन काम थियो।

राष्ट्रसङ्घमा सबै पक्षबाट लगातार ठूलो दबाब आएको थियो। यो सकारात्मक पनि थियो। यसैको फलस्वरूप एफएमएलएन राजनीतिक शक्तिका रूपमा उदायो। नागरिक समाजले पनि राष्ट्रसङ्घबाट धेरै ठूलो आशा गरेको थियो। ती मागले राष्ट्रसङ्घलाई अघि बढ्न प्रेरित गरे।

सामाजिक र आर्थिक असमानता भोगेको र द्वन्द्वले पिल्सिएका जुनसुकै समाजमा पनि पुनर्स्थापनाको कुरा अप्ठ्यारो हुन्छ। त्यस्तै, सुरक्षा क्षेत्रको सुधार पनि एकदमै कठिन थियो। यो धेरै लामो प्रक्रिया हो।

# राज्यको पुनर्संरचना : सङ्घीयता

प्रमुख वक्ता

**कृष्ण खनाल**

टिप्पणीकर्ता

**अनिलकुमार झा**

**परि थापा**

**सीताराम तामाङ**

**सुरेन्द्र पाण्डे**

संयोजक

**हरि शर्मा**

## कृष्ण खनाल

सङ्घीयता, राज्यको पुनर्संरचनाको प्रमुख मुद्दाको रूपमा आएको छ। यसको माग अघि बढिसकेको छ। यसको फरक-फरक स्वरूपबारे बहस प्रारम्भ भइसकेको छ। अहिले नेपालमा सैद्धान्तिक आधारमा द्वन्द्व छ। सङ्घीयतामा प्रवेश गरेपछि स्रोतसाधनलाई लिएर द्वन्द्व सुरु हुन्छ।

अहिले नेपालमा भइरहेका सङ्घीयताका बहसमा तीन थरीका कुरा उठेका छन्। क्षेत्रका आधारमा सङ्घीय शासन, जातीयताका आधारमा सङ्घीय शासन र प्रदेशका आधारमा सङ्घीय शासन।

सङ्घीयता भनेको लेनदेनको कुरा हो। यसकारण आफूले भनेजस्तो वा एउटा सङ्घले भनेजस्तो गरी सङ्घीय शासन व्यवस्था स्थापना हुन सक्दैन। स्रोतसाधन, भौगोलिक अवस्थिति सबै आधारमा हेर्दा मधेसको मात्र एउटा सङ्घ हुन सक्दैन भन्ने मेरो मान्यता छ। मधेस, पहाड र हिमाल गरेर छुट्टै प्रान्त बनाउने हो भने त्यो सङ्घीयता हुनै सक्दैन।

समाज विकासका क्रममा जातिका आधारमा मुखियाहरूले शासन गरेका हुन्। आधुनिकीकरणसँगै र राज्यको विस्तार हुन थालेपछि सानो समूहमा मात्र बसेर सबै कुराहरूलाई समेट्न नसकिने हुनाले राज्यको उत्पत्ति भएको हो। यसकारण जातीय सङ्घीयताको सवाल पनि त्यति समय-सान्दर्भिक नहोला।

अहिले समाजका सबै समूहको पहिचान, प्रतिनिधित्व र पहुँच कसरी बढाउन सकिन्छ भनेर बहस भइरहेका छन्। यसलाई सङ्घीयतामार्फत अगाडि बढाउन सकिन्छ।

राजनीतिमा धेरै बढी प्रचारबाजी हुन्छन्। थोरै कुरा यथार्थ हुन्छन् जसलाई व्यवहारमा उतारिन्छ। पार्टी र नेताहरूले जे भन्छन् त्यसैलाई सत्य मान्नु हुँदैन। राजनीतिमा प्रचारबाजीको अत्यन्त अनिवार्य तत्त्व हो। प्रचारबाजीविना राजनीति चल्दैन। तर प्रचारबाजी देशको नीतिमा परिणत हुँदैन। प्रचार गरिएका थोरै चीज मात्र देशको नीतिमा परिणत हुन्छन्। आज हरेक पार्टीहरूले यो कुरा महसुस गर्ने बेला आएको छ।

कहिलेकाहीँ प्रचारबाजीले गलत ठाउँतिर लैजान्छ । त्यसकारण अहिले आत्मनिर्णयको अधिकार अभ्यास गर्ने बेला आएको छ । संविधानसभा सामूहिक रूपमा आत्मनिर्णयको अधिकार अभ्यास गर्ने थलो बन्न सक्दछ । भोलिको राज्यसंरचनाका बारेमा हामी त्यहाँ सम्झौता गर्छौं । हरेक समुदायले सम्झौता गर्छ । तर सम्झौता अस्तिको अन्तरिम संविधान मस्यौदा समिति बनेजस्तो नहोस् । सम्झौता गर्न नसकिने संविधानसभा बनायौँ भने अर्को दुर्भाग्य हुन्छ । संविधानसभालाई सम्झौता गर्न सकिने मञ्चका रूपमा तयार गर्नका लागि पार्टीहरू अहिलेदेखि नै तयार हुनुपर्दछ । हामीहरूले गर्ने छलफल र संवादले त्यसको वातावरण बनाइदिनुपर्दछ । आवेग, प्रतिक्रिया वा द्वेषबाट अलि माथि उठ्नुपर्छ । मान्छे हौँ, आवेग हुन्छ, प्रतिक्रिया पनि आउँछ । यसबाट हामी पूर्णतया मुक्त हुन सक्दैनौँ । तर त्योभन्दा माथि उठ्ने प्रयत्न गरौँ । सङ्घीय शासनका बारेमा तर्क र तथ्यमा आधारित छलफल चलाऊँ ।

नेपालको विकासका लागि सङ्घीय शासन व्यवस्था आवश्यक छ । विकेन्द्रीकरणको तर्क नै प्रजातन्त्र विरोधी हो । केन्द्रमा शक्ति छ, यसलाई तल लैजाने कुरा आजको दुनियाँमा भन्न मिल्छ ? यसपालिको आन्दोलनमा जनताले शक्ति हामीसँग छ भनेर त्यसलाई प्रयोग गरे । त्यसकारण नेपालको भूभागभित्र हामी नेपाली जहाँ हुन्छौँ अधिकार त्यहीँ हुन्छ । जनताले दिने अधिकार मात्र यहाँ सिंहदरबारमा आइपुग्दछ । केन्द्रमा आइपुग्दछ । त्यसो भएको हुनाले विकेन्द्रीकरण होइन सही अर्थमा स्वायत्त शासन एकाइ चाहियो । यस्ता एकाइ दसओटा हुन्छन् कि बाह्रओटा हुन्छन् ? नाम के राख्नुपर्छ ? म अहिले भन्न सक्दिनँ । एउटा समुदायको पहिचानसँग जोडेर नाम राख्दा अरूले नराम्रो महसुस गर्न सक्छन् । नामले पनि सबै मानिसलाई भावनात्मक रूपमा आकर्षित गर्छ । नामसँग आवेग जोडिएको हुन्छ । त्यसो हुँदा सबैको सहमति हुने, बढी निष्पक्ष नाम खोज्न सक्छौँ कि ? प्रकृति सबैका लागि समान होला । यस हिसाबमा पनि हेर्न सक्छौँ होला ।

विकासका हिसाबले पनि हेर्नुपर्छ । दुइटा-तीनओटा कारणले गर्दा । नेपालमा राज्यको पदाधिकारी जहाँ बस्छ, विकास त्यहीँ हुन्छ । आजभन्दा बीस वर्षअगाडिको काठमाडौँमा टेलिफोन नपुगेका ठाउँमा सचिव बस्न पुग्यो भने टेलिफोन पनि पुग्थ्यो । अहिले पनि सचिव बसेको ठाउँको बाटो पिच हुन्छ । सबैथोक पुग्छ । जिल्लाको निर्वाचन क्षेत्र पनि त्यसै गरी विकास भएको छ ।

नेपालको कुना, दुर्गम जिल्लाबाट राजनीति गर्ने मान्छे मुलुकको राजनीतिमा स्थापित नेताको रूपमा बस्ने हो भने उसको सारा ध्यान काठमाडौँमा घरजम जोड्ने हुन्छ । अनि विकेन्द्रीकरण कहाँ हुन्छ ? त्यसैले स्वायत्त सरकार आवश्यक हुन्छ । नेपालमा काठमाडौँजस्ता १० ओटा शहर बने भने अवसरहरूको विस्तार हुन्छ । अवसरहरू बढ्छन् । जनजाति र भाषाका कारणले मात्र होइन विकासका

कारणले पनि नेपालमा सङ्घीय शासन व्यवस्था चाहिन्छ ।

सङ्घीय शासन व्यवस्थाको कुरा गर्न हामीलाई अझै धेरै अध्ययनको खाँचो छ । सङ्घीय शासन प्रणाली अपनायौँ भने नेपाल टुक्रिन्छ भन्ने होइन । सङ्घीय शासन पद्धति अपनायौँ भने मधेश टुक्रिन्छ भन्ने गलत धारणा छ । त्यसो हो भने त, मधेसलाई हामीले नेपालको भुभाग नै मानेको रहेनछ । मधेसका जनतालाई हामीले पत्याएकै रहेनछौँ । उहाँहरूले टुक्रयाएर लैजानुहुन्छ ? मधेसमा अवसरहरू व्यापक भए भने उहाँहरूले पारि भारततिर हेर्दै हेर्नुहुन्न । सङ्घीय शासन पद्धतिले अवसर निर्माण गरिदिने बित्तिकै उहाँहरूको बफादारिता बढ्छ । आफ्नो सन्तान दरसन्तानसम्मको कल्याण यही भूभाग भित्र छ भन्ने भावना जागेर राज्यप्रतिको प्रतिवद्धता बढ्छ ।

हो, गलत ढङ्गबाट सङ्घीय संरचना बनायो भने देश टुक्रिन पनि सक्छ । धेरै कुरा विचार गरेर सङ्घीय संरचना तयार गर्ने हो भने देशको पुर्ननिर्माण र शान्ति प्रक्रियाको राम्रो जग तयार गर्न सक्छौँ ।

## हरि शर्मा

कृष्ण खनालले छलफल अगाडि बढाउनका लागि धेरै संवेदनशील कुराहरू राख्नुभएको छ । उहाँको प्रस्तुतिको परिधिभित्र रहेर छलफल गर्दा पनि डेढ घण्टामा नभ्याइन सक्छ । राज्यको पुन:संरचना गर्नेभन्दा सङ्घीय शासन व्यवस्था आवश्यक हो कि होइन भन्ने कुरा पनि निस्केको छ । अर्को सङ्घीय संरचनाको आधार के हुन सक्छ ? जनजातीयता हो कि क्षेत्रीयता हो कि भन्ने कुरा पनि आएको छ । जनसङ्ख्याको वितरणका कुराहरू पनि निस्केको छ । हाम्रो तयारी कस्तो किसिमको हुनुपर्छ ? सङ्घीय संरचनाले हाम्रो सबै सामाजिक समूह वा जनजातिका विषयलाई सम्बोधन गर्न सक्छ कि सक्दैन ? यी चुनौतीलाई कसरी सम्बोधन गर्ने भन्ने कुराहरू हेर्नुपर्छ । छलफल गर्दा यिनै कुरामा ध्यान दिन म अनुरोध गर्छु ।

अव म अनिलकुमार झा, परि थापा, सीताराम तामाङ, सुरेन्द्र पाण्डेलाई अहिले भएको प्रस्तुतिका बारेमा आफ्नो विचार राखिदिन अनुरोध गर्दछु । सबभन्दा पहिला अनिलकुमार झालाई आमन्त्रण गर्दछु ।

## अनिलकुमार झा

सबभन्दा पहिले म मधेसी समुदायको व्यक्ति भएका नाताले यहाँहरूलाई के विश्वास दिलाऊँ भने राजनीतिमा आउने मेरो इच्छै थिएन । मधेसमा राजनीति गर्नेलाई बिग्रिएको भनिन्छ । यसर्थ राजनीति नगर्ने परिवार, राजनीति नगर्ने संस्कृति भएको मधेसमा राजनीति गर्न अत्यन्त गाह्रो रहेछ । म यहाँहरूलाई के पनि भनौँ भने

मधेसीहरू राष्ट्रवादी हुन्छन् कि हुँदैनन् भन्ने कुराको बारेमा त मलाई थाहा छैन । त्यो त अर्काले थर्मामिटर लगाएर जाँच्ने हो । तर म एउटा घटनाबारेमा बताउँछु । म मधेसको एउटा गाउँमा गएको थिएँ । त्यहाँको आधा गाउँ नेपालमा र आधा गाउँ भारतमा परेको रहेछ । त्यस बेला जमिन्दारहरूले जसले नेपालमा बस्छु भन्यो त्यसको घर नेपालतिर पारिदियो जसले भारततिर बस्छु भन्यो त्यसको घर भारत पारिदियो रे । अर्थात् नेपालमा बसेका मधेसीहरू यतै बस्छु भनेर नै बसेका हुन् । कसैले भयङ्कर युद्ध जितेर तिनीहरूलाई मिलाएको होइन ।

म गत हप्ता मधेसमा भएको एउटा घटनासँग जोड्न चाहन्छु । गत हप्ता कृष्णचरण श्रेष्ठको हत्या भयो । जनतान्त्रिक तराई मुक्ति मोर्चाले त्यसको जिम्मा लियो रे भनेर सुनियो । हो कि होइन त्यो जयकृष्णजीसँग कुरा भयो भने सोधौँला । कृष्णचरण श्रेष्ठ मारिँदा दुई जना मधेसी पनि सँगै मारिए । कृष्णचरण श्रेष्ठलाई मार्नेहरूको प्रतिकार गर्दा उनीहरू मारिए ।

मधेसमा अहिले ८७ ओटा संसदीय क्षेत्र छन् । त्यसमध्ये ४७ जना पहाडियाले मधेसीलाई प्रतिनिधित्व गर्नुहुन्छ । माधवकुमार नेपाल सांसद भएको क्षेत्रमा पहाडियाको मत एक सय पनि छैन होला । भए पनि एक सय/दुई सय होला । मलाई यकिन थाहा छैन । अत्यन्त थोरै छ । तर उहाँलाई भयङ्कर मतले जिताइयो । त्यसर्थ मलाई के लाग्छ भने मधेसीहरूले हामी राष्ट्रवादी हौँ भन्ने पटक-पटक अग्निपरीक्षा दिइराख्नुपर्दैन । गजेन्द्रनारायण सिंहको साथमा लागेर राजनीति गरेको मान्छे म । उहाँ जहिले पनि के भन्नुहुन्थ्यो भने हामीलाई नेपालका कुनै पनि नागरिकले भोगेभन्दा एक इन्च पनि बढ्ता अधिकार चाहिएको छैन । तर हामी पनि नेपाली भएकाले, जनक र बुद्धका देशका नागरिक भएकाले हामीलाई बराबरीको अधिकार चाहिन्छ ।

प्रचण्डले बन्दुक चलाउन सिकाइदिएपछि अनि रातारात उनलाई कू गरिदिएपछि जयकृष्ण गोइतले देश मागेका छन् । किनभने प्रान्त माग्ने त प्रचण्डजी आफैँ हुनुहुन्छ । टुक्रिएपछि झन् क्रान्तिकारी कुरा गर्नुपर्ने हुन्छ । क्रान्तिकारी हुनुपर्दा देश नै मागेको हो कि जस्तो लागेको छ । तर त्यो आम मधेसीको प्रतिनिधित्व त्यहाँबाट हुन्छ कि हुदैन मलाई थाहा छैन । तर मधेसीहरू अत्यन्त राष्ट्रवादी हुन्छन् । हामीले एकीकृत नेपालभित्र मधेसीको वा व्यक्तिगत रूपमा कुनै व्यक्तिको पहिचानको अपेक्षा राखेका छौँ । यति सफाइ दिनैपर्ने भयो ।

मधेसका लागि हामीले रगत त बगाएका छैनौँ किनभने हामी रक्तपातपूर्ण आन्दोलनमा विश्वासै गर्दैनौँ । तर पसिना बगाएका छौँ । मधेसीको अधिकारका लागि पसिना बगाएका छौँ । हामीले पसिना बगाएकाले मधेसको संरचना कस्तो हुनुपर्छ भन्ने निर्धारण गर्ने जिम्मा हामीले पाउनुपर्छ । लिम्बूवान बनाउने कि

नबनाउने ? खुम्बुवान बनाउने कि नबनाउने ? काठमाडौँको नेपाल उपत्यकालाई के बनाउने ? भन्ने विषयमा हामी धेरै कमेन्ट गर्दैनौँ। किनभने पार्टीका प्रत्येक दस्तावेजमा मधेसी समुदाय र पहाडका जनजाति भनेर लेख्ने गरेका भए पनि पहाडका जनजाति वा दलित वा अन्य समुदायका लागि हामीले अलिकति पनि काम गरेका छैनौँ। त्यसैले, त्यसका बारेमा प्रतिक्रिया दिनु उचित हुँदैन। तसर्थ पहाडमा कति प्रान्त बनाउने, के बनाउने भन्ने कुरा त्यहीँ बसोबास गरिरहेका भूमिपुत्रहरूको हो भने मधेसलाई कसरी पुनर्संरचना गर्ने भन्ने मूल जिम्मा हाम्रो हुनुपर्दछ भन्ने हाम्रो दाबी हो। हामी मधेसवादी सङ्गठन, राजनीतिक दल सबैले एक मधेसको परिकल्पना गरेका छौँ। मधेसलाई भौगोलिक रूपले विभाजित गर्दा पनि एउटै क्षेत्र हो। सांस्कृतिक रूपले विभाजन गर्दा पनि एउटै क्षेत्र हो किनभने मधेस एउटै संस्कृतिमा बाँधिएको छ। माघ १ गतेलाई कसैले माघी भन्छ भने कसैले त्यसलाई मकर सङ्क्रान्ति भन्छ। कसैले तीला सङ्क्रान्ति भन्छ। कसैले खिचडी भन्छ। तर त्यो एउटै कुरा हो। त्यसैले मधेसलाई एउटै मधेस रहन दिनुपर्दछ।

अब बाँकी रह्यो एउटा देशलाई कतिओटा सङ्घीय प्रान्तमा बाँड्ने, सङ्घीय प्रान्तलाई कति अधिकार दिने यी कुराहरूमा सम्झौता गर्न सकिन्छ। मधेसभित्र वा कुनै पनि प्रान्तभित्र अरू स्वायत्त प्रदेशहरू निर्माण गर्ने कुराहरू हुन सक्छन्। आत्मनिर्णयको अधिकार पाइन्छ भने त्यो राम्रो हो। तर सद्भावना पार्टीले त्यो माग गरेको छैन। हामी सङ्घीय शासनको कुरा गर्छौँ, त्यसमा प्रान्तीय शासनको कुरा गर्छौँ, एक मधेसको कुरा गर्छौँ। कुनै खास जातिका हिसाबले बनाउन उचित हुन्छ हुँदैन त्यसमा धेरै कमेन्ट नगरौँ। जातिको नाउँमा नबनाएर अरूकै नाममा बनाइयो भने त्यो राम्रै हुन्छ। यस्तै हुनुपर्छ भन्ने हाम्रो अडान छैन। प्रोफेसर खनालसँग बाँकी कुरामा सहमत छु।

## सीताराम तामाङ

हामी जनजातिहरूले खास गरी मैले सङ्घीय शासन व्यवस्थाको कुरा २०३०/३२ सालदेखि उठाउँदा र किताब लेख्दा मैले जेल पनि भोगेँ, साम्प्रदायिक भनेर कुटाइ पनि खाएँ। तर प्रोफेसर खनाल जस्ता व्यक्तित्वहरूले उठाएपछि यो कुरा राष्ट्रिय बहसमा आएको छ। हामीले जुन किसिमले यो मुद्दा उठाइआएका थियौँ त्यसलाई भने यसले अलिकति अन्यत्र मोडिदिएको पनि छ। तर मधेसको मामलामा मधेसलाई मात्रै निर्णय गर्नुपर्दछ, जनजातिको मामलामा जनजातिले मात्रै निर्णय गर्नुपर्दछ भन्ने हाम्रो दृष्टिकोण होइन। यो राज्य सबैको हो। यो राष्ट्रलाई कायम राख्न सङ्घीय शासनमा जान सबैले, सबैका क्षेत्रमा बहस गर्न सक्यौँ भने पहाडियाले पनि मधेसलाई मेरो देश हो भन्न सक्छ, मधेसीले पनि पहाडलाई मेरो देश हो

भन्न सक्छ । मधेसका विषयमा हामीले पनि बोल्न पाउनुपर्दछ । मधेसीले पनि हाम्रो विषयमा अध्ययन गर्नुपर्दछ । पहाडको विषयमा मधेसीले अध्ययनै नगर्ने भने त्यो राजनीतिज्ञ हुन सक्दैन जस्तो लाग्दछ ।

जातीय र भाषाको सर्वेक्षण नभएकाले हामीले मुलुकलाई कसरी, कता लैजाने भन्ने कुरा भन्न गाह्रो छ भनिन्छ । हाम्रो पहिलो माग नै के छ भने मुलुकमा जाति र भाषाको सर्वे हुनुपर्दछ । हामीले उहिलेदेखि भन्दै आएको यही हो । जनगणनाबाट प्राप्त तथ्याङ्कले पूर्ण तस्बिर देखाउँदैन । त्यसैले नेपालमा कति जाति छ, कति भाषा छ भन्ने कुराको निर्क्योल तुरुन्त गर्नुपर्छ । त्यस टोलीमा भूगोलविद् चाहिन्छ कि, समाजशास्त्री चाहिन्छ कि मानवशास्त्री चाहिन्छ कि, इतिहासविद् चाहिन्छ कि, भाषाशास्त्री चाहिन्छ त्यो राख्नुपर्छ ।

२०६२ र ६३ को आन्दोलनले हामीलाई तीनओटा जनादेश दिएको छ । एउटा हो शान्ति स्थापना । अर्को राज्यको पुनर्संरचना र तेस्रोचाहिँ गणतन्त्र । राज्यको पुनर्संरचना मधेसीहरू र जनजातिहरूले चाहेको हो । किनभने राज्यको शक्तिले यिनीहरूमाथि युगौंदेखि दमन गर्दै आएको छ । हामीलाई हाम्रो राज्य खोइ भन्ने अनुभूति पहिलेदेखि नै भइरह्यो । त्यसो भएकाले हामीले यो राज्यको पुनर्संरचना हुनुपर्दछ भन्ने कुरा धेरै पहिला बुझ्यौँ । इतिहास पढ्यौँ र हामीले भोग्यौँ । नेपाली नजानेका कारणले म शाखा अधिकृत हुन सकिनँ भन्ने कुरा जब मैले अनुभव गरेँ त्यसपछि मेरो भाषामा शाखा अधिकृत हुने ठाउँ कहाँ हो भनेर म राष्ट्र बैङ्कको अफिसर हुन पुगेँ । त्यहाँ नेपाली चाहिँदैन थियो । अङ्ग्रेजी बोल्दा हुन्थ्यो । तर लोकसेवा आयोगमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा भनेपछि म तामाङको भाषा कहाँ प्रयोग हुने ? २०२८ सालमा अर्थशास्त्रमा एमए गरेदेखि अहिलेसम्म म त्यही खोजीमा छु । मैले राज्यको पुनर्संरचना यहीँनेर हेरेको छु । नेवारी भाषा पहिला त त्यो नेपाली भाषा थियो, नेपालभाषा अहिले । नेपाली अर्कै भएको छ । त्योचाहिँ नेवारमा परिणत भएको छ । त्यो भाषाले, मैथिली भाषाले शाखा अधिकृत हुने ठाउँ कहाँ हो ? अहिले मैले राज्यको पुनर्संरचना त्यसैमा हेरेको छु ।

खनालले ठिकै भन्नुभयो पहिला हामीलाई सङ्घीयताको कुरा थाहा थिएन । पहिले हामीले स्वायत्तताको मात्रै कुरा उठाएका थियौँ । यसलाई सङ्घीयतामा लैजानुपर्छ भन्ने कुरा पछि आयो । हामीले पनि स्वीकार गर्‍यौँ । सङ्घीयतामा लाने तीनओटा कुरा छन् । एउटा अहिले भइरहेकालाई नै विकेन्द्रीकरण मात्रै गर्ने । अर्को, प्रान्त-प्रान्तमा बाँड्ने तर जातिलाई आधार नबनाउने । अर्को, जातिगत आधारमा छुट्याउने । जातिलाई आधार बनाउँदा देश टुक्रिन्छ भनेर ठूलो डर देखाउने गरिएको छ । तर कुरो त्यसो होइन । अहिले तामाङ भाषामा रेडियो कार्यक्रम, तामाङ भाषामा स्कुल,

कलेज, विश्वविद्यालय चल्ने, तामाङ भाषामा अधिकृत हुने, तामाङ भाषामा राज्य चल्ने भन्ने कुरा नेपालमा सम्भव छ कि छैन ? हामीले खोजेको यो हो। तर हामीले तामाङहरूको मात्रै राज्य हुनुपर्दछ भनेको छैन।

हामीले जाति, भाषा र संस्कृतिलाई आधार मानेर राज्यको पुनर्संरचना गरिनुपर्दछ, सङ्घीय शासनमा ढाल्नुपर्दछ भनेका छौँ। तामाङ स्वायत्त प्रदेशभित्र अरू जातिहरू पनि छन्। तिनीहरूको पनि समानुपातिक प्रतिनिधित्व हुनपर्दछ। त्यही भएर चुनावलाई पनि हामीले समानुपातिक प्रतिनिधित्वको हुनुपर्छ भनेका छौँ। त्यो चुनावले तामाङ प्रदेशमा तामाङ ३५ प्रतिशत र खस जाति ३० प्रतिशत छ भने समानुपातिक प्रतिनिधित्व त्यहाँ पाउँछ। त्यहाँ पनि साना-साना क्षेत्रमा अरू जातिहरू छन् भने तिनले पनि त्यो इलाकामा स्वशासन पाउँछन् – जिल्ला स्तरको, गाविस स्तरको, नगरपालिका स्तरको। त्यो तामाङहरूको मात्रै राज्य हुने होइन तर उनीहरूले त्यहाँ अग्राधिकार पाउँछन्।

संयुक्त राष्ट्रसङ्घले आदिवासीहरूलाई हरेक ठाउँमा अग्राधिकार दिलाउँदै आएको छ। पहिला उनीहरूको भूमि हुनाले त्यसमाथि उनीहरूको अग्राधिकार हुनुपर्दछ। त्यसो भयो भने मात्रै उनीहरूको भाषा, संस्कृति, धर्म र परम्पराले शासन गर्न सक्छ। तामाङ प्रदेशमा तामाङ भाषा प्रमुख भाषा हुन्छ। अरू भाषामा पनि पढाइ हुन्छ। खस भाषा हुन सक्ला। मैथिल प्रान्तमा मैथिली भाषा प्रमुख हुन सक्छ। खस भाषा राज्यको भाषाका हिसाबले दोस्रो भाषा हुन सक्ला। अङ्ग्रेजी तेस्रो हुन सक्ला। जाति र संस्कृतिलाई आधार मानेर राज्य संरचना गर्दा मुलुक बिग्रदैन।

अहिले मिथिला क्षेत्रलाई दुई भागमा बाँडिदिएको छ। तामाङ बस्तीलाई गण्डकी र वाग्मतीमा पारिएको छ। हामी हाम्रो क्षेत्र एकै ठाउँ रहोस् भन्ने चाहन्छौँ। खसान कति हो त्यो एक ठाउँ रहोस्। किराँतहरूको पनि त्यस्तै एकै ठाउँ रहोस्।

## पद्म रत्न तुलाधर

लोकतन्त्रमा पूर्वाग्रह राख्न पाइन्छ। तर मेरो पूर्वाग्रह यो हो भनेर भन्नुपर्छ। पूर्वाग्रहलाई मापदण्ड बनाउन मिल्दैन। आग्रहहरू आ-आफ्ना हुन्छन्। आफ्ना आग्रहहरू आफूलाई उत्तम लाग्न सक्छन्। तर सबैका लागि त्यो सर्वोत्तम हुन सक्दैन। सर्वोत्तम विकल्प निकाल्नका लागि यस प्रकारका छलफलहरू चाहिन्छन्।

नेपालमा काङ्ग्रेस र कम्युनिस्ट गरी दुईओटा राजनीतिक विचारधारा छन्। यी दुवै पार्टीहरूले देशमा एउटा व्यवस्था लागू गर्ने भन्छन्, पार्टीमा अर्कै व्यवस्था लागू गर्दछन्। काङ्ग्रेसले पार्टीमा राष्ट्रपतिको शासन लागू गर्दछ, देशमा संसदीय बहुदलीय लोकतन्त्र ल्याउने भन्छ। कम्युनिस्टहरूले चाहिँ सामूहिक नेतृत्व भन्छन्

तर प्यानल सिस्टम लागू गर्दछन्। त्यसलाई नराम्रो भाषामा ग्याङ भन्दा हुन्छ। असङ्गितहरू छन्। देशमा जे ल्याउने हो, पार्टीभित्र पनि त्यही ल्याऊँ न। अनि त्यसपछि मेल हुन्छ।

म अर्थशास्त्री होइन, भाषाको विद्यार्थी हुँ। मान्छे जे हुन खोज्छ त्यो हुन नपाउने रहेछ। एउटा हुन खोज्छ अर्को हुन्छ। राजनीतिमा कि आत्मसमर्पण गर्नुपर्ने रहेछ कि अघि बढ्नुपर्ने रहेछ। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका बेलामा मलाई राज्य विरुद्धको अपराध लागेको थियो। सुरुमा के गरेका थियौँ भन्ने कुरा त्यति थाहा थिएन। स्वशासन-स्वशासन भन्थ्यौँ, तर राज्यको पुनर्संरचनामा लागेका रहेछौँ भन्ने बल्ल थाहा पाएँ।

अहिलेको विश्वमा २० प्रतिशत मान्छेहरूको हातमा ८० प्रतिशत स्रोतसाधन रहेछ। ८० प्रतिशतको हातमा चाहिँ २० प्रतिशत मात्र स्रोतसाधन रहेछ। अमेरिकामा पनि त्यही हो। यहाँ पनि त्यही हो। अलिअलि फरक मात्र हो। त्यहाँको मजदुरले थ्री पिसमा टाई बाँधन सक्छ। पाँचतारे होटलमा गएर खान सक्छ। कार चढ्न सक्छ। मोबाइल लिन सक्छ। फल्याटमा बस्न सक्छ। तीस वर्षपछि घर किन्न सक्छ। छ वर्षपछि कार किन्न सक्छ। त्यो अलग कुरा हो। सीमित राजनीतिक ठालुहरूले स्रोतसाधन कब्जा गरेको हुनाले त्यसो भएको हो। राजाको हातमा शासन जाँदा दरबारको भत्ता कति प्रतिशतले बढ्यो भन्ने कुरो हामीले देख्यौँ।

आत्मनिर्णय र जातिहरूको अथवा राष्ट्रहरूको आत्मनिर्णयको कुरालाई छुट्याउनुपर्छ भन्ने लाग्छ। आत्मनिर्णयको कुरो व्यक्तिमा लागू हुन्छ। के खाने, के लगाउने, कुन भाषा बोल्ने, कुन धर्म मान्ने, कुन संस्कृति मान्ने, कहाँ गएर बस्ने भन्ने कुरो उसको अधिकारको कुरो हो।

जहाँसम्म जातिहरूको अथवा राष्ट्रहरूको आत्मनिर्णयको अधिकारको कुरा छ त्यो छुट्टिन पाउने अधिकार हो। मलाई के लाग्छ भने नेपालमा कुनै पनि जातिहरूले राष्ट्रका रूपमा विकास गरेका छैनन्। त्यसो भएको हुनाले अहिले हामी त्यो दिशामा सोच्न सक्दैनौँ। भोलि सकिएला, भविष्यमा के हुन्छ त्यो हामीले भन्न सक्दैनौँ।

अहिलेसम्म हामीकहाँ राज्यको सत्व जनहितैषी भएन, जनविद्वेषी भयो। राज्यले जनतालाई केही दिन सकेन र जनताले पनि राज्यको तर्फबाट केही आश गरेन। त्यही भएर यो राज्य यति निरीह भएको छ कि यसले जनताबाट कूत उठाउन पनि सक्दैन, राजस्व उठाउन पनि सक्दैन। त्यसो भएको हुनाले यस प्रकारको राज्यको पुनर्संरचना हुन आवश्यक छ। किन आवश्यक छ भने यो राज्यको संरचना आफैँ हिंसा भड्काउने खालको छ। त्यसलाई द्वन्द्वविद्हरूले संरचनागत हिंसा भन्दा रहेछन्।

म उदाहरण दिन चाहन्छु । सगरमाथा अञ्चल संसारको सबैभन्दा अग्लो चुचुरोदेखि लिएर बिहारको बोर्डरसम्म फैलिएको छ । तर सगरमाथा अञ्चलको अञ्चल अस्पताल बिहारको बोर्डरको नजिक सप्तरीको राजविराजमा राखिएको छ । भारत, बिहारका मान्छेले त्यहाँ आएर त्यो अस्पतालको उपभोग गर्न सक्छन् । तर स्याङ्बोचेको सेर्पा दोचा र बक्खु लगाएर त्यहाँ झर्न सक्दैन । उसलाई औलो लाग्छ । मधेसका मानिसलाई लेक जाँदा सास फेर्न गाह्रो भएजस्तो हिमालका मान्छे उपचार गर्न मधेस झऱ्यो भने उसले आँखा पनि देख्दैन, कान पनि सुन्दैन ।

अर्को कुरो, नेपालजस्तो देशलाई अहिलेसम्म राष्ट्र-राज्य अथवा जातिको राज्यको रूपमा विकास गर्न खोजियो । तर यहाँ कुनै पनि जाति बहुसङ्ख्यामा छैन । सबैभन्दा धेरै भनेको छेत्रीहरू हुन् जो १५ प्रतिशत छन् । ठकुरी पनि मिसाइदिँदा १८ प्रतिशत हुन्छ । जनजातिहरूमा सबैभन्दा धेरै भनेको मगरहरू हुन् जो नौ प्रतिशत जति छन् । त्यसो भएको हुनाले राष्ट्र-राज्यको विकल्प राज्य-राष्ट्र हो । राज्य आफैँ राष्ट्र हुनुपऱ्यो । जनताले यो राज्य मेरो हो भनेर भन्न सक्नुपऱ्यो । विश्वका अरू देशमा पनि त्यस्तै देखिएको छ । भाषा आदिको कुरा त्यति समस्याको कुरा होइन । रोमान्टिसिजम पढाउँदा अभि सुवेदी सरले पपुवा न्युगिनीको कुरा गर्नुहुन्थ्यो । विश्वमा अहिले छ हजार भाषा बोलिन्छ । त्यसमध्ये ६०० भााषा पपुवा न्युगिनीमा बोलिन्छ । मान्छेहरू बसाइँ सरेर गए । धेरै भाषा भए । त्यहाँ हरेक मातृभाषा हरेक ठाउँमा औपचारिक भाषा छ । तर सम्पर्क भाषाचाहिँ अङ्ग्रेजी राखेर समस्या समाधान गरियो । मेसेडोनियमा बसेका अल्वानियाहरूले स्वशासन मागे तर राज्यले के भन्यो भने तिमीहरू छरिएर बसेका छौ, तिमीहरूको राज्य स्वशासन हुने खालको छैन । तिमीहरूको भाषालाई राज्यले औपचारिक भाषाको मान्यता दिन्छ । तिमीहरूलाई मञ्जुर छ भन्दा उनीहरूले काइदा हुन्छ भने । त्यति भए त यो राज्य हाम्रो भइहाल्यो नि भनेर उनीहरूले माने । मुख्य कुरा राज्य जनताको हितैषी हुनुपऱ्यो ।

संसारमा एकात्मक र सङ्घात्मक व्यवस्था छन् । हाम्रो देशमा चाहिँ अहिले अर्धसङ्घात्मक व्यवस्था लागू गर्न सकिन्छ भन्ने लाग्छ । जातीय/क्षेत्रीय स्वशासनका आधारमा अथवा प्रादेशिक स्वशासनको आधारमा लागू गर्न सकिन्छ । तर एकात्मक व्यवस्था नराम्रो भनेको होइन । एकात्मक व्यवस्था भएको बेलायतमा स्किटिस पाउन्ड, आयरिस पाउन्ड र स्टर्लिङ पाउन्ड गरी तीनओटा मुद्रा चल्छन् । त्यहाँ तीन-चारओटा संसद छन् । स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक क्षेत्रमा राज्यले जिम्मा लिएको छ । सङ्घीय शासनभन्दा कम छैन । तीनओटा पैसा चल्ने देश कहाँ छ संसारमा भन्नुहोस् त ?

हामीले स्वशासनका कुरा गर्दा पाँचओटा आधार लिनुपर्ला भन्ने लाग्दछ ।

जनसङ्ख्या, स्थानीय भूगोल तथा भौगोलिक अनुकूलता, भाषिक समूह, आर्थिक अन्तरसम्बन्ध र अन्त्यमा सामुदायिक/सांस्कृतिक बनावट । हाम्रो जस्तो देशमा तत्कालका लागि अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय सुरक्षा र मौद्रिक नीति यी तीनओटा कुराबाहेक अरू अधिकार स्वायत्त क्षेत्रलाई दिनुपर्छ । ती स्वायत्त क्षेत्रहरूले मातृभाषामा शिक्षादिक्षा हासिल गर्न पाउनुपर्छ र मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउन पाउनुपर्छ । हामी कहाँ पर्‍यौँ भनेर चिन्ता गर्नुपर्ने कुरा छैन । कुनै ठाउँमा कुनै जातिको स्वशासन नै भयो भने त्यहाँका अन्य जातिहरूलाई आफ्नो जातिको स्वशासित क्षेत्रप्रति आकर्षित हुने अधिकार पनि दिनुपर्दछ । ऊ त्यहाँ आएर पनि बस्न पाउने र ऊ अन्यत्रै बस्न जान पनि पाउने ।

हामीले एउटा निष्कर्ष निकाल्न सक्छौँ तर गम्भीर छलफल आवश्यक पर्दछ । नेपालको राजनीतिमा छलफलको संस्कृति बल्ल सुरु भएको छ । हुकुम प्रमाङ्गीबाट, निर्देशनबाट चल्ने देश हो यो । पहिला त हामीले संस्कार नै फेर्नुपर्छ । असफल हुने भन्ने कुरा होइन । आजभन्दा पन्ध्र-बीस वर्ष पहिले यस्तै काम गर्दा राज्य विरुद्धको अपराध खेप्नुपर्‍यो । आज यहाँ त्यस्तो अपराध लगाउन कोही आउँदैन । दिन आउने रहेछ भन्ने कुरामा म ढुक्क छु ।

## सुरेन्द्र पाण्डे

राज्यलाई सङ्घीयतामा आधारित पुनर्संरचना गर्ने भन्ने कुरा हाम्रो पार्टीले पनि भनेको छ । तर सङ्घीयतामा जानुपर्दछ भन्नुको अर्थ एकात्मक राज्य खराब भन्ने होइन । किनभने कैयौँ एकात्मक राज्यहरूले अत्यन्त उच्चस्तरको प्रजातान्त्रिक अभ्यास गरेका छन् । शक्तिको विकेन्द्रीकरण गरेका छन् । अर्कातिर भारतको जस्तो सङ्घीय राज्यमा राज्यसभा र राज्य सरकारलाई केन्द्र सरकारले कुनै पनि क्षण विघटन गर्न सक्छ । त्यसो हुनाले भारत बाहिर हेर्दा सङ्घीय राज्यजस्तो देखिए पनि सारमा एकात्मक राज्य हो । त्यसले सङ्घीय राज्यको धारणाबमोजिम राज्यलाई अधिकार प्रदान गरेको छैन । त्यसो हुनाले सङ्घीय भन्ने नाम दिनेबित्तिकै ज्यादा राम्रो हुन्छ भन्ने र एकात्मक भन्नेबित्तिकै दमनकारी हुन्छ भन्ने होइन ।

राज्यको सङ्घीयता तलबाट विकसित हुने गर्दछ । अमेरिकन र स्वीसको मोडलको सङ्घीयता यो तिम्रो राज्य हो भनेर कसैले काटिदिएको होइन । आफैँ विकसित भएका राज्यलाई उनीहरूले मान्यता दिए । अमेरिकामा पहिले १३ ओटा राज्य थिए । उनीहरू बसेर संयुक्त राज्य अमेरिका बनाउँछौँ भनेर सहमति गरे । स्वीट्जरल्यान्डमा क्यान्टनहरू थिए । उनीहरू बसेर संयुक्त राज्य बनाउने विषयमा सहमति गरे । तर हामीचाहिँ कुन राज्य कसलाई दिने भनेर कुरा गर्दैछौँ । त्यसका बारेमा बल्ल छलफल गर्दैछौँ ।

हाम्रो देशमा केही क्षेत्रमा जातीय बसोबासका सघन क्षेत्रहरू निःसन्देह छन्। त्यो हाम्रो विशेषता हो। तर हाम्रो बसाइँसराइ र अवस्थितिमा आएको परिवर्तनले कस्तो अवस्था सिर्जना गरेको छ भने जसरी पुनर्संरचना गरे पनि एउटा जातिको बहुमत हुने देखिँदैन। जसरी काटे पनि त्यो बहुजातीय र बहुभाषिक नै हुन्छ। त्यसो हुनाले पुनर्संरचनाको आधार बहुजातीय र बहुभाषिक हुन्छ भन्ने कुरा स्वीकार गर्नुपर्दछ।

नेपालको तथ्याङ्क हेर्दा नौओटा जिल्लामा छेत्रीको बहुमत रहेछ। छेत्री, बाहुन, सन्यासी, ठकुरी जोडचो भने १८ जिल्लामा बहुमत हुँदो रहेछ। यिनीहरू ७५ मध्ये ४८ जिल्लामा सबैभन्दा ठूलो समूहमा पर्छन्। दलितहरूलाई पनि यही समूहमा राख्यो भने यो समूह ५५ जिल्लामा सबैभन्दा ठूलो समूह हुन्छ। गुरुङ एक, तामाङ एक, मगर एक, नेवार एक, थारू एक जिल्लामा सबैभन्दा ठूलो समूह हुने रहेछ।

त्यसो भएको हुनाले हामीले अरू कुनै देशले अपनाएको मोडलको नक्कल गर्न मिल्दैन। प्रतिनिधित्व र भूगोल यी दुईओटा कुरालाई सँगसँगै राखिएन भने राज्यको पुनर्संरचना अधुरो हुन्छ। निश्चित ठाउँमा घनत्व भएका जनजातिले त मलाई यो ठाउँ चाहियो भनिरहेका छन्। तर कुनै एउटा जनजातिको भन्दा धेरै (१३ प्रतिशत) जनसङ्ख्या भएका दलितको कुनै भूभाग छैन। उसलाई कुन ठाउँ दिने? तीन हजार मत ल्याएर मनाङबाट एक जना गुरुङले जित्छ। तर ३० लाख मत भएका दलितले प्रतिनिधिसभामा एक जना पनि सदस्य निर्वाचित गर्न नसक्ने हो भने त्यो प्रणाली हामीलाई मञ्जुर छैन भनिरहेका छन दलितले। यो गम्भीर प्रश्न हो कि होइन? महिलाहरूको प्रतिनिधित्वको कुरा पनि त्यस्तै छ। यो पक्ष अलिकति ओझेलमा परेको छ।

मधेसको एउटै भावना छ भनेर भनिन्छ। तर उही भावना भएका धेरै राज्य हुन्छन् कि हुदैनन्? भाषा एउटा हुनाले एउटा राज्य हुन्छ भन्ने कुरा गरिन्छ। तर दुनियाँमा यो कुरा सत्य देखिदैन। जर्मनीमा एउटै भाषा जर्मनी छ। तर त्यहाँ राज्य सङ्घीय छ। त्यसो हुनाले तराई एउटा भौगोलिक, सांस्कृतिक क्षेत्र हुनेबित्तिकै एउटा राज्य हुन्छ भन्ने देखिदैन। त्यहाँ पनि बहुजातिय र बहुभाषिक विशेषताहरू छन्। राज्यको पुनर्संरचना गर्दा यस्ता कुरामा ध्यान दिनुपर्दछ।

## छलफल

### कृष्ण हाछेथु

सुरेन्द्र पाण्डेले पार्टीहरूले सङ्घीयतामा जाने भनेर आधिकारिक निर्णय गरे पनि त्यसका लागि नेपालको अवस्था त्यति सकारात्मक छैन भन्ने कुरा गर्नुभयो। तर यहाँ के कुरा हेर्नुपर्छ भने राज्यले आफ्नो स्वार्थ अनुरूप क्षेत्र वा जिल्ला

बाँड्छ । राणाहरूले देश अधिकतम कर असुल्ने किसिमले थुम्का-थुम्का बनाए । त्यसपछाडि पञ्चायतले ७५ जिल्लामा बाँडचो – एउटै भाषा एउटै देश एउटै भेष भनेर । राज्यको पुनर्संरसचना भन्ने हो भने ७५ जिल्ला भन्न छाड्नुपर्छ । यसका लागि प्रतिबद्धता छ कि छैन भन्नुपऱ्यो । परम्परादेखि उपेक्षित समुदायको शोषणका लागि राज्यले जानीजानी शोषण गर्ने खालको संरचना बनाएको छ । त्यसलाई आधार बनाउनु हुँदैन । नयाँ संरचना समावेशी हुनुपर्छ ।

हामीले व्यक्तिगत परिचय दिँदा मेरो घर यहाँ भनेर भन्छौँ भने समुदायले पनि परिचय खोज्दा भौगोलिक क्षेत्र खोज्छ । एउटा जातिको बस्ती भएका ठाउँहरूको एउटा संरचना बन्न सक्छ कि सक्दैन ? त्यसको नाम के राख्दा राम्रो त्यो छलफल गरौँला । समावेशी संरचनाले परम्परादेखि उपेक्षित ७० प्रतिशत मानिसलाई न्याय दिन सक्नुपर्छ । प्यूठानको पुछारदेखि अर्घाखाँचीसम्म मगर क्षेत्र देखिन्छ । शतप्रतिशत मगर हुनुपर्छ भन्ने छैन । सबैभन्दा धेरै जनसङ्ख्या भएको क्षेत्र पहिचान गर्न सक्छौँ । अहिले सदरमुकाम बाहुन, छेत्री, नेवारको बस्तीको केन्द्रमा छ । गुल्मीको सदरमुकाम तम्घासभन्दा माथि डाविन भन्ने ठाउँमा सदरमुकाम राखेको भए मगर बसोबास भएको त्यस क्षेत्रमा पहिले बाटो पुग्थ्यो, अस्पताल पुग्थ्यो, कलेज पुग्थ्यो ।

पुनर्संरचना भनेको पहिलेका कुरालाई उल्टचाउनु हो । सङ्घीयताले समुदायलाई भौगोलिक क्षेत्र दिन्छ । मेरो नामसँग कुनै भौगोलिक क्षेत्र गाँसिएपछि मात्र म त्यहाँ लगानी गर्छु । मैले मेरो आफ्नो ठाउँ छ भन्छु । यसलाई पूर्ण रूपमा नकार्नु हुँदैन । पहिचानको कुरालाई भौगोलिक क्षेत्रभन्दा बाहिर राखेर यस सवाललाई राम्ररी सम्बोधन गर्न सकिँदैन ।

## सुरेन्द्र पाण्डे

जातीय, भाषिक क्षेत्र छँदै छैनन् भनेको होइन । म त्यसलाई अस्वीकार गर्दिनँ । चेपाङ महिलाले एउटा छलफलमा के भन्नुभयो भने मकवानपुर, धादिङ र चितवनलगायतका छओटा जिल्लाका निश्चित क्षेत्रमा चेपाङ बस्ती छ । अहिले ५० हजारभन्दा कम जनसङ्ख्या भएका जिल्ला छन् । चेपाङको जनसङ्ख्या ५२ हजार चानचुन छन् । उहाँले के भन्नुभयो भने हाम्रो मुख्य बसोबास भएको क्षेत्रमा एउटा जिल्ला बनाइदिने हो भने हामीले एउटा जिल्ला सभापति, एउटा सांसद छान्न सक्थ्यौँ । यस कुरासँग म सहमत छु । त्यसरी पनि पुनर्संरचना गर्नुपर्दछ । तर यसो हुँदाहुँदै पनि देशको बहुजातीय र बहुभाषिक तस्बिर देखिन्छ भनेको हुँ । बाउन्न हजार चेपाङ बसेको ठाउँका अरू गाविस जोड्दा त्यहाँको जनसङ्ख्या एक लाख होला । त्यसको अर्थ त्यहाँ चेपाङबाहेक अरू पनि बस्छन् भनेको हो । पहिचान नखोज्ने भनेको होइन मैले ।

दोस्रो, मैले के भन्न खोजेको हो भने निश्चित क्षेत्र नभएका दलित र सबै क्षेत्र भएका महिलाको प्रतिनिधित्वको प्रश्न पनि हेर्नुपर्छ । समानुपातिक प्रतिनिधित्व अपनायो भने मात्र उनीहरूको सवाललाई सम्बोधन गर्न सकिन्छ । प्रादेशिक मात्र गरेर सक्दैनौं । प्रतिनिधित्वको कुरालाई पनि सँगसँगै जोडेर लानुपर्दछ । मेरो भनाइ त्यो हो ।

## शिवबहादुर गुरुङ

जातीय, प्रान्तीय, सङ्घीय सवाल अहिले उठेका सवाल होइनन् । यी कुरा उठाउँदा हामीलाई गाउँ र जिल्लाका नेताले हप्काएका थिए । 'तिमीलाई यहाँबाट निकालिदिऊँ ? जातीय र साम्प्रदायिक कुरा गरेर समाज खलबल्याउने ?' भनेर ठूला स्वरले हामीलाई हप्काउने गरेका थिए । अहिले हामीलाई बल मिलेको छ । हामीले जातीय सवाल उठाउँदा, भूमिपुत्रको सवाल उठाउँदा अझै पनि यथास्थितिवादी चिन्तन बोक्ने साथीहरू यसले मुलुकमा विखण्डन ल्याउँछ, जातीय सन्तुलन खलबल्याउँछ भन्ने कुरा गर्नुहुन्छ । आन्दोलनको एउटा माग राज्यको पुनर्संरचना हो । हिजो एक देश, एक राज्य, एक भाषा, एक भेष भन्ने नारा लगाएर राज्यले हामीलाई दासका रूपमा पेलेको थियो अब त्यो नहोस् भन्ने आग्रह गर्दछु ।

## बलबहादुर डगौरा

सबभन्दा पहिला म एक तराईको विषयमा हाम्रा साथीहरूको धारणा राख्न चाहन्छु । सङ्घीय शासन व्यवस्था लागू गर्नका धेरै कारणहरू छन् । राज्यमा हरेकको पहुँच कायम होस् भन्नका लागि यसो गरेको हो ।

दाङदेखि पश्चिमको थारूवान क्षेत्रको विशिष्ट संस्कृति र विशिष्ट भाषा छ । हामी एउटै तराईको अवधारणामा गयौं भने त्यसको सदरमुकाम भरतपुर या वीरगन्जमा हुन्छ होला । हाम्रा लागि काठमाडौं र त्यो उस्तैउस्तै हो । हाम्रो पहुँच त उहींको उहीं रहन्छ । त्यसैले, यस विषयमा थारू कल्याणकारिणी सभा, सद्भावना पार्टी अनि माओवादी सबै बसेर कसरी छिनोफानो गर्ने भन्ने कोसिस गरिराखेका छौं । हामी अहिले कुन राज्य कसलाई दिने भन्ने छलफल गर्दैछौं । अहिलेभन्दा २३८ वर्षपछाडि जाने हो भने त्यहाँ अलग-अलग जाति र भाषाका आधारमा राज्य थिए । त्यसैका आधारमा कुन राज्य कसको भन्न सकिन्छ ।

## प्रेम परियार

दलितहरू एकै ठाउँमा बसेका छैनन् । त्यसकारणले सङ्घीय राज्य परिकल्पना गर्दा दलितहरूको सहभागिता समान रहन सक्ला ? दलितहरूले अग्राधिकार कसरी

प्राप्त गर्न सक्लान ? यस विषयमा पर्याप्त गृहकार्य हुन आवश्यक छ । म सङ्घीय राज्यको विपक्षमा छैन । तर सङ्घीय राज्य निर्माणका क्रममा दलितहरूको विषयमा पर्याप्त गृहकार्य हुन आवश्यक छ ।

**सतिशचन्द्र झा**

अपाङ्गको सवाल तराईदेखि पहाडसम्म, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मिल्ने खालको छ । नेपालमा कुल जनसङ्ख्याको दस प्रतिशत अपाङ्ग छन् । अपाङ्ग शिक्षा, स्वास्थ्य, जागिरबाट पूरै वञ्चित छन् । नयाँ नेपालमा उनीहरूको अधिकार के होला ?

# जवाफदेहिता, सङ्क्रमणकालीन न्याय र शान्ति

प्रस्तोता

**मन्दिरा शर्मा**

छलफल सञ्चालन

**शोभाकर बुढाथोकी**

## शोभाकर बुढाथोकी

लोकतन्त्रको स्थापनापश्चात् र सङ्क्रमणकालीन न्यायलाई कसरी सम्बोधन गर्ने भन्ने विषय राष्ट्रिय सरोकारको विषय भयो । यस मुद्दालाई शान्ति प्रक्रियासँगसँगै कसरी लैजाने भन्ने विषयमा राष्ट्रिय बहस भइरहेका बेलामा हामी यहाँ भेला भएका छौँ । हामीले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित दुइटै पक्षलाई उठाउनुपर्छ भन्ने लाग्छ । दस वर्षको द्वन्द्व र लोकतन्त्र स्थापनाको १९ दिने लामो जनआन्दोलनका बेला घटेका घटनासँग सम्बन्धित व्यक्तिलाई जवाफदेही बनाउने र मानव अधिकार उल्लङ्घनकर्तालाई न्यायको दायरामा ल्याउने विषयलाई सङ्क्रमणकालीन न्यायले समेट्छ ।

म आफू यसबारेमा धेरै नबोलिकन मन्दिरा शर्मालाई सङ्क्रमणकालीन न्याय भनेको के हो ? नेपालको परिप्रेक्ष्यमा यो किन आवश्यक छ ? यसको प्रक्रिया कसरी अघि बढाउनुपर्छ ? शान्ति प्रक्रियामा सङ्क्रमणकालीन न्याय किन महत्त्वपूर्ण छ ? आदि विषयमा अलि विस्तृत रूपमा व्याख्या गरिदिन अनुरोध गर्दछु ।

## झाँगिदो दण्डहीनता

### मन्दिरा शर्मा

सङ्क्रमणकालीन न्याय अथवा जवाफदेहिताका विषयमा छलफल गर्दा बेहोर्नुपर्ने सबैभन्दा ठूलो चुनौती भनेको यस विषयमा त्यत्ति रुचि नहुनु पनि हो । दण्डहीनता झाँगिदै गएका बेलामा त्यसलाई कसरी समाधान गर्ने भन्ने कुराको बहसचाहिँ एकदमै कमजोर छ ।

जवाफदेहिता भन्नाले सार्वजनिक पद धारण गरेको व्यक्तिले अथवा कुनै पनि उत्तरदायित्व वहन गर्नुपर्ने व्यक्तिले कुनै काम गरेको अथवा नगरेको कारणबाट सिर्जना हुने अवस्थाका लागि समेत जिम्मेवार हुने कुरालाई जनाउँछ । तर यसले धेरै क्षेत्र समेट्न सक्छ । धेरै क्षेत्रसँग सम्बन्धित विषयमा छलफल गर्न यहाँ सम्भव छैन । आजको छलफलमा हामीले गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनका अपराधहरूमा त्यसका दोषीहरूलाई कसरी जवाफदेही बनाउने भन्ने विषयमा जोड

दिन्छौँ । हिंसाका बेलामा ठूलो मात्रामा मानव अधिकार उल्लङ्घन हुने गर्दछ । त्यस्तो मानव अधिकार उल्लङ्घनका घटना र मानव अधिकार ज्यादतीका कुरालाई कसरी सम्बोधन गर्न सकिन्छ ? हाम्रो अनुभवका आधारमा सङ्क्रमणकालीन न्यायको संरचना कस्तो हुनुपर्दछ ? अरू देशको कस्तो अनुभव छ ? अरू देशबाट सिक्न सकिने कुराहरू के-के छन् ? भन्ने विषयमा मेरो प्रस्तुति केन्द्रित रहन्छ । यो विषय हामी सबैका लागि नयाँ हो । म यस विषयकी विज्ञ होइन । तसर्थ, म मानव अधिकार उल्लङ्घनका पीडितसँग नजिक बसेर काम गर्दाखेरि आफूले भोगेका अनुभव यहाँहरूसँग बाँडचुँड गर्नेछु । त्यसपछि कस्तो संरचना हुनुपर्छ भन्नेबारेमा छलफल गर्नेछौँ भन्ने मैले आशा राखेको छु ।

अहिले जुन राजनैतिक परिवर्तन भएको छ त्यो परिवर्तनको पक्षमा राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय स्तरमा जनमत बनाउने काममा मानव अधिकारको विषय वस्तुले सबैभन्दा धेरै भूमिका खेलेको छ । तर यो परिवर्तनसँगसँगै विगतमा भएका मानव अधिकार उल्लङ्घनका यति धेरै घटनाहरूलाई कसरी सम्बोधन गर्ने अथवा मानव अधिकारको कुरालाई कसरी सुनिश्चत गर्न सकिन्छ भन्ने बहस एकदमै ओझेलमा पारिएको छ । जवाफदेही कुनै पनि लोकतान्त्रिक समाजको पूर्व सर्त हो । हामीकहाँ जवाफदेहिता नभएको परिप्रेक्ष्यमा सङ्क्रमणकलीन न्यायको जुन अवधारणा छ त्यसले कसैलाई जवाफदेही बनाउन कसरी भूमिका खेल्न सक्छ भन्नेबारेमा म केही कुराहरू राख्न चाहन्छु ।

हामी सबैले अनुभव गरेको कुरा हो – गएको दस वर्षमा नेपालमा धेरै ठूलो क्षति भएको छ । धेरै मान्छेहरू मारिए । पन्ध्र हजार जति मानिस मारिएको आँकडा छ ।[१] मारिएका धेरै मानिसहरूको रेकर्ड राखिएको छैन भन्ने हामीले अनुभव गरेका छौँ । सयौँ मान्छे बेपत्ता पारिएका छन् । हजारौँले यातना पाएका छन् । हजारौँ महिलाहरू बलात्कृत भएका छन । धेरै मानिसहरू विस्थापित भएका छन् । कतिपय यस्ता गाउँहरू छन् जहाँ प्रत्येक घरको एउटा न एउटा सदस्य कि त मारिएको छ त कि त बेपत्ता भएको छ, कि यातना पाएको छ ।

अहिले हामीकहाँ भएको संरचना विगतमा भएका यी अपराधमा संलग्न व्यक्तिलाई सजाय दिन र पीडितहरूलाई न्याय दिन पर्याप्त छैन । यो संरचनाले न्याय दिन सकेको छैन । एउटा पनि अपराधको अनुसन्धान भएर अदालतमा मुद्दा चलाइएको छैन । नेपाल सबैभन्दा धेरै मानिस बेपत्ता पारिने देशका रूपमा सूचीकृत भयो अन्तर्राष्ट्रिय मञ्चमा । यसले के देखाउँछ भने नेपालमा दण्डहीनताको अवस्था एकदमै झ्याँगिदै गएको छ । यो मानव अधिकार उल्लङ्घनकर्ताहरूले उन्मुक्ति

---

१ इन्सेकका अनुसार यी दस वर्षमा १३ हजार ३४३ मानिस मारिएका छन् ।

पाइरहने संस्कृतिको प्रतिबिम्ब मात्र हो । विनाकमरण यति धेरै मान्छेहरू मारिएका छन्, त्यति धेरै मान्छेले पीडा भोगेका छन् त्यो कुराको न्यायपूर्ण तरिकाले टुङ्गो नलगाइकन लोकतान्त्रिक परिपार्टीको कल्पना गर्न सकिन्न । विगतमा भएका मानव अधिकार उल्लङ्घनका अपराधका दोषीहरूलाई जवाफदेही बनाउने र पीडितलाई न्याय दिने काम सँगसँगै अगाडि नबढाइकन शान्ति प्रक्रिया अगाडि बढ्न सक्दैन ।

कुनै देश हिंसा अथवा एकदमै ठूलो युद्धबाट लोकतान्त्रिक प्रजातान्त्रिक परिपाटीमा प्रवेश गर्दछ त्यति बेला विगतमा भएका मानव अधिकारका उल्लङ्घनका विषयलाई कसरी सम्बोधन गर्ने र त्यसका पीडितहरूलाई कसरी न्याय दिने जसले गर्दा यस्ता घटना भविष्यमा दोहोरिँदैनन् भन्ने कुरा निश्चित गर्दै समाजमा दिगो शान्ति कसरी स्थापना गर्ने भन्ने कुरा सङ्क्रमणकालीन न्यायभित्र पर्ने विषय हुन् । अहिले नेपालमा सुरु भएको शान्ति प्रक्रियालाई कसरी मद्दत पुऱ्याउन सकिन्छ भन्ने विषयको छलफल गर्दा हामीले सङ्क्रमणकालीन न्यायका विषयमा पनि छलफलमा गर्नुपर्दछ ।

नेपालमा दण्डहीनताको संस्कृतिलाई मलजल गर्ने थुप्रै सोचाइहरू छन् । थुप्रै चिन्तन छन् । कानुनी व्यवस्था छ । २०४६ पछाडि राजनैतिक परिवर्तनसँगसँगै जनआन्दोलनका बेलामा मानव अधिकार उल्लङ्घन गर्ने दोषीलाई सजाय गर्नुपर्थ्यो । त्यसो गर्न नसकेकाले दण्डहीनताको संस्कृति अझ बढी बलियो भयो । २०४६ सालको जनआन्दोलन दबाउने क्रममा मानव अधिकारको उल्लङ्घनका विषयमा अनुसन्धान गर्न मल्लिक आयोग गठन भएको थियो । आयोगले थुप्रै विषयमा अनुसन्धान गरेर प्रतिवेदन तयार गऱ्यो । तर प्रतिवेदनले दोषी ठहऱ्याएका कुनै पनि व्यक्तिमाथि कारबाही भएन । मल्लिक प्रतिवेदन निकै लामो समयसम्म सार्वजनिक गरिएन । मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नभएकाले पनि नेपालमा दण्डहीनता बढेको हो । यसले सामाजिक क्षेत्रमा प्रभाव पाऱ्यो । न्याय क्षेत्रमा असर पुऱ्यायो । प्रहरी प्रशासनमा असर पुऱ्यायो । २०४६ सालको आन्दोलन दबाउन प्रमुख भूमिका निर्वाह गर्ने व्यक्तिहरूले नै २०६३ सालको आन्दोलन दबाउन पनि प्रमुख भूमिका खेल्न पाए ।

त्यसपछाडि पनि मानव अधिकार उल्लङ्घनका विभिन्न घटनाहरूको अनुसन्धान गर्न थुप्रै आयोग बने तर तिनका सुझावहरू कार्यान्वयन भएनन् । प्रजातन्त्रप्रति मान्छेको विश्वास पनि बिस्तारै गुम्दै गयो । पुलिस प्रशासनप्रति कसैको पनि विश्वास भएन । न्यायपालिकाप्रति जनताको विश्वास पनि गिऱ्यो । यसले गर्दा मानव अधिकार उल्लङ्घनका घटना निरन्तर भइरहे । यसले दण्डहीनताको संस्कृति जरो गाडेर बसेको छ भन्ने देखाउँछ । सङ्क्रमणकालीन न्यायको संरचनाले यो संस्कृति हटाउन के गर्नुपर्छ भन्ने कुरामा ध्यान दिनुपर्छ ।

२०५२ सालमा माओवादीले विद्रोह सुरु गरेपछि पनि मानव अधिकार उल्लङ्घनका थुप्रै घटनाहरू भए । राज्यले आतङ्ककारीका नाममा, अपराधीका नाममा र माओवादीले वर्गशत्रुका नाममा, सुराकीका नाममा धेरै नागरिकको हत्या गरेका छन् । धेरै नागरिक अङ्गभङ्ग भएर अहिले एकदमै बोझिलो जीवन जिउन बाध्य छन् । मान्छेले आफ्नो घरपरिवार र समाज छाडेर अन्यत्र जानुपरेको छ । यस्ता धेरै गाउँहरू छन् जहाँका धेरै व्यक्तिहरू एकैचोटि धेरै अधिकारबाट वञ्चित भएका छन् ।

सङ्क्रमणकालीन न्यायको कुरा गर्दा द्वन्द्वलाई जन्माउन, त्यसलाई बढाउन, त्यसलाई ठूलो बनाउनमा मद्दत गर्ने के-कस्ता तत्त्वहरू छन् भन्ने कुराको विश्लेषण हुनुपर्दछ । यसो गर्नुको मुख्य उद्देश्य समाज शान्तिपूर्ण लोकतान्त्रिक परिपाटीमा प्रवेश गरेका बेलामा विगतमा भएका ज्यादती दोहोर्‍याउन हुँदैन भन्ने कुरा सम्झाउनु हो । विगतमा भएका अपराधहरूको अनुसन्धान गरेर पीडितलाई न्याय दिन सकेनौँ भने अर्को विद्रोहको बीजारोपण हुन्छ भन्ने कुरा २०४६ सालको अनुभवले पनि देखाएको छ ।

सङ्क्रमणकालीन न्यायका सन्दर्भमा चारओटा कुरा प्रमुख रूपमा आउँछन् । पहिलो, विगतमा भएका अपराधका विषयमा सत्य-तथ्य पत्ता लगाउन ट्रुथ कमिसन बनाउने । दोस्रो, पीडितलाई कस्तो किसिमको क्षतिपूर्ति दिने अथवा कस्तो किसिमको न्यायको संरचना तयार गर्ने भन्ने कुराको निर्क्योल गर्ने । तेस्रो, पीडितलाई कसरी पुनर्स्थापित गर्ने भन्ने कुरा हेर्ने । र, चौथो, दोषीलाई कसरी कारबाही गर्ने भन्ने कुरा निर्धारण गर्ने । संसारका विभिन्न देशहरूले तयार पारेका सङ्क्रमणकालीन न्यायका नमुना यी चारओटा विषयमा केन्द्रित छन् ।

दोस्रो विश्वयुद्ध लगत्तै नाजीहरूले गरेको नरसंहारको अनुसन्धान गर्नका लागि सैनिक अदालत गठन गरिएको थियो । त्यसले अनुसन्धान गरेर सैनिक प्रमुखहरूलाई कारबाही गर्ने प्रक्रिया थालेपछि सङ्क्रमणकालीन न्यायको कुरा संसारभर छलफलको विषय बन्यो । त्यसपछि संसारका थुप्रै देशहरूमा यसको धेरै चर्चा भएको छ । थुप्रै देशहरूले यसलाई प्रयोगमा ल्याएका छन् ।

हामीले सबैभन्दा धेरै सुन्ने गरेको मोडल दक्षिण अफ्रिकाको ट्रुथ एन्ड रिकन्सिलेसन मोडल हो । नेपालमा यस विषयमा धेरैले छलफल गरेका छन् । अहिले हामीकहाँ पनि त्यस्तै ट्रुथ कमिसन चाहिन्छ भनेर भनिन्छ । तर हामीकहाँ परिस्थिति फरक छ । किन फरक छ भन्ने कुरा बुझ्न जरुरी छ । अफ्रिकाको सन्दर्भमा ट्रुथ एन्ड रिकन्सिलेसन एकदमै महत्त्वपूर्ण थियो किनभने त्यहाँ भएका जातिहत्या एकदमै गोप्य रूपमा गरिएका थिए । ल्याटिन अमेरिकाका धेरै देशहरूमा पनि त्यही अवस्था थियो । गोप्य तरिकाले मान्छे मार्ने । कसैले देखेको छ भने उसलाई पनि मार्ने ।

साक्षीहरू निमिटचान्न पार्ने। त्यसले गर्दा घटना कसरी घट्यो, कसले घटायो भन्ने कुरा थाहै नहुने। त्यसैले, त्यहाँका मानिसले यी प्रश्नको उत्तर जान्ने एकदमै ठूलो इच्छा राखे। त्यो जान्दाखेरि आफूलाई न्याय हुन्छ भन्ने धेरैले ठाने।

हामीले धेरै घटनाको रेकर्ड राखिसकेका छौँ। एकदमै व्यवस्थित तरिकाले अभिलेख गरेका छौँ। मान्छेलाई कसले, कसरी हत्या गऱ्यो भन्ने कुराको प्रमाण हामीसँग छ। मान्छेलाई कसरी बेपत्ता पारियो, कुन ब्यारेकमा राखियो अथवा कुन क्यापमा राखियो, कति दिनसम्म राखियो, त्यस पछाडि के भयो भन्ने कुरा एकदमै व्यवस्थित तरिकाले अभिलेख गरिएको छ। अनुसन्धान गरिएको छ। सबै प्रमाण अगाडि आइसकेका छन्। त्यसैले हामीकहाँ कारबाहीको कुराचाहिँ महत्त्वपूर्ण छ। ट्रुथ कमिसन बनाउने नै हो भने पनि त्यसले अहिले पत्ता लगाउन नसकेका कुरा पत्ता लगाउनुपर्छ। हाम्रो मूल ध्यानचाहिँ त्यो कमिसनले सिफारिस गरेका कुरा कार्यान्वयन गरेर दण्डहीनता अन्त्य गर्नेतिर जानुपर्छ।

सेरालियोनको उदाहरणले हामीलाई दण्डहीनता हुन दिनु हुँदैन भन्ने पाठ सिकाएको छ। त्यहाँका विद्रोहीले आतङ्क सिर्जना गर्नका लागि धेरै मान्छेलाई एकै ठाउँमा राखेर उनीहरू सबैको अङ्गभङ्ग गरिदिन्थे। लामो समयसम्म चलेको गृहयुद्ध अन्त्य भएपछि त्यहाँ शान्ति प्रक्रियाको थालनी भयो। सरकार र विद्रोहीबीच भएको सम्झौताअनुसार विद्रोही पक्षलाई पनि सरकारमा सामेल गराइयो र विगतमा मानव अधिकार उल्लङ्घन गर्नेहरूलाई आममाफी दिइयो। विद्रोही पक्ष पनि सरकारमा आयो। तर त्यसको एक महिना पनि बित्दानबित्दै मानव अधिकार उल्लङ्घन दोहोरियो। संयुक्त राष्ट्रसङ्घका स्वयम्सेवकहरूमाथि पनि आक्रमण हुन थाल्यो। अर्थात् सबै प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा आममाफी दिँदा, ती व्यक्तिलाई जवाफदेही नबनाउँदा यस्तो हुन्छ भन्ने कुरा प्रस्ट भयो। त्यसपछि त्यहाँ फौजदारी अदालत गठन भयो। त्यसपछाडि मात्रै हिंसामा कमी आयो।

माओवादी र सरकारबीचमा भएको सहमतिपछि सरकारले विभिन्न कारागारमा रहेका माओवादीलाई एकैचोटि मुक्त गरिदियो। तिनको कसुर के थियो भन्ने कुरा हेर्दै नहेरिकन उनीहरू विरुद्धको अभियोग फिर्ता लिने निर्णय सरकारले गऱ्यो। यसले हामी अन्धाधुन्ध आममाफी दिने चलनतर्फ उन्मुख हुँदैछौँ भन्ने देखाएको छ। यसले डरलाग्दो भविष्यको सङ्केत गर्दछ। किनभने हिंसाको पुनरावृति त्यहीँबाट हुन्छ। हिंसाको बीजारोपण त्यहीँबाट हुन्छ।

अर्को कुरा, हामीकहाँ स्थिति त्यति सजिलो छैन। विगतमा मानव अधिकारको उल्लङ्घनमा प्रत्यक्ष रूपले संलग्न पक्ष नै न्यायको संरचना तयार पार्ने ठाउँमा पुगेका छन, पुग्दैछन्। चारओटा पक्ष हिंसामा प्रत्यक्ष रूपले संलग्न थिए। पहिलो माओवादी। दोस्रो, दलको सरकार जो अहिले सात राजनैतिक दलको नामले

चिनिन्छ । तेस्रो, माघ १९ पछि सत्तामा रहेकाहरू । चौथो, सरकारी संरक्षणमा अथवा सरकारले सिर्जना गरेका भिजिलान्तेहरू । अहिले माघ १९ पछि सत्तामा रहेकाहरू मात्रै अलिकति कमजोर भएका हुन् कि भन्ने छ । भिजिलान्तेहरूलाई अब सरकारी संरक्षण प्राप्त छैन । यीदेखि बाहेक विगतमा मानव अधिकार उल्लङ्घनका कुरामा आफैं प्रत्यक्ष रूपले संलग्न शक्तिहरू नै अहिले शासनमा छन् । उनीहरू विजयी बनेका छन् । विगतमा गरेका ती ज्यादतीहरूको निष्पक्ष छानबिनका लागि उनीहरूले सहयोग गर्छन् कि गर्दैनन् भन्ने कुरा महत्त्वपूर्ण छ । नेपालको सङ्क्रमणकालीन न्यायमा देखिएको सबैभन्दा ठूलो चुनौती यही हो । पर्याप्त दबाब आएन र पीडितहरूका पक्षमा आवाज उठेन भने सत्तासीनहरूले दिने न्याय कस्तो हुन सक्छ ? अथवा उनीहरूले तयार गरेको न्यायको संरचनाले पीडितलाई न्याय दिन सक्छ कि सक्दैन ?

यसबाहेक यी कुराहरू पनि महत्त्वपूर्ण छन् – पुलिस-प्रशासन अनुसन्धान गर्न कत्तिको सक्षम छ ? न्यायपलिका न्याय दिन कत्तिको सक्षम छ ? सरकारी वकिलहरू आफ्नो पक्ष राख्न कत्तिको सक्षम छन् ?

विगतमा जे भयो तिनलाई बिर्सनुपर्छ भन्ने कुरा पनि अहिले सुनिदैछ । पीडितका पक्षमा, मानव अधिकारका क्षेत्रमा काम गर्ने समूहले न्यायको कुरा उठाउँदा उनीहरूलाई शान्ति भाँड्ने तत्त्वहरू भनेर बिल्ला लगाउन खोजिएको छ । यसले गर्दा हाल चलिरहेको शान्ति प्रक्रिया कत्तिको दिगो हुन्छ अथवा शान्ति भन्ने कुरा के हो, त्यो कसका लागि हो र त्यसलाई कसले परिभाषित गर्ने हो भन्ने प्रश्न गर्नुपर्ने बेला आएको छ । त्यसको जवाफ हामीले खोज्नुपरेको छ ।

हामीले अरू देशको अनुभव पनि हेर्नुपर्छ । सङ्क्रमणकालीन न्यायमा जोड नदिँदा एल साल्भाडोरका पीडितहरूले अहिले पनि पीडा भोगिरहनुपरेको छ । त्यहाँ दोषीलाई अदालत उभ्याएर कारबाही गर्ने प्रक्रिया सुरु गरिएन । त्यहाँ दण्डहीनतालाई अन्त्य गर्न सकिएन । अहिले यसको प्रभाव त्यहाँको न्यायपालिकामा परेको छ भनिन्छ ।

हामीले विगतलाई बिर्सेर अगाडि बढ्नुपर्छ भन्यौं भने शान्ति प्रक्रिया दिगो हुन सक्दैन, लोकतान्त्रिक परिपाटी कायम हुन पनि सक्दैन । अब हामीले सङ्क्रमणकालीन न्यायको संरचना तयार गर्नुपर्छ । एउटाले अर्कोलाई पुऱ्याएको दुःख अथवा शारीरिक क्षतिपूर्तिको कुरा गर्नुपर्छ । माओवादी कार्यकर्ताको पनि पुनर्स्थापनाका लागि प्रभावकारी प्रणाली भएन भने उनीहरू पनि समस्यामा पर्छन् । किनभने हतियार बिसाउनेबित्तिकै उनीहरू समाजमा पुनर्स्थापना हुन सक्ने स्थिति छैन । यो परिस्थितिलाई कुनै न कुनै हिसाबले सम्बोधन नगरिकन हामी अगाडि बढ्न सक्छौं जस्तो लाग्दैन ।

हामीले दुईओटा समयका मानव अधिकार उल्लङ्घनका कुराहरू हेर्नुपर्छ । एउटा, माओवादीले विद्रोह थाल्नु पहिले भएका मानव अधिकार ज्यादती । अर्को

माओवादीले विद्रोह थाले यताका ज्यादती । यी दुई अवधिमा पीडित भएकाहरूलाई न्याय दिने कुरा नै सङ्क्रमणकालीन न्यायको दायरा हुनुपर्छ ।

दोस्रो जनआन्दोलन दबाउने क्रममा भएका ज्यादतीको अध्ययन गर्न एउटा आयोग बनेको छ । यो आयोगका सिफारिसको हालत पनि मल्लिक आयोगका सिफारिसकै जस्तो नहोला भन्न सकिन्न । दोषीमाथि कारबाही गर्नका लागि राजनैतिक चाहना हुनुपर्छ । यसअघि अभिलेख भइसकेका मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई कसरी कारबाही गरिन्छ हेर्न बाँकी छ ।

पीडितले कस्तो न्याय खोजेका छन् त्यो कुरा बुझ्न र उनीहरूलाई कसरी पुनर्स्थापित गर्न सकिन्छ भन्ने कुरा हेर्न छुट्टाछुट्टै समिति बनाउन सकिन्छ । ती समिति बन्नुअघि हामीले के कुरा ख्याल राख्नुपर्छ भने हामीकहाँ भएका कानुन पर्याप्त छैनन् । रायमाझी आयोग बनेको छ त्यो आफैँमा त्रुटिपूर्ण छ भनेर नेपालस्थित संयुक्त राष्ट्रसङ्घको मानव अधिकार उच्च आयुक्तको कार्यालयले भनिसकेको छ । गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका अपराधमा पछि बन्ने कानुन अघिबाटै लागू हुने व्यवस्था गर्न सकिन्छ । त्यस्तो व्यवस्था अब बन्ने संविधानमा राख्न सकिन्छ । त्यसपछि बेपत्ता बनाउने, यातना दिने, गैरन्यायिक हत्या गर्ने, बलात्कार गर्ने, लामो समयसम्म थुनामा राख्ने, मानिसलाई आफ्नो सम्पत्ति उपभोग गर्नबाट वञ्चित तुल्याउने कामलाई गम्भीर अपराधका रूपमा परिभाषित गर्न सकिन्छ । यस्ता अपराधको अनुसन्धान गरेर दोषीमाथि कारबाही चलाउन सकिन्छ ।

प्रहरीले आफैँले नै गरेका ज्यादतीको अनुसन्धान गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नचाहिँ टट्कारो रूपमा उठेको छ । अनुसन्धान गर्ने निकाय को हुन सक्छन् ? राष्ट्रिय मानव अधिकार आयोगलाई अनुसन्धानको पनि जिम्मेवारी दिन सकिन्छ कि ? या छुट्टै किसिमको जुडिसियल पुलिसको अवधारणा भित्र्याएर अनुसन्धानको जिम्मा त्यस निकायलाई दिने ? यी प्रश्नमा छलफल गर्न सकिन्छ ।

क्षतिपूर्तिको कुरा पैसामा मात्र हेर्ने गरिएको छ । एकछिनका लागि, सबैलाई सात-सात लाख पैसा दिऊँ र यो कुरालाई बिर्सिदिऊँ भन्न सकिन्छ ? यत्तिले मात्र न्याय हुन्छ भनेर भन्न सकिँदैन किनभने पीडितहरूको आवश्यकता र पीडाको मात्रा फरक-फरक छ । आफन्त बेपत्ता पारिएको, मारिएको र आफैँले पनि यातना पाएको हुनाले मानिसहरूले मानसिक समस्या झेलिरहेका छन् । उनीहरूको त्यो पीडालाई कसरी उपचार गर्ने भन्ने कुरा पनि पुनर्स्थापनाभित्र पर्नुपर्छ । विकास कार्यक्रम ल्याएर उनीहरूको भौतिक आवश्यकता पूरा गर्ने कुरालाई पनि न्यायसँग जोडेर हेर्न सकिन्छ ।

## छलफल

### अनिल पन्त

सियरालियोनको गल्तीबाट हामीले पाठ सिक्न सक्छौँ । ट्रुथ कमिसन र रिकन्सिलेसन कमिसन छुट्टाछुट्टै बनाउनुपर्ने रहेछ । एउटै बनाउँदाचाहिँ मानव अधिकार उल्लङ्घनका घटना पत्ता लाउनु र मेलमिलाप गर्नु भन्ने अर्थ लाग्दो रहेछ । ट्रुथ कमिसन भनेको त्यस्तो हुनुपर्छ जसले तथ्य पत्ता लागाउँछ । पहिला तथ्य पत्ता लगाएर इतिहास लेख्नुपर्छ यस्तो-यस्तो घटना भएको थियो भनेर । त्यसपछि रिकन्सिलेसन कमिसन गठन गर्ने कि नगर्ने भन्ने कुरा हेर्नुपर्छ ।

सङ्क्रमणकालीन न्यायको मुख्य समस्या के हो भने यहाँभित्र विडम्बना छ – मेलमिलाप पनि गर्नुपर्ने अनि दण्डहीनता हुन दिन पनि नहुने । सियरालियोनमा नेभर अगेन अर्थात् अब यस्तो कहिले नहोस् भन्ने अभियान चलाइयो । द्वन्द्वपश्चात् केही कुरा बिर्सनुपर्ने हुँदो रहेछ । अनि सबै कुरा बिर्सनु नहुने पनि रहेछ । जनताले हामी केही कुरा बिर्सन्छौँ भन्नुपर्छ भने केही कुरा बिर्सन सक्दैनौँ पनि भन्नुपर्छ । यसो भएका खण्डमा दण्डहीनता हुनबाट रोक्न सकिन्छ । केही कुरा साङ्केतिक पनि हुन सक्छन् मेलमिलाप प्रक्रियामा । द्वन्द्वरत पक्षले हामीले गल्ती गरेका थियौँ भनेर स्वीकार्न सक्छ । हरेक मान्छेलाई कारबाही नहोला तर माफी त माग्न सकिन्छ । जस्तो दोस्रो विश्वयुद्धमा भएका ज्यादतीका लागि अहिले आएर माफी मागिरहेका छन् कति देशले । पीडितहरूमध्ये कति मरेर गए । उनीहरूले केही पाउँदैनन् । तर कसैले माफी माग्दा कोही मान्छेले आफूलाई न्याय गरेको अनुभव गर्छ । यसो हुनाले हामीले न्यायलाई कति अवस्थामा कानुनी कारबाही गर्ने, कति अवस्थामा दोषीले माफी माग्ने र कतिपयलाई आर्थिक क्षतिपूर्ति गर्ने गरी तीन तरिकाले हेर्नुपर्ने हुन्छ ।

अपराध गर्नेले माफी मागेका कुरा देशको इतिहासमा लेख्नुपर्छ । शहीदहरूको सालिक बनाइयो र मार्नेले माफी मागेको छ भने त्यो कुरा पनि त्यहाँ लेखिनुपर्छ । विद्रोही पक्षले माफी मागेको छ भने त्यो कुरा त्यहाँ लेखिएको हुनुपर्दछ । गल्ती गरिसकेपछि माफी माग्नुपर्ने रहेछ है भन्ने कुरा सबैलाई थाहा दिन । विद्रोहका बेला भएका आपराधिक प्रकृतिका घटनाहरूको रेकर्ड इतिहासमा रह्यो भने त्यसले दण्डहीनता रोक्नका लागि अलिकता मद्दत गर्छ । यसो गरिएन भने अर्को खतरा हुन्छ । माओवादीको विद्रोह मूलतः राजनैतिक प्रकृतिको थियो । विद्रोही राजनैतिक चरित्रको थियो । त्यो राजनैतिक चरित्रभित्र रहेर केही आपराधिक क्रियाकलाप भएका हुन सक्छन् । तर अहिले हामीले दण्डहीनताको संस्कृति बनायौँ भने भोलि आपाराधिक चरित्रको समूह राजनैतिक खोल ओडेर आउने सम्भावना हुन्छ ।

## गोपाल शिवाकोटी

विगतको अपराध, ज्यादती र मानिसहरूलाई परेको पीडालाई मानिसले कुनै पनि हालतमा बिर्सन सक्दैनन् र बिर्सनु पनि हुँदैन । सङ्क्रमणकालीन न्यायको विषय हाम्रो मुलुकका सन्दर्भमा मात्रै लागू हुने नौलो विषय होइन । सङ्क्रमणकालीन न्याय भन्नाले आँखाको बदला आँखा लिने कुरो पनि होइन । अन्ततत्वगत्वा मेलमिलाप होस् भन्ने हो । तर मूलभूत रूपमा उठाइने कुरा के हो भने हामीले न्यायपश्चात्को शान्ति खोजेका हौँ कि शान्तिपश्चात्को न्याय ? या शान्ति मात्र खोजेका हौँ ? अन्तर्राष्ट्रिय सिद्धान्त अथवा मानव अधिकारका हरेक सिद्धान्तले न्याय हुनुपर्दछ भन्छन् । न्यायपश्चात् शान्ति भन्नाले शान्ति प्राप्त गर्नका लागि पनि न्याय प्रदान गर्नुपर्दछ भन्ने जनाउँछ । सङ्क्रमणकालीन न्याय शान्ति सम्झौताको प्याकेजको एउटा अंशका रूपमा या राजनीतिक प्याकेजको एउटा अंशका रूपमा आउनुपर्छ ।

सङ्क्रमणकालीन न्यायको प्रसङ्ग अथवा त्यसका संयन्त्र कहिले बनाउने भन्ने कुरा महत्त्वपूर्ण छ । कम्बोडियामा २० वर्षपछि त्यस्तो संयन्त्र बनेको छ । मुलुकको परिवेश, धरातल र त्यहाँको सङ्क्रमणको परिवेशलाई ध्यानमा राखेर त्यस्तो किसिमको न्याय प्रणाली अवलम्बन गर्नुपर्छ वा संयन्त्र स्थापना गर्नुपर्छ । समय न्यायको दुश्मन पनि हो र मित्र पनि हो । लामो समयसम्म पर्खेर पनि न्याय दिन सकिन्छ । कतिपय अवस्थामा लामो समयसम्म पर्खंदा के फाइदा हुन्छ भने मानिसले पहिले भएका ज्यादती बिर्सन पनि सक्छन् ।

सङ्क्रमणकालीन न्याय प्रणाली स्थापना गर्नुपर्छ । राष्ट्रिय पुनर्संरचना कोष अविलम्ब स्थापना गर्नुपर्छ । भत्केका घरहरू मात्र बनाउने कुरा होइन । मानिसको पीडाको उपचार पनि यसमा पर्छ ।

पहिले हामीले गरेको अध्ययनका अनुसार द्वन्द्वले गर्दा नेपालमा दुई लाख १२ हजार देखि दुई लाख ७२ हजारसम्म मानिसहरू आन्तरिक रूपमा विस्थापित छन् । १० देखि १२ लाख मानिसहरू भारत गएका छन् । उनीहरूको पुनर्स्थापनाको कुरा, पुनर्एकीकरणको कुरा पनि सङ्क्रमणकालीन न्यायको अङ्गका रूपमा रहनुपर्छ ।

भोलि फेरि द्वन्द्वको कहालीलाग्दो परिस्थिति नआओस् भन्नका लागि अन्तराष्ट्रिय फौजदारी अदालतको विधानलाई अविलम्ब अनुमोदन गर्नुपर्छ । सुरक्षा निकायको सुधार नगरिकन सङ्क्रमणकालीन न्यायको प्रक्रिया अगाडि बढ्न सक्दैन ।

अर्को नेकपा (माओवादी) को चेन अफ कमान्डमा १८ वर्षभन्दा मुनिका बालबालिका जति पनि भर्ती गरिएका छन् उनीहरूलाई त्यहाँबाट निकाल्नुपर्छ । बालबालिकालाई सेनामा भर्ना गर्ने कामलाई दण्डित गर्नुपर्छ ।

## एकराज भण्डारी

राजालाई नहटाइकन मल्लिक आयोगको प्रतिवेदन लागू हुन सक्दैनथ्यो । सेनाले किन दण्ड पाएनन् ? अझै पनि पाउँदैनन् । अझै पनि मानिसहरू बेपत्ता भइरहन्छन् । अझै पनि मान्छे मारिन्छन । त्यो स्वाभाविक कुरा हो ।

गणतन्त्र आएपछि यस्ता संयन्त्र कति बनाउँछौँ कति । त्यसो नगरिकन खाली केन्याको कुरा गर्‍यो, एल साल्भाडोरको कुरा गर्‍यो । दक्षिण अफ्रिकाको कुरा गर्‍यो । त्यसो गरेर हुँदैन । नेपालको परिप्रेक्ष्यमा दुश्मन भनेको राजा हो । राजालाई ध्वंस गर्नुपर्छ । गणतन्त्र ल्याउनुपर्छ । त्यसो भयो भने यस्ता संयन्त्र कति बन्छन् कति ? यस्ता विद्वान् त कति आउँछन् कति ? द्वन्द्वका संविधान बनाउने विद्धान् पनि कति आउँछन् ? साराका सारा आउँछन् । त्यति बेला संयन्त्र बनाउने कुरा हेरौँला । विधिशास्त्र हेरौँला । दण्डहीनताको कुरा पनि हेरौँला ।

माओवादीबाट मानव अधिकारको उल्लङ्घन कसरी भयो भन्ने कुरा बुझ्नुपर्‍यो । आत्मरक्षाको अधिकार प्रयोग गर्दाखेरि मान्छे मारेका छन्, पीडा छ । दण्डहीनता भएका बेलामा पैसाले क्षतिपूर्ति दिएर मात्रै सामाधान हुन सक्छ ? हजारौँ नेपाली जनता बेपत्ता पार्ने पुलिसलाई फाँसी दिएर हाम्रो समस्या सामाधान हुन सक्छ ? सेनाको प्रमुखलाई फाँसी दिएर समस्या सामाधान हुन्छ ? दिन त दिनैपर्छ । पहिले सामान्तवादी राज्यसत्तालाई ध्वंस बनाऊँ । नेपालीले चाहेको संविधान बनाऊँ । त्यसपछि अनि दोषीहरूलाई कारबाही गर्नेतिर लागौँ । दण्डहीनता हुनुपर्छ भन्ने मेरो मान्यता होइन । दण्ड दिनैपर्छ । चाहे जस्तोसुकै होस् । आत्मरक्षाको बेला कस्तो अवस्थामा उसले अपराध गरेको छ त्यो पनि हेरिनुपर्छ । आत्मरक्षाका बेला जेसुकै गर्न पाइन्छ भनेर मैले भन्न खोजेको होइन । त्यसका पनि मान्यता होलान् । हामीले मानवीय कानुनका कुरा गरेका छौँ । मानव अधिकारको कुरा गरेका छौँ । अन्तर्राष्ट्रिय मन्यता छन् ।

## डी.बी. साशङ्कर

प्रस्तुतिमा सरकारबाट भएका मानव अधिकार उल्लङ्घनका कुरा मात्रै आए । माओवादीले धेरै मानव अधिकार उल्लङ्घन गरेका छन् । त्यसलाई कसरी लिएर जाने ? त्यसै गरी यो सत्य-तथ्य आयोग बनाउने कुरामा नेपालको विशिष्ट अवस्था छ । नबनाउँदा पनि हुन्छ भन्ने खालका कुरा आए । मानव अधिकार उल्लङ्घनका ठूला, गम्भीर प्रकृतिका घटनाको मात्रै रेकर्ड राखिएको छ । गाउँका स-सना ठानिएका घटनाको रेकर्ड राखिएको छैन । तिनलाई बिर्सनु हुँदैन । त्यसकारण, हाम्रो देशमा पनि सत्य आयोग आवाश्यक छ ।

## अमित ढकाल

हामीकहाँ जसले मानव अधिकार उल्लङ्घन गऱ्यो उही विजयी भएको छ । त्यसैले, सङ्क्रमणकालीन न्यायको कुरा आउनेबित्तिकै भोलि पनि यसलाई पन्छाउन खोजिन्छ । त्यसो हुन नदिन यस विषयलाई राष्ट्रिय अभियानका रूपमा लैजानका लागि कुन समय उपयुक्त हुन्छ ? यस कुरालाई हामीले कहिले उठाउने ? नागरिक समाजले कहिले उठाउने ? मानव अधिकारकर्मीले कहिले उठाउने ? सञ्चारमाध्यमले कहिले उठाउने ? कति बेला कुरा उठाउँदाखेरि राम्रो प्रभाव पर्छ, दण्डहीनता हुँदैन, राज्यपक्ष र विद्रोही दुवैलाई सङ्क्रमणकालीन न्यायका संरचना तयार गर्नका लागि ट्रुथ कमिसन (छानबिन आयोग) र रिकन्सिलेसन कमिसन (मेलमिलाप आयोग) बनाउनका लागि वातावरण तयार हुन्छ ।

माओवादीहरू चन्दा उठाएको, मान्छे पिटेको, मान्छे मारेको सबै आत्मारक्षाका लागि, देश बनाउनका लागि हो भन्छन् । सेनाका मानिसहरू कानुन र संविधानको रक्षा गर्नका लागि मान्छे मारेको भन्छन् । त्यसैले, भोलि नेताहरूले मानव अधिकार उल्लङ्घन गर्नेहरूलाई संरक्षण गर्न र यस्ता कुरालाई भरसक पन्छाउन खोज्छन् ।

## कनक दीक्षित

सबैको आफ्नो-आफ्नो भूमिका हुन्छ । जो मानव अधिकार संरक्षणमा लागेका छन् उनीहरूले सङ्क्रमणकालीन न्यायका बारेमा विचार पुऱ्याउनुपर्छ । जो वार्तामा लागेका छन् उनले वार्तामा लाग्नुपर्छ ।

कसकसले कहाँ-कहाँ र कसरी ज्यादती गरे ? दोरम्बामा कसले गऱ्यो ? माडीमा कसले गऱ्यो ? कुन समूहले भन्ने कुरा मात्र होइन कुन व्यक्ति संलग्न थिए भन्ने कुरा पनि खोज्नुपर्छ । यो प्रक्रिया सुरु भएको छ, लगातार भइरहनुपर्छ । नेपालमा मध्यमवर्ग, उच्च मध्यमवर्ग र धनीवर्ग कहिल्यै पनि जेल जाँदैनन् । विगत ५० वर्षको इतिहास हेर्ने हो भने काठमाडौँको उच्च मध्यमवर्गको मानिस जेल गएको घटना हातमा गन्न सकिन्छ । दण्डहीनताका क्षेत्रमा नयाँ कुरा थाल्नुपर्छ ।

द्वन्द्वका कारणतिर जाऔँ, सङ्क्रमणकालीन न्याय र जवाफदेहिताको कुरा नगरौँ भन्न मिल्दैन । माओवादीभित्र पनि ज्यादती गर्नेहरू छन् । उनीहरूका बारेमा अनुसन्धान नगर्ने ? त्यसको मतलब त फेरि सेनाले गरेका ज्यादतीले पनि त छुट पाउने भयो । त्यसरी छोड्न त मिल्दै-मिल्दैन ।

अरू देशमा आयोग बनेको थियो, त्यसैले यहाँ पनि आयोग बनाउनुपर्छ भन्ने होइन । अन्त ट्रुथ कमिसन थियो यहाँ पनि ट्रुथ कमिसन हुनुपर्छ भन्ने होइन । नेपालमा मौलिक किसिमले काम गर्न सकिन्छ । राष्ट्रिय मानव अधिकार आयोगले हेर्ने हो कि ? नेकपा (माओवादी) सरकारमा जान उन्मुख छ । गई पनि हाल्छ

होला। त्यसपछि मल्लिक, रायमाझी इत्यादि आयोगलाई कुर्न मिल्दैन। त्यति बेला दुवै पक्ष सरकारमा भएको मान्नुपर्छ। सङ्क्रमणकालीन न्याय र जवाफदेहिताको विषय जनताबाट आउनुपर्छ। सरकारले आयोग बनाइदेला भनेर बस्नु हुँदैन। अरू नै केही प्रक्रियाबारेमा विचार गर्नुपर्छ।

### प्रकाश ज्ञवाली

मानव अधिकार, न्याय र जवाफदेहितालाई थाति राखेर गरिएका राजनीतिक परिवर्तनले स्थायित्व ल्याउँदैन। दण्डहीनता एकदमै महत्त्वपूर्ण कुरा हो। नागरिक समाजले पीडितहरूको आवाजलाई राष्ट्रिय तहमा ल्याउन सक्छ। पहिले वास्तविकता बुझेर त्यसपछि कुन कार्यविधि ठीक छ भन्ने कुरा निर्क्योल गर्न सजिलो हुन्छ।

अहिलेको मुख्य समस्या अपराधको राजनीतिकरण हो। कुनै पक्षले अपराध गर्‍यो भने त्यसलाई राजनीतिक रङ दिएर उन्मुक्ति पाउने अवस्था छ। राजनीतिक संरक्षणका आधारमा हुने अपराधले हरेक क्षेत्रलाई ध्वस्त पार्छ।

### अष्टलक्ष्मी शाक्य

कुनै पनि आरोपमा, कुनै पनि बहनामा हत्या, मान्छेले मान्छेलाई हत्या गर्ने, हिंसा गर्ने, बलात्कार गर्ने भनेको जघन्य अपराध हो। कुनै पनि बहाना र कुनै पनि आरोपमा यस्तो काम गर्न दिनु हुँदैन। दण्डहीनतालाई अन्त्य गर्नैपर्छ। यसो गर्न सकेनौँ भने एकपछि अर्को अपराध भइरहन्छन्। मललिक आयोगको प्रतिवेदन लागू नगरेको परिणाम हामी आज भोग्दैछौँ।

मलाई लाग्छ न्याय भन्ने कुरा सधैँभरि हुनुपर्दछ। सङ्कमणकालको अवस्थामा मानव अधिकार हननका अझै धेरै घटनाहरू हुने गर्छन्।

हामीले लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सकेनौँ भने न्याय र शान्तिको सवाललाई दिगो बनाउन सक्दैनौँ। सेनाभित्र लोकतान्त्रीकरण अत्यन्तै जरुरी छ। संसदमा हामीले सैनिक विधेयक पास गर्‍यौँ। एक महिना लगाएर बहुत छलफल गरेर। तर यस विधेयकले सेनाभित्र लोकतान्त्रीकरण गर्छ भन्ने मलाई लागेको छैन। सेनाभित्र, सम्पूर्ण सुरक्षा निकायलाई मानव अधिकारका शिक्षा कसरी दिने र यसलाई लोकतान्त्रीकरण कसरी गर्ने भन्ने कुराहरू सोच्न अत्यन्तै जरुरी छ।

### मीनराज पन्थी

हामी सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ। आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन। मानव अधिकार उल्लङ्घन गर्नेहरूलाई कसरी सजाय दिने भन्ने कुरामा द्विविधा छ जस्तो मलाई लाग्दैन। जसको मानव अधिकार हनन भएको छ ती

व्यक्तिका आँखाबाट हेर्न सक्यौँ भने कुरा प्रस्ट हुन्छ ।

गाउँमा मानिसहरू धेरै पीडित छन् । एउटा उदाहरण दिन चाहन्छु । प्यूठानको बिज्वार भन्ने ठाउँमा स्कुलबाट घर आइराखेका दस जना बच्चाहरू बारुदी धरापमा परे । एक जना बच्चा मरे । अरू नौ जनामध्ये कसैले खुट्टा गुमाए । कसैले हात गुमाए । कसैको शरीरभरि छर्रैछर्रा छ । उनीहरू जीवनभरका लागि न बस्न सक्ने, न उठ्न सक्ने, न राम्रोसँग सुत्न सक्ने भएका छन् । उनीहरूले यो धराप कसले थाप्यो भन्नेसम्म थाहा पाउन सकेनन् ।

## रामदयाल यादव

एउटाले अर्कोलाई आक्षेप लगाउने काम अहिले पनि भइराखेको छ । माओवादीहरूले पनि बदमासी गरिराखेका होलान् । उनका नाममा अरूले पनि गरिराखेका होलान् । पुलिस नै पनि संलग्न देखिन्छ कतिपय केसमा । त्यस्तो सबै किन भइराखेको छ भने हामी सङ्क्रमणकालीन अवस्थामा छौँ । यस्ता कुराहरूलाई पनि कसरी रोक्ने भन्ने कुरा हेर्नुपर्छ ।

## मन्दिरा शर्मा

संसारका तानाशाहहरूले आफ्नो तानाशाही कामलाई जनताका लागि भनेर आत्मरक्षा गर्दै आएका छन् । आत्मरक्षा गर्न पाइन्छ । तर त्यसका नियम हुन्छन् । त्यसका विश्वव्यापी मान्यताहरू छन् । ती मान्यताभित्र बस्नुपर्छ । जतिसुकै महान् र उत्कृष्ट उद्देश्यले गरिएको किन नहोस् नागरिकको हत्या गरेर नागरिकको अधिकारको संरक्षण गरेँ भन्ने आत्मसन्तुष्टि कहिले पनि, कसैले पनि राख्न पाउँदैन । नागरिक बेपत्ता पारेर मैले नागरिक अधिकारका बारेमा कुरा उठाएँ भन्न पाइँदैन । त्यो गर्ने उन्मुक्ति, त्यो भन्ने उन्मुक्ति, त्यो काम गर्ने स्वच्छन्दता कसैलाई पनि छैन । ती सबै अपराध हुन् । जतिसुकै राम्रो उद्देश्यले गरेका किन नहुन् तिनलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले अपराध मानेका छन् । ती अपराधहरूमा उनीहरू जवाफदेही हुनैपर्छ । त्यस्ता अपराधका पीडितले न्याय पाउनैपर्छ भन्ने सिद्धान्तका आधारमा हामी सङ्क्रमणकालीन न्यायका बारेमा छलफल गरिराखेका छौँ ।

राज्य वा माओवादी जुनसुकै पक्षले गरेको होस्, गम्भीर प्रकृतिको मानव अधिकार हनन गर्नेलाई जवाफदेही बनाउनैपर्छ । यसका लागि हाम्रो आफ्नै देशको संयन्त्र बलियो हुनुपर्छ । फौजदारी न्याय प्रणालीसँग सम्बन्धित यहाँकै संयन्त्र बलियो हुनुपर्छ । यहीँको पुलिसले अनुसन्धान गर्नुपर्छ । यहीँको सरकारी वकिल त्यस्तो मुद्दा लिएर अदालतमा जान सक्षम हुनुपर्छ । यहीँको न्यायालयले न्याय दिन सक्नुपर्छ भन्ने कुरा वर्षौंदेखि उठेका छन् । तर पनि त्यसो नभएका कारण

बाध्य भएर हामीले अब यस्ता अपराधलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा लानुपर्छ भनेर भन्नुपर्छ ।

हामी लोकतान्त्रिक पद्दतिमा छौँ भनेर गर्व पनि गर्ने, हामी जनताका प्रतिनिधि हौँ पनि भन्ने अनि जनताका पीरमर्का अथवा जनतामाथि भएको अन्यायको एउटा पनि अपराधमा अनुसन्धान नगर्ने हो भने यसले के कुराको सङ्केत गर्छ ? यस्तो अवस्थामा हामी लोकतान्त्रिक पद्धतिमा छौँ, हामी जनताका प्रतिनिधि हौँ भन्ने नैतिक आधार गुम्छ कि गुम्दैन ?

विगतमा भएका जति पनि ज्यादतीहरू छन् त्यसको सनुवाइ नहुने हो भने यस्ता घटना भविष्यमा पनि दोहोरिन सक्छन् । त्यसले गर्दा ज्यादतीहरूलाई न्यायपूर्ण तरिकाले टुङ्गो लगाउने पद्धतिको कुरा गरिन्छ । हामीले यो काम गर्न ढिलो भइसक्यो । न्यायको कुरा गर्न समय पर्खिरहनुपर्दैन ।

मानव अधिकार यस क्षेत्रमा काम गर्छु भनेर बस्ने संस्थाहरूले मात्र उठाएर पुग्ने विषय होइन यो । सबै क्षेत्र परिचालित हुनुपर्छ । त्यसो नभएकै कारणले र नेपालको मानव अधिकार आन्दोलन सङ्कुचित हिसाबले अघि बढेकाले दण्डहीनताका बारेमा जति छलफल हुनुपर्ने हो त्यति हुन सकेको छैन ।

# अन्तरिम संविधान र संविधानसभा

प्रस्तोता
**टीकाराम भट्टराई**
**भीमार्जुन आचार्य**
**कृष्ण हाछेथु**
संयोजक
**हरि शर्मा**

## हरि शर्मा

यो सत्र अन्तरिम संविधान र संविधानसभाका बारेमा हुनेछ । आज हामीबीच तीन जना वक्ताहरू हुनुहुन्छ । उहाँहरूको आ-आफ्नो क्षेत्र छ । भीमार्जुन आचार्य र टीकाराम भट्टराई वकिल हुनुहुन्छ जो केही समय यता पत्रपत्रिकामा संविधानसम्बन्धी विषयमा लेखिरहनुभएको छ । उहाँहरूलाई हामीबीच पाउँदा खुसी लागेको छ ।

अर्का साथी हुनुहुन्छ कृष्ण हाछेथु । उहाँ नेपाली राजनीतिको छलफलमा अध्ययन-अध्यापनमा प्रतिष्ठित हुनुहुन्छ । विगत केही समयदेखि प्रजातन्त्रसँग सम्बन्धित विषयहरू विशेष गरी प्रजातन्त्रको निगरानी, प्रजातन्त्रसम्बन्धी सर्वेक्षण र नेपालमा दलको निर्माणबारेमा लेख्दै र बोल्दै आउनुभएको छ । कृष्ण हाछेथु सेन्टर फर नेपाल स्टडिज (सीनास) सँग सम्बन्धित हुनुहन्छ ।

म तीनै जना वक्ता साथीहरूलाई स्वागत गर्दै आजको कार्यक्रम सुरु गर्न चाहन्छु । उहाँहरूको छोटो प्रस्तुतिलाई हामीले छलफलको थालनीका रूपमा लिएका छौँ । म पहिले प्रत्येक वक्तालाई करिब १० देखि १५ मिनेट दिन चाहन्छु । त्यसपछि छलफलमा जाऊँ ।

## अन्तरिम संविधान

## टीकाराम भट्टराई

दोस्रो जनआन्दोलनपछि छलफल गरी आएको, पत्रपत्रिकामा आफ्ना धारणाहरू सार्वजनिक गरी आएको हुनाले छलफलका लागि केही विषयहरू राख्नु मात्र उपयुक्त हुन्छ भन्ने लागेको छ । हामी तीन जनाले सल्लाह गरेर विषय बाँडेका छौँ । म अन्तरिम संविधानमा मात्रै केन्द्रित हुनेछु । भीमार्जुन आचार्य संविधानसभामा केन्द्रित हुनुहुनेछ र कृष्ण हाछेथु सङ्क्रमणकालीन राजनीतिमा केन्द्रित हुनुहुनेछ ।

अन्तरिम संविधान तत्कालै आवश्यक भएको कुरा हामीले महसुस गरेका थियौँ । २०६३ साल जेठ ४ गतेको प्रतिनिधिसभाको घोषणाको सट्टा अन्तरिम संविधान जारी भएको भए सबभन्दा उत्तम हुने थियो । जनआन्दोलनले एउटा महत्त्वपूर्ण क्षेत्रमा परिवर्तन ल्यायो । शासनमा परिवर्तन ल्याइदियो । ‘किङ इन

पार्लियामेन्ट' अर्थात् संसदमा राजाको अवधारणालाई त्यसले समाप्त गरिदियो। राजालाई संसदभन्दा बाहिर राखिदियो। प्रतिनिधिसभाको घोषणाले संसदमा राजाको अवधारणालाई समाप्त पारिदियो। त्यसपछि भएका संसदीय कामकारबाहीहरूमा राजालाई समावेश गराइएन।

त्यसै गरी कतिपय सिफारिसहरू राजामा गएर मात्रै लागू हुने व्यवस्था संविधानले गरेको थियो। त्यसलाई पनि घोषणाले समाप्त गरिदियो। त्यसो भएको हुनाले हामीले त्यति बेलै अन्तरिम संविधान जारी गर्नु सबभन्दा उपयुक्त हुने थियो भनेका हौँ। त्यसो गरेको भए अहिलेसम्ममा विद्रोही शक्ति पनि मूलधारमा आइसक्ने थियो। यो सङ्क्रमणकालीन अवधि यसअघि नै समाप्त भइसकेको हुने थियो।

अन्तरिम संविधान तत्कालै जारी नगरेकाले कुरा बाझिएको छ। प्रतिनिधिसभाको घोषणाबाट हामीले संविधान संशोधन गर्‍यौँ र घोषणा संविधानभन्दा ठूलो हो भनेर हामीले त्यो घोषणामै उल्लेख गर्‍यौँ। घोषणासँग बाझिने संविधानका प्रावधानहरू निष्क्रिय हुनेछन् भनेर भन्यौँ। यथार्थमा घोषणाले संविधान संशोधन गर्न सक्ने थिएन। संविधान संशोधनका आफ्ना मान्यताहरू छन्। विधिशास्त्रका आफ्ना मान्यताहरू छन्। संविधानवादका आफ्ना मान्यताहरू छन्। विश्वव्यापी रूपमा स्थापित भएका मूल्य र मान्यताहरूलाई हामीले आफ्नो घोषणाको माध्यमद्वारा परिवर्तन गर्ने जमर्को गर्‍यौँ। त्यो परिवर्तनको आकाङ्क्षाप्रति, जमर्कोप्रति हामी सबै सहमत थियौँ तर त्यो सिद्धान्ततः मिल्ने कुरा थिएन।

यसको फलस्वरूप के भयो भन्ने दुइटा उदाहरण म यहाँ उल्लेख गर्न चाहन्छु। एउटा जनआन्दोलनको दमनमा सक्रिय रहेका भनिएका केही पदाधिकारीहरूलाई हामीले कानुनी कारबाही गर्ने प्रयत्न गर्‍यौँ तर सफल भएनौँ। अदालतकै माध्यमद्वारा उनीहरू छुट्न पुगे। त्यो अदालतको दोष थिएन। हाम्रो राजनैतिक नेतृत्वको दोष थियो।

दोस्रो, तत्कालीन संविधान अहिलेसम्म पनि बहाल रहेकाले प्रतिनिधिसभाको घोषणाको वैधानिकताको परीक्षण सर्वोच्च अदालतले सुरु गरेको छ। सरकारका नाममा, प्रतिनिधिसभाका नाममा, प्रधानमन्त्रीका नाममा कारण देखाउ आदेश जारी गरेको छ। अब ऊ घोषणाको वैधानिकतामा प्रवेश गर्छ। भोलि सर्वोच्च अदालतले प्रतिनिधिसभाको घोषणा संविधानसँग बाझियो भन्यो भने अचम्म मान्नु हुँदैन। अदालतले त्यस्तो फैसला गर्‍यो भने कानुनको विद्यार्थीका नाताले हामीले त्यसको सम्मान गर्नुपर्ने हुन्छ। त्यसको विकल्प छैन। यी दुईओटा कुरामा हामी चुक्यौँ भन्ने मलाई लागेको छ।

तेस्रो कुरा, अन्तरिम संविधान जारी भइसकेको भए विद्रोही शक्ति नेकपा (माओवादी) अहिलेसम्ममा अन्तरिम सरकारमा बसिसकेको हुने थियो। यस संविधानको

विरुद्धमा हतियार उठाएको कारणले गर्दा यही संविधानअन्तर्गत आएर ऊ सरकारमा बस्न चाहँदैनथ्यो ।

यो आन्दोलनले गणतन्त्रको स्थापना गर्न पनि सकेन । आजसम्म विद्रोही र सात राजनीतिक दलका बीचमा भएका कुनै पनि सन्धि-सम्झौतामा गणतन्त्र भन्ने शब्द राखिएन । जनआन्दोलनले राजालाई फ्याक्न चाहेको हो । त्यहाँ लागेका नारा, त्यहाँ भएको सहभागिता र २००७ सालदेखि २०६१ साल माघ १९ सम्मका राजाका कदम हेर्दा यो प्रक्रिया भविष्यमा नदोहोरियोस् भन्ने चाहेकै हो जनआन्दोलनले । यसमा सायद कसैको दुईमत छैन । तर गणतन्त्र स्थापना भएको छैन ।

अन्तरिम संविधानमा राजाको स्थान के हुने भन्ने विवाद उठेको छ । विधिशास्त्रका आधारमा, संविधानवादको आधारभूत सिद्धान्तका आधारमा, समाज विज्ञानका अरू शास्त्रहरूका आधारमा के भन्न सकिन्छ भने समाजमा जे कुराको अस्तित्व छ, जुन पदार्थको वा चेतनाको अस्तित्व छ त्यसले आफ्नो स्थान ओगट्छ । यो शाश्वत नियम हो समाज विज्ञानको । अहिले नारायणहिटीमा राजा ज्ञानेन्द्र छन् । यो शाश्वत सत्य हो । नारायणहिटीमा राजा ज्ञानेन्द्र छन् भने अन्तरिम संविधानमा राजाको स्थान के हुने भन्ने प्रश्न छ । त्यही कारणले गर्दा अन्तरिम संविधानको घोषणा पनि रोकिएको छ । हामी के भन्न सक्छौँ भने प्रतिनिधिसभाको घोषणा भएको मिति २०६३ जेठ ४ गतेदेखि आजसम्म वा प्रस्तावित अन्तरिम संविधान घोषणा हुने मितिसम्म राजाको स्थान जे छ त्यो स्थान अन्तरिम संविधानमा रहनेछ । राजाको अहिलेको स्थानलाई जनआन्दोलनकारी शक्तिहरूले पनि स्वीकार गरे । जनताले पनि स्वीकार गरे । जनताले, जनआन्दोलनकारी शक्तिहरूले अन्तरिम रूपमा राजाको अस्तित्व स्वीकार गरेका छन् ।

विद्रोही शक्तिले राजाको वैशाख ११ गतेको घोषणाका विरुद्धमा देशव्यापी रूपमा अनिश्चितकालीन चक्काजामको घोषणा गरेको हो । गणतन्त्र प्राप्त नभएसम्म आन्दोलन जारी राख्ने उसले भनेको हो । तर वैशाख १५ गते प्रतिनिधिसभा बसेर त्यसले संविधानसभाको घोषणा गर्ने भनेपछि विद्रोही शक्तिले देशव्यापी चक्काजाम र गणतन्त्र नआउन्जेलसम्म जनआन्दोलन जारी राख्ने भन्ने आफ्नो पूर्व घोषित कार्यक्रम फिर्ता लियो ।

आन्दोलनको राप रहेको अवस्थामा प्रतिनिधिसभाले वैशाख २० गतेभित्र राजालाई गद्दी त्याग गर्न निर्देशन दिएको भए, राजाले दुईओटा कुरा गर्थे होला । या त राजगद्दी त्याग्ने थिए या म तिम्रो घोषणा मान्दिनँ, जनमत सङ्ग्रहका माध्यमबाट जनताले जे फैसला गर्छन् त्यो फैसला स्वीकार गर्न तयार छु भन्ने थिए होला । तर प्रतिनिधिसभाले त्यो मौका चुकायो । आन्दोलनकारी शक्तिहरू चुके ।

त्यसकारण मलाई के लाग्छ भने जेठ ४ पछिको राजाको भूमिकालाई नेकपा

(माओवादी) र सात दल र आम जनताले स्वीकार गरेको हुनाले अन्तरिम संविधानमा अहिले राजाको भूमिका जे छ त्यही भूमिका रहनेछ । २०४७ को संविधानको भूमिका रहनेछैन ।

अब सात राजनीतिक दलले राजाका विषयमा टुङ्गो लगाउनुपर्ने भएको छ । संविधानसभासँगै वा संविधानसभाको निर्वाचन अगावै नेपालमा राजासहितको संविधान बन्ने कि राजाविनाको भनेर छान्ने अधिकार नेपाली जनतालाई दिनु सबभन्दा उत्तम विकल्प हो । नेपाली जनताले जे फैसला गर्छन् त्यो फैसलाबमोजिम संविधान बनाउने निर्णय गर्नु सबभन्दा बुद्धिमानीपूर्ण र संविधानवादको सिद्धान्त अनुरूप हुन्छ ।

संविधानसभालाई राजतन्त्रको टुङ्गो लगाउन छोडयौँ भने त्यो अर्को ठूलो भूल हुनेछ । संविधानसभाबाट नयाँ संविधान नबन्ने, बनिहालेमा पनि दुइटा संविधान एकैचोटि बन्ने खतरा मैले देखेको छु । पाकिस्तानमा यस्तै भएको थियो । अन्यत्र पनि त्यस्तो भएको छ । संविधानसभा भनेको सहमतिको सभा हो । नेकपा (माओवादी) का मित्रहरूले सुरुसुरुमा नि:सर्त संविधानसभा भन्नुहुन्थ्यो । अहिले उहाँहरू नि:सर्त भन्नुहुन्न । दुनियाँमा संविधानसभा नि:सर्त भन्ने कुरा कहीँ हुँदैन । जसले नि:सर्त हुन्छ भन्छ त्यसले आधारभूत कुरा बुझेको छैन ।

संविधानसभाले सारभूत परिवर्तन गर्दैन । सारभूत परिवर्तन भएका कुराहरूलाई लिपिबद्ध गर्ने कामसम्म गर्छ । सारभूत कुरालाई पनि संविधानसभामा लगेर चार-पाँच सय मान्छेहरूका बीचमा छोडियो भने एक सय मान्छेहरू एकातिर होलान्, चार सय एकातिर होलान्, अथवा तीन सय एकातिर होलान्, दुई सय एकातिर होलान् । त्यहाँ बहुमत र अल्पमतका आधारमा निर्णय गर्नुपर्ने अवस्था आयो भने अल्पमतवालाले हाम्रो भावनाको कदर भएन, हामी छुट्टै संविधान लेख्छौँ भन्ने खतरा मैले देखेको छु । त्यसैले राजतन्त्रको निर्क्योल संविधानसभाबाटै गरौँ भन्ने दिशातर्फ मुलुकलाई नलैजाऔँ ।

यति भइसकेपछि अन्तरिम संविधान कसले जारी गर्ने प्रश्न आउँछ । नयाँ संविधान घोषणा गर्ने दुईओटा तरिका छन् – संवैधानिक निरन्तरता वा क्रान्तिबाट । क्रान्ति सम्पन्न भएको भए क्रान्तिकारी शक्तिले आफ्नो शक्तिको माध्यमद्वारा अन्तरिम संविधान जारी गर्न सक्थ्यो । तर क्रान्ति सम्पन्न भएको हो भन्ने मलाई लाग्दैन । क्रान्तिको चरित्र बोकेको जनविद्रोह सफल भएको हो । विधिशास्त्रमा वैधताको प्रश्न अहम् बनेर आउँछ । क्रान्ति सम्पन्न भएको भए यो प्रश्न उठ्दैनथ्यो । तर त्यसो नभएको हुनाले हामीले संवैधानिक निरन्तरताको बाटो अपनाउनुपर्छ । प्रतिनिधिसभाबाटै अन्तरिम संविधानको घोषणा हुनुपर्छ । त्यसो गर्दा वैधानिकताको प्रश्न त्यहाँ आउँदैन । नेकपा (माओवादी) प्रतिनिधिसभामा छैन । उसको भावना कदर गर्नका लागि आठ राजनीतिक दलहरूले त्यसलाई राजनीतिक रूपमा पास

गरिसकेपछि त्यसलाई जारी गर्ने प्रयोजनका लागि मात्रै प्रतिनिधिसभामा लान सकिन्छ । अन्तरिम संविधानले व्यवस्था गरेबमोजिमको अन्तरिम व्यवस्थापिका त्यही दिन जन्मन्छ । आफ्नो उत्तराधिकारीको जन्मको घोषणा गर्दै प्रतिनिधिसभाको मृत्यु त्यही दिन हुन्छ । यो सबभन्दा सुरक्षित र विधिशास्त्र अनुकूल बाटो हो भन्ने मलाई लागेको छ ।

## संविधानसभा : प्रक्रिया र समयावधि

**भीमार्जुन आचार्य**

हामीले संविधानसभा भन्नाले आम मानिसले बुझेजस्तै संविधान बनाउने एउटा सभा वा विधि भनेर बुझ्ने गरेका छौँ । तर संविधानको शास्त्रमा संविधानसभालाई योभन्दा केही फरक र केही गहिरो रूपमा बुझ्ने गरिन्छ । ती कुरा बुझ्नका लागि यसको बनावटको प्रक्रियालाई हेर्ने गरिन्छ ।

अहिलेसम्म संसारका करिब १९५ राष्ट्रमा लिखित संविधान छ । यी संविधान बनाउँदा धेरै प्रक्रिया अपनाइएको छ । तर तिनको समग्रमा विश्लेषण गर्दा संविधान बनाउने दुइटा प्रक्रिया भएको देखिन्छ – विशेषज्ञले बनाउने र जनताको सहभागितामा बनाउने ।

पहिलो तरिकामा संविधान बनाउने जिम्मा विशेषज्ञलाई दिइएको हुन्छ । यो प्रक्रिया अपनाउँदा केही अभिजात वर्गको सल्लाह र उनीहरूबीचको सम्झौताका आधारमा संविधान तयार हुन्छ । यसरी बनाइएको संविधानलाई करार वा सम्झौताको दस्तावेजका रूपमा लिइन्छ । संविधान बनाउने यो पहिलो मोडल हो ।

तर पछि संविधान भनेको विशेषज्ञले मात्र बनाउने विषय होइन भन्ने विचार आयो । यस विचारअनुसार संविधान जनताको दस्तावेज भएको हुनाले यसलाई जनताले नै बनाउनुपर्छ । त्यसपछि संविधान निर्माणमा विशेषज्ञको मात्र होइन जनताको पनि सहभागिता चाहिन्छ भनियो ।

संविधानसभाबाट संविधान बनाउनुको दार्शनिक पक्ष पनि छ । संविधानलाई सर्वोच्च कानुन भनिन्छ । कानुनको अन्तिम स्रोत जनता हो । जनताले संविधान लेखेन भने संविधानले सर्वोच्च कानुनको शक्ति प्राप्त गर्न सक्दैन भन्ने आधारभूत मान्यता हो ।

संविधानसभा भनेको यही दोस्रो मोडलको एउटा रूप हो । सम्पूर्ण रूप भने होइन । सहभागितात्मक संविधान निर्माण प्रक्रियाको एउटा स्वरूप हो ।

यी दुईओटा मोडलबीचमा एकदमै तात्विक अन्तर हुन्छ । पहिलो मोडलले बनाइएको संविधान करारको दस्तावेज हो भने संविधानसभाबाट बनाइएको संविधान संवादको दस्तावेज हो ।

संविधानसभाका माध्यमबाट संविधान बनाउनु भनेको संविधानलाई करारको होइन संवादको दस्तावेज बनाउनु हो। संवादको दस्तावेज बनाउने भएको हुनाले संविधानसभाबाट संविधान बनाउँदा दुइटा कुरा बहुत महत्त्वपूर्ण हुन्छन् – प्रक्रिया र समयसीमा। कतिपय संविधानशास्त्रीहरूले संविधानसभाबाट संविधान बनाउने प्रक्रियालाई प्रक्रियाप्रधान विषय भनेका छन्। यसमा म पूर्णतः सहमत छु।

यो कुरा नबुझिकन अर्थात् यस मान्यतालाई आत्मसात् नगरिकन संविधानसभाबाट संविधान बनाउन खोज्यो भने संविधान कुनै पनि हालतमा राम्रो हुँदैन। त्यसो गर्दा संविधानसभाले संविधान बनाएको पनि ठहर्दैन। त्यसैले संविधानसभामार्फत संवादको दस्तावेज बनाउन खोज्दा प्रक्रिया र समयलाई बहुत महत्त्व दिइन्छ। त्यसैले संविधानसभा भनेको प्रक्रियाद्वारा निर्देशित र समय लाग्ने विषय हो। यसलाई स्वीकार्नुपर्छ। यस प्रक्रियामा संविधानसभाको प्रयोजनका लागि देशलाई कार्यशाला बनाइन्छ। यसरी संविधान बनाउँदा कम्तीमा तीनओटा चरणमा जनताको सहभागिता खोजिन्छ।

पहिलो, संविधानसभा गठन हुनुभन्दा अघिको चरण। यस चरणमा नयाँ राज्यको गन्तव्य के हुने ? नयाँ संविधानको गन्तव्य के हुने ? र, लक्ष्य के हुने ? आदि विषयको निर्णय गर्ने बेलामा नागरिकहरूको सहभागिता खोजिन्छ। दुनियाँमा कहीं कतै पनि संविधानसभाबाट संविधान बन्ने कुरा निःसर्त हुँदैन। संधिानसभा जहिले पनि सर्तसहितको हुन्छ। संविधानसभाबाट निःसर्त संविधान बनाउनु जति ठूलो दुर्भाग्य र खतरनाक खेल केही पनि हुँदैन। यस चरणमा राज्यको सिद्धान्त र आधारभूत गन्तव्य तय गर्न जनताको सहभागिता खोजिन्छ।

दोस्रो, संविधानसभा गठन भइसकेपछिको चरण। यस चरणमा संविधानसभाअन्तर्गत विभिन्न समिति, महासमिति, उपसमिति बनाइन्छन्। ती समिति र सञ्चारमाध्यममार्फत जनता संविधान बनाउने काममा सहभागी हुन्छन्। उनीहरूको मतलाई लिएर संविधानको दस्तावेज वा मस्यौदा तयार गरिन्छ।

तेस्रो, संविधानसभाले गरेको मस्यौदा अनुमोदनको चरण। यो मस्यौदालाई जनताले प्रत्यक्ष निर्वाचन अनुमोदन गरे भने संविधानसभाको चक्र समाप्त हुन्छ। यी प्रक्रियालाई समग्रमा राष्ट्र निर्माणको प्याकेज भनिन्छ।

हामीकहाँ राष्ट्र निर्माण वा पुनर्संरचना गर्ने भन्नेबारेमा भ्रम छ। संविधानसभाको गठन भएपछि यसले जादुजस्तै गरी राष्ट्रको निर्माण गरिदिन्छ भन्ने आम सोचाइ छ। संविधानसभामार्फत राष्ट्रको पुनर्संरचना गर्नु भनेको सम्पूर्ण प्रक्रियामा छलफल, सोधनी, आम सहमतिमार्फत जनताको सहभागिता जुटाउनु हो। यी सबै कामका लागि समय बहुत महत्त्वपूर्ण हुन्छ। तीन महिना वा छ महिनामा संविधानसभाबाट संविधान बनाउनु भनेको बिलकुल गलत काम हो। पर्याप्त समय खर्च गर्न

सकिँदैन, संविधानसभाको प्रक्रियालाई आत्मसात् गर्न सकिँदैन भने यो विधिबाट संविधान नबनाउनु नै जाती हुन्छ ।

संविधानसभाको सुन्दरता – यसबाट साख निर्माण गर्ने भन्ने कुरा – प्रक्रिया र समयावधिजस्ता दुईओटा तत्त्वमा निर्भर हुन्छ । जनताको सहभागिताका लागि प्रक्रिया महत्त्वपूर्ण हुन्छ भने जनतासँग छलफलका पर्याप्त समय छुटचाउनु अति महत्त्वपूर्ण हुन्छ ।

संविधान बनाउने नभन्ने हो वा त्यसलाई अरू केही नाम दिने हो भने ठीकै छ । होइन संविधानै बनाउने भन्ने हो भने यी कुरा अनिवार्य रूपमा मान्नुपर्छ ।

संविधानसभामार्फत संविधान बनाउने काम सबैभन्दा पहिले फ्रान्समा सुरु भएको हो । त्यहाँ हामीकहाँ जस्तै दुई महिनामा संविधान बनाउने भनिएको थियो । उनीहरूले तीन महिना लगाए । लिथुनियामा संविधानसभाको गठन भएपछि संविधान बन्न तीन वर्ष लाग्यो । प्रक्रिया सुरु भएदेखिको समय जोड्ने हो भने त पाँच-सात वर्षभन्दा छिटो कहीँ पनि संविधान बनेको छैन । पाकिस्तानमा आठ वर्ष लाग्यो । दक्षिण अफ्रिका सबभन्दा पछिल्लो सफल मोडल हो । त्यहाँ संविधान बन्न १९९० बाट सुरु भएको मान्ने हो भने सात वर्ष लाग्यो । १९९४ मा सुरु भएको मान्ने हो भने तीन वर्ष लाग्यो । इटलीमा तीन वर्ष लाग्यो । संसारका कुनै पनि देशमा संविधानसभाबाट संविधान बनाउँदा प्रक्रिया र समयलाई सम्मान गरिएको छ ।

संसारका करिब ४० राष्ट्रमा संविधानसभाबाट संविधान बनाउने प्रयास गरिएको छ । तर यीमध्ये अधिकांश देशमा संविधानसभाको प्रयोग असफल भएको छ । संविधानसभा आफैँमा बेठीक भएर होइन । त्यसको सञ्चालनमा बुद्धि नपुऱ्याएकाले हो । ढङ्ग पुगेन भने संविधानसभा राष्ट्रिय समस्या र राष्ट्रिय क्षतिको सबभन्दा ठूलो कारण बन्ने रहेछ भन्ने कुरा यी ४० मध्ये ३५ ओटा देशको उदाहरणले प्रमाणित गरेको छ । तपाईं-हामीले समयमै सकारात्मक हस्तक्षेप गरेनौँ भने नेपालमा पनि यो नियति दोहोरिने बढी सम्भावना छ । संविधानसभा असफल हुनु पछाडि तीनओटा प्रमुख कारण देखिन्छन् ।

पहिलो, सङ्क्रमणकालको सही व्यवस्थापन नहुनु । सङ्क्रमणकाल संविधानसभाका लागि सबभन्दा पहिलो कदम हुन्छ । त्यस्को सही व्यवस्थापन गर्न सकिएन भने संविधानसभाबाट संविधान बनाउन सकिँदैन । यसकै कारणले धेरै देशमा संविधानसभा असफल भएको छ । नेपालमा यो नियति लगभग दोहोरिइसक्यो । अन्तरिम संविधान यसको मूल दृष्टान्त हो । जुन ढङ्गले, जुन समूहबाट १५ दिनमा अन्तरिम संविधान बनाउने कोसिस भयो संविधानसभामाथिको सबभन्दा ठूलो दुर्भाग्य त्यहीँबाट सुरु भयो । हामी त्यो बेला बहुत चिच्च्यायौँ । हामीले यसको

विरोध गऱ्यौँ । तर कहीँ कतै पनि सुनुवाइ भएन ।

दोस्रो, संविधानसभाको गठनमा ढङ्ग नपुऱ्याउनु । नेपालमा यो नियति दोहोरिने प्रबल सम्भावना छ । संविधानसभाको गठनका बारेमा सात दल, माओवादी आदिबीचमा आजसम्म पनि सहमति हुन सकेको छैन ।

तेस्रो, संविधानसभाबाट हुने उपलब्धिका बारेमा मानिसलाई जानकारी गराउन नसक्नु । ठूलो महत्त्वाकाङ्क्षा राखेर, लामो प्रक्रिया अपनाएर बनाएको संविधानले मानिसका आकाङ्क्षा पूरा नभएकाले संविधानसभा असफल भएका छन् । यो अवस्था पनि नेपालमा दोहोरिने बहुत सम्भावना छ । त्यसैले जनतालाई संविधानसभाबाट हुने अधिकतम उपलब्धिका बारेमा बुझाउनुपर्छ । यो कुरा बुझाउन सकिएन र आफ्नो बढेका आकाङ्क्षा संविधानसभाबाट पूरा नहुने देख्यो भने मान्छेले विद्रोह गर्छ ।

संविधानसभा सफल भएका दुई-तीनओटा देश नेपालका लागि अनुकरणीय छन् । त्यसमा पनि इटली नेपालका लागि सबैभन्दा अनुकरणीय उदाहरण हो । इटली संसारको एक मात्र देश हो जहाँ संविधानसभाबाट राजतन्त्र फालिएको थियो । इटलीमा १९४६ मा संविधानसभाबाट संविधान बनाउने कुरा चल्यो । त्यति बेला त्यहाँ नेपालमा अहिले भएजस्तै राजतन्त्र राख्ने कि फाल्ने भन्ने विषयमा ठूलो विवाद भयो । कतिपय मानिसहरूमा संविधानसभा नि:सर्त गर्ने, संविधानसभामा पठाइएका मानिसले जस्तो संविधान बनाउँछन् त्यही ठीक हुन्छ भन्ने धारणा पनि थियो । तर त्यहाँका बुद्धिजीवीहरूले नि:सर्त संविधानसभामार्फत देशले खोजेको संरचना र देशले खोजेको संविधान बन्न सक्दैन भन्ने विचार गरे । त्यसपछि राजतन्त्र कि गणतन्त्र भन्ने विषयमा जनमत सङ्ग्रह गरियो । खसेको मतको ५३.४ प्रतिशत गणतन्त्रको पक्षमा रहेकाले गणराज्य इटलीको संविधान बनाउने सर्तसहित संविधानसभा गठन भयो । संविधानसभाले यस विषयमा अन्यथा लेख्न पाएन । संविधानको धारा १३ मा संविधान लागू भएपश्चात् राजा इटली छाडेर निर्वासित हुनुपर्ने भन्ने उल्लेख भयो । राजाले केही समय मानेनन् तर पछि उनले माने । उनी निर्वासित भइसकेपछि इटली गणराज्य भयो ।

कतिपय मानिसहरू संविधानसभाबाट राजतन्त्र फाल्न सकिँदैन भन्छन् । त्यो बिलकुल गलत कुरा हो । यो नेपालका लागि ठूलो अवसर हो । विनारक्तपात, विनाठूलो क्षति संविधानसभाबाट राजतन्त्र फाल्ने अवसर आएको छ ।

संविधानसभाबाट संविधान बनाउनका लागि केही कदमहरू अनिवार्य रूपले उठाउनुपर्छ । सङ्क्रमणकालको व्यवस्थापन तिनमध्ये एक हो । सङ्क्रमणकालको सही व्यवस्थापन नगरिकन संविधानसभाबाट संविधान बनाउन सकिँदैन ।

दोस्रो विषय हो संविधानसभाको गठन । संविधानसभाको गठन गर्दा यी विषयहरूमा ध्यान पुऱ्याउनुपर्छ – प्रतिनिधित्व पद्धति के हुने ? निर्वाचन क्षेत्र निर्धारण गर्ने

विधि के हुने ? निर्वाचन पद्धति के हुने ?

प्रतिनिधित्वको पद्धति अर्थात् प्रतिनिधि निर्धारण गर्ने तीनओटा तरिका छन् – बहुमत पद्धति, समानुपातिक पद्धति र मिश्रित पद्धति । बहुमत पद्धति अपनायो भने समानुपातिक पद्धतिको कुरै गर्न पाइँदैन । क्षेत्र विभाजन गरेपछि हरेक क्षेत्रमा उम्मेदवार उठ्छन् । जसले बढी मत ल्याउँछ उसले जित्छ ।

समानुपातिक पद्धतिमा एक व्यक्ति दुईमत पनि हुन सक्छ । समानुपातिक पद्धतिमा पनि दुइटा छनोट गर्न सकिन्छ – एकल सङ्क्रमणीय र सूचीमा आधारित । एकल सङ्क्रमणीय पद्धतिको फाइदा के हो भने यस पद्धतिमा मत खेर जाँदैन । मत हस्तान्तरण हुने प्रणाली हो यो ।

सूचीमा आधारित समानुपातिक पद्धतिको एक मात्र वैज्ञानिक तरिकाअनुसार देशलाई एउटा मात्र निर्वाचन क्षेत्र बनाइन्छ । मतदानपत्रमा सूची राखिन्छ । नेपालमा दुई सूची बनाउनुपर्छ भन्छु म । सूची 'क' मा दलको नाम राख्ने 'ख' मा वर्ग (महिला, जनजाति, दलित आदि) को नाम राख्ने । एक जना मतदाताले दुई ठाउँमा मत हाल्छ । सूची 'क' मा चाहेको दललाई मत हाल्छ । सूची 'ख' मा चाहेको वर्गलाई मत हाल्छ । खसेको मतको प्रतिशतको नम्बर तयार हुन्छ । कुनै अमूक दलले ५० लाख मत पायो भने ५० लाख प्रतिशत बराबर उसले नम्बर पाउँछ ।

त्यो नम्बरका आधारमा प्रतिनिधि को हुने भन्नेबारेमा फेरि दुइटा बाटो छन् । बन्द प्रणालीमा गयो भने प्रतिनिधिको नाम पहिले नै दिएको हुन्छ । नामावली बनाउनुअघि मापदण्ड बनाउनुपर्छ ।

सूचीमा आधारित समानुपातिक पद्धति र आरक्षण फरक कुरा हुन । समानुपातिक पद्धतिबाट पनि प्रतिनिधित्व हुन नसकेका अति अल्पसङ्ख्यक वर्गलाई आरक्षण दिन सकिन्छ ।

संविधानसभाले बनाएको संविधान जनमत सङ्ग्रहबाट अनुमोदन गर्नुपर्दछ । त्यसो भएन भने संविधानसभामा छानिएका प्रतिनिधिका कामलाई नियन्त्रण गर्ने संयन्त्र हुँदैन । संविधानसभाबाट जनताले संविधान बनाउने हो भने संविधानको मस्यौदालाई जनताले अनुमोदन गर्न पाउनुपर्छ । यसो नहुँदा जनताले संविधान बनाउन पाउँदैन । संविधानसभामा जाने निर्वाचित मान्छे त जनता होइन ।

## सङ्क्रमणकालीन राजनीति

### कृष्ण हाछेथु

आन्दोलनले निश्चित लक्ष्य निर्धारण गरेको हुन्छ । यो आन्दोलनपछाडिको सङ्क्रमणकालीन राजनीतिक गोरेटो हो । यस आन्दोलनले चारओटा लक्ष्य निर्धारण गरेको थियो । पहिलो, राजाको शासनको अन्त्य । राजाको शासनको अन्त्य भनेको गणतन्त्र

हो वा आलङ्कारिकक राजतन्त्र, जे भए पनि आन्दोलनले राजाको शासनको अन्त्य चाहेको थियो। दोस्रो, सशस्त्र युद्धलाई शान्तिपूर्ण, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थामा रूपान्तर गर्ने। तेस्रो, समावेशी लोकतन्त्रतर्फ उन्मुख राज्यको पुनर्संरचना। यो लक्ष्य यसअघि निर्धारण भएको थिएन। २०४७ सालको संविधानमा यो कुरा उल्लेख छैन। चौथो, प्रगातिशील समाजिक आर्थिक नीति।

संविधानसभामार्फत बनिने नयाँ संविधानमा यी कुरा आधारभूत सिद्धान्त हुन सक्छन्। यी लक्ष्य प्राप्तिका लागि आन्दोलनकर्ताहरू अर्थात् नागरिक समाज, सात पार्टी र माओवादीबीचमा एक प्रकारको सहमति छ। लक्ष्य स्पष्ट छ तर लक्ष्य प्राप्तिका लागि सङ्क्रमणकालमा हामीले हिँडेको बाटो लक्ष्यतर्फ उन्मुख छ कि छैन ? यसका लागि सबैभन्दा पहिले राजनीतिक समझदारी चाहिन्छ।

यहाँनेर केही असहमतिका कुरा छन् जसको सुरुआत १२ सूत्रीय समझदारीबाट भएको छ। यो समझदारी गर्दैखेरिमा असहमति थियो। निरङ्कुश राजतन्त्रको अन्त्य भन्ने कुरालाई कसरी व्याख्या गर्ने ? गणतन्त्र भनेर व्याख्या गर्ने कि आलङ्कारिक राजतन्त्र भन्ने ? मेरो विचारमा अन्तरिम संविधानलगायतका कठिनाइहरूको जड त्यही हो। तर आन्दोलनका नेताहरूले के कुरा बुझ्नुपर्‍यो भने देश द्रुतगतिमा गणतन्त्रतर्फ दौडिइरहेको छ। नेपाली जनता अब पहिलेका जस्ता छैनन्। झन्डै ६० प्रतिशत साक्षर छन्।

इतिहासका हरेक चरणमा लोकतन्त्रलाई राजाले धोका दिएका छन्। २००७ सालमा प्रजातन्त्र आयो, १७ सालमा खोसियो। ४६ सालमा प्रजातन्त्रको दोस्रो प्रयोग भयो। असोज १८ वा माघ १९ मा राजाले प्रजातन्त्र खोसे। २००७ सालदेखि अहिलेसम्म हामीले चार जना राजा भोग्यौँ। तीन पुस्ताका चार जना राजाहरूमा एउटै प्रवृत्ति देखियो – मौका आउनासाथ प्रजातन्त्र फाल्ने। नेपालीहरूले अब इतिहास बुझेका छन् – राजतन्त्र सधैँ प्रजातन्त्रका निम्ति खतरा हो।

उन्नाइस दिनको आन्दोलनका धेरै लक्ष्य भए पनि एकसूत्रीय नारा थियो – राजतन्त्र हटाउने। संसदको घोषणाको साङ्केतिक महत्त्व के हो भने त्यसले नेपाली राज्यका अङ्गहरूबाट श्री ५ शब्द हटायो। श्री ५ शब्द हटाउने भनेको त्यो संस्था असान्दर्भिक भयो भनेको हो। त्यस पछाडि भएका मत सर्वेक्षणहरूका परिणामले पनि के देखाएको छ भने पहिलेका तुलनामा अझ बढी जनमत गणतन्त्रतर्फ उन्मुख छ।

विवादको अर्को बुँदा हो द्वैध शासन। हामीकहाँ द्वैध शासन छ। एउटा आधिकारिक नेपाल सरकार जसको प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला हुनुहुन्छ। अर्को माओवादीको सरकार। औपचारिक रूपमा त्यो विघटित भयो भने पनि त्यो छँदैछ। द्वैध शासन भएकै कारणले माओवादीबाहेक अरू पार्टीका नेताहरू

गाउँ जान सकेका छैनन्। सात राजनीतिक दलमा समेटिएका ठूला वा साना सबै दलले गाउँ जान खतरा महसुस गरेका छन्। दशैँ मनाउन जाँदा त जोखिम भएन होला तर राजनीतिक कुरा लिएर, जनमत निर्माण गर्न जाँदा उनीहरूले जोखिम देखेका छन्। द्वैध शासनले गर्दा काठमाडौँमा भएको सरकार निष्क्रिय भइराखेको छ। पेट्रोलको भाउ बढ्दा शान्ति सुव्यवस्था भएन। आर्मीका हतियार आयो भनेर माओवादीले देश ठप्प पारे।

यी दुवैमध्ये कुनै पनि सरकारले पूर्ण रूपमा सरकारको जसरी काम गरेको छैन। यी दुईओटा शासनलाई एकाकार गर्ने विधि र प्रक्रियाहरू नअपनाइकन राजनीतिक टुङ्गो लाग्लाजस्तो लाग्दैन।

सङ्क्रमणकालीन राजनीतिको अर्को प्रक्रिया संवैधानिक प्रक्रियाका बारेमा टीकाजी र भीमार्जुनजीले निकै प्रकाश पारिसक्नुभयो। म एउटै मात्र कुरा मात्र गर्छु। अन्तरिम संविधान किन चाहियो भने जेठ ४ गतेदेखि नेपाल राजनीतिक घोषणाका भरमा चलेको छ। अन्तरिम संविधान बनाउनु भनेको जनआन्दोलनको उपलब्धि, माओवादी र सात दलबीचको १२ बुँदे समझदारी र संसदका घोषणा यी सबैका उपलब्धिलाई कानुनी रूप दिनु हो। मेरा विचारमा यति ठूलो कुरालाई सात दल र माओवादी दुवैले कम महत्त्व दिए। २०४७ सालको संविधान बनाउन वाममोर्चाबाट प्रतिनिधित्व गर्ने तीनै जना आ-आफ्नो पार्टीका दोस्रो नेता थिए। अहिले कस्ता मानिसहरूलाई पठाएका छन्? यसले के सङ्केत गर्छ भने या त उनीहरूले अन्तरिम संविधानको महत्त्व नबुझेको हो अथवा बुझेर पनि त्यसलाई कम आँकेको हो।

सङ्क्रमणकालीन राजनीतिको पहिलो चरण संविधानसभामा गएर टुङ्गिन्छ। यहाँ म २०४७ सालको संविधान किन असफल भयो भन्ने कुरातिर ध्यानाकर्षण गर्न चाहन्छु। यसका धेरै कारणहरू होलान्। म एउटा कारण मात्र बताउँछु। त्यो के भने २०४७ सालको संविधान राजनीतिक सम्झौताको दस्तावेज मात्र थियो। यसमा सामाजिक सम्झौताको अभाव थियो। सामाजिक सम्झौताको जगमा बनेको राजनीतिक दस्तावेजको मात्र जीवन लामो हुन्छ। अब बन्ने संविधानसभाले सामाजिक सम्झौतको जगमा उभिएको राजनीतिक दस्तावेज कसरी बनाउने प्रश्न सबैभन्दा ठूलो प्रश्न हो। संविधान बनाउँदा राजनीतिक सम्झौता मात्र हुनुभएन, सामाजिक समूहहरूबीच पनि सम्झौता हुनुपर्‍यो।

हतियार व्यवस्थापनको आधारभूत सिद्धान्त के हुनुपर्दछ भने ब्यारेक एक ठाउँमा भयो भने आर्सनल अर्को ठाउँमा हुनुपर्छ। आर्मी ब्यारेक र आर्सनल भने छुट्टाछुट्टै हुन्छ भन्ने विश्वव्यापी नियम हो। हतियारसँग त मान्छे डराउँछन्, डराउँछन्। सबै मान्छे बहादुर हुँदैनन्। बहादुर भए पनि सधैँ बहादुर हुँदैनन्। आन्दोलनमा

४० लाख मान्छे एकैपटक आउँछन् । सधैँ त्यस्तो हुँदैन । विद्रोहको पृष्ठभूमिबाट सङ्क्रमणमा जाँदा हामीले पनि ब्यारेक र आर्सनल छुट्टाछुट्टै हो भन्ने विश्वव्यापी मान्यता अनुसरण गर्नुपर्छ । त्यसो गर्न सकेनौँ र सेनालाई हतियारसँगै राख्ने हो भने पनि ब्यारेकहरू बस्ती भन्दा टाढा राख्नुपर्छ । जनतालाई भयबाट मुक्त राख्नका निम्ति । नेपाली सेनाले त सात दलको गठबन्धनका कुनै दलको प्रतिनिधित्व गर्दैन । तर 'जनसेना' ले त माओवादी पार्टीको प्रतिनिधित्व गर्छ । हतियार बोकेर शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष चुनाव हुन सक्दैन । बस्ती नजिकै बयारेक बस्यो भने मान्छेमा मानसिक असर पर्छ । सबै मान्छे भविष्यप्रति आफूलाई असुरक्षित ठान्दछन् । माओवादीलाई भोट हाल्न नचाहने मान्छेलाई भय हुन्छ ।

सरसामान पुऱ्याउन सजिलो हुनाले ब्यारेक राजमार्ग छेउमा राख्ने भन्ने सुनिन्छ । सरसामान पुऱ्याउने कुरा ठूलो हो कि चुनावमा जनताले भयमुक्त भएर भोट हाल्ने वातावरण बनाउने कुरा ठूलो हो ?

## छलफल

### हरि शर्मा

तीनै जना वक्ताहरूको कुरा सुनिसकेपछि के लाग्यो भने सुन्दर भविष्यको कल्पनाका निम्ति आजको सङ्क्रमण महत्त्वपूर्ण रहेछ । आजको सङ्क्रमणलाई हामीले जति सजिलोसँग पार लगाउन सक्यौँ त्यति नै सुन्दर भविष्यको आधार बन्छ । उहाँहरूको प्रस्तुतिमा राजनीतिले प्रमुख ठाउँ पाएको छ । अब छलफल सुरु गरौँ ।

### सुबोध प्याकुरेल

हाम्रो सरोकारको विषयचाहिँ मानव सुरक्षा हो । यसभित्र मान्छेको आधारभूत मानव अधिकारदेखि आधारभूत आवश्यकता सबै कुरा आउँछन् । सङ्क्रमणकालको परिस्थिति बडो निरासाजनक छ । माओवादीहरू आफ्नो वर्चस्व कायम गर्नका लागि हिजो जसरी, जे गरिरहेका थिए आज पनि त्यसरी नै त्यही गरिरहेका छन् । राज्यचाहिँ शान्ति हुन्छ भन्ने नाममा जनताको रक्षा गर्नुपर्ने आफ्नो कर्तव्यबाट विमुख भएको छ । यी दुईओटा कुरालाई ख्याल नगरिकन हामीले सङ्क्रमणकालको विवेचना गऱ्यौँ भने त्यो अपूरो हुन्छ ।

### हस्त गुरुङ

हामी अगाडि बढ्ने हो भने अरू सबै कुरालाई थाति राखेर अन्तरिम संविधान टुङ्गो लगाउनुपर्ने देखियो ।

## शोभाकर बुढाथोकी

संविधानसभा या शान्ति प्रक्रिया रोकिनुका पछाडि राजनीतिक शक्तिहरूमा रहेको पुरातनवादी सोचाइ जिम्मेवार छ । राजनीतिक प्रक्रिया र शान्ति प्रक्रिया अत्यन्तै गोप्य ढङ्गले सञ्चालन गरिएका छन् ।

## लोकराज बराल

अहिलेको अवस्थालाई म सङ्क्रमणकाल मान्दिनँ, किनभने सङ्क्रमणमा सोचाइ स्पष्ट हुन्छ, त्यसको आफ्नो नियम हुन्छ, कहाँ जाने भन्ने गन्तव्य हुन्छ । हामीलाई गन्तव्य थाहा छैन । आलङ्कारिक राजतन्त्रमा जाने वा गणतन्त्रमा जाने भन्नेबारेमा अझै पनि बहस चलिरहेको छ । केही पनि कुरा स्पष्ट छैन भने संविधानसभाको कुरा कहाँबाट आउँछ ? भारतमा अङ्ग्रेजहरू फर्किएपछि त्यहाँ राजा, महाराजा हुँदैन भन्ने कुरा पहिल्यै थाहा थियो ।

मैले तीन-चार वर्षदेखि यो आन्दोलनलाई हाफ हार्टेड अर्थात् आधा मात्र मन दिएको आन्दोलन भनेर लेखेको छु । धन्य नेपाली जनताले यत्रो मार्च गरे । तर २००७ सालदेखि अहिलेसम्म आइपुग्दा पनि हाम्रो नेतृत्वको बुद्धि पलाएन । हामी एक्काइसौँ शताब्दीमा छौँ र हामी ज्यादै ठूलो परिवर्तनको सङ्घारमा छौँ भन्ने कुरा उनीहरूले बुझेनन् । त्यसले गर्दा द्विविधा देखिएको छ । द्विविधा भएपछि दिशा पत्ता लाग्दैन ।

यो सरकार क्रान्तिबाट आएको हो भन्ने कुरा बिर्सिइएको छ । माओवादीहरूले निश्चित कुराहरूमा सम्झौता गर्दै हिँडेका छन् । संसदमा टेकेर अगाडि जानुपर्नेमा यही संसदमार्फत सबै कुरा बनाउने भनेर लाग्नुभएको छ राजनीतिक दलका नेताहरू ।

हामीले तयारी गरेका छैनौँ । दिशा निश्चित छैन । साहसी नेतृत्व छैन । अनि राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्तिले दबाब दिन्छन् र परिस्थितिलाई अर्कै स्वरूपमा बदलिदिन्छन् ।

उहाँहरूको कुरा सुनिसकेपछि हामी फेरि २००७ सालमै पुग्छौँ कि भन्ने लाग्यो । घुम्दै फिर्दै रुम्जाटार भनेजस्तै । कुकुरको पुच्छरलाई जति आइरन गरे पनि कुइक्क फर्केर बाङ्गिन्छ भनेजस्तै हुन्छ कि जस्तो लाग्न थालेको छ ।

## रघुजी पन्त

नेपालको परिप्रेक्ष्यमा संविधानसभाबाट मात्र गणतन्त्र आउने सम्भावना कम छ । हामीले बनाएको सरकारका प्रधानमन्त्री आलङ्कारिक राजा चाहिन्छ भन्नुहुन्छ । म लोकतन्त्रमा विश्वास गर्ने मान्छे भएको हुनाले आलङ्कारिक राजा चाहिन्छ

भनेबापत गिरिजाप्रसाद कोइरालालाई गाली गर्दिनँ। उहाँले लगातार यही कुरा भनिरहनुभएको छ। उहाँको कुरा फेरिएको छैन। आन्दोलनका बेलामा उहाँले बारम्बार भन्नुहुन्थ्यो – राजाले बेलामा बुद्धि पुऱ्याएनन् भने लोकतन्त्रको धार पनि गणतन्त्रको धारसँग मिसिन सक्छ भनेर। उहाँको विचारमा असहमत हुन सक्नुहुन्छ। तर उहाँको चिन्तन र विचारमा स्थिरता र निरन्तरता छ।

उहाँको यो कुरालाई नेपाली काङ्ग्रेसका केही नेताहरूले गिरिजाबाबुको व्यक्तिगत विचार हो भनेपछि महामन्त्री केबी गुरुङले नेपाली काङ्ग्रेस कहिले पनि गणतन्त्रवादी थिएन भन्नुभयो। यसबाट के बुझिन्छ भने संविधानसभामा जाँदा पनि यो असहमति देखिन्छ। त्यसैले संविधानसभा आफैँ झगडा गरेर बस्न सक्दछ। गैरकम्युनिस्ट शक्तिहरू आलङ्कारिक राजतन्त्रको कुरा गर्ने र माओवादी, एमाले, जनमोर्चाले मात्र गणतन्त्रको कुरा गर्ने स्थिति आयो भने गणतन्त्र ल्याउन झन् गाह्रो हुन्छ।

### खेमराज सेढाई

भीमार्जुनजीले भनेको एउटा कुरा महत्त्वपूर्ण लागेको छ। नेपालमा आफ्ना कुरा गर्नका लागि प्रशस्त जनशक्ति छ। त्यसलाई हामीले सही तरिकाले परिचालन गर्नुपर्छ। तर यहाँ के देखियो भने बुद्धिजीवीहरू म बुद्धिजीवी छु भनेर बस्ने अनि अरू बुद्धि लिन नचाहने छन्। यसले गर्दा अहिलेसम्म निचोड आउन सकेन। बुद्धिजीवी त्यतिखेर मात्रै बुद्धिजीवी हुन्छ जब उसले बुद्धि बाँड्छ।

### वसन्त थापा

संविधानसभामा जाने पक्का भयो। अब तपाईंहरूले संविधानसभामा जाँदा यस्ता-यस्ता खतरा छन्। जाने बाटोचाहिँ यो हो भनेर बताइदिनुभए हुने थियो।

### भीमार्जुन आचार्य

सुबोध प्याकुरेलले उठाएको मानव सुरक्षा चित्तबुझ्दो छ। अन्तरिम संविधानसँगसँगै शान्ति सम्झौता पनि गर्नुपर्छ।

वसन्त थापाले बडो महत्त्वपूर्ण कुरा गर्नुभयो। समय अभावले मैले अघि बुँदागत रूपमा कुरा गर्न सकिनँ। मैले नेपालका लागि केही कदम सुझाएको छु।

- माओवादीसँग राज्यको शान्ति सम्झौता गर्ने। पार्टी-पार्टीबीचको सम्झौताको राजनीतिक मूल्यबाहेक केही पनि अर्थ हुँदैन। राज्य संलग्न भएर यसो गरेको छैन।
- अन्तरिम संविधानलाई पुनर्लेखन गरेर मिलाउने।
- अन्तरिम संविधान मिलाउँदा पहिले गन्तव्य तय गर्ने – लोकतान्त्रिक गणराज्य

नेपाल। यसमा विवाद भयो भने जनमत सङ्ग्रह गर्ने।

- सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभा गठन गर्ने।
- अन्य संयन्त्र तयार गर्ने। संविधानसभा गठन भइसकेपछि मात्रै संसद विघटन गर्ने।
- संविधानसभाले तयार गरेको मस्यौदा अनुमोदनका लागि जनमत सङ्ग्रह गर्ने। जनमत सङ्ग्रहबाट अनुमोदित नयाँ संविधान आएपछि नयाँ राज्य स्थापना हुन्छ।

## टीकाराम भट्टराई

गन्तव्य निर्धारण भइसकपेपछि कुन प्रक्रियाबाट जाने, सङ्क्रमणलाई कसरी व्यवस्थित गर्ने र अन्तरिम संविधानमा के-के कुरा रहने भन्ने कुराका लागि राजनीतिक सहमति चाहिन्छ। त्यसलाई राष्ट्रिय शान्ति सम्झौता अथवा जे नाम दिए पनि त्यो वैधानिक हुन्छ। त्यसपछि खास संवैधानिक सिद्धान्तहरू पनि तय गरौँ। शान्ति सम्झौता वा राजनीतिक सम्झौतामा भावी नेपालको कार्यपालिका, व्यवस्थापिका, न्याय व्यवस्था, आर्थिक अवस्था यस्तो हुन्छ भन्ने परिकल्पना गरिएको हुन्छ। त्यसलाई अन्तरिम संविधानमा अनुमोदन गरिन्छ।

## एकराज भण्डारी

प्रस्तुतकर्ता साथीले अत्यन्त मेहनतका साथ धेरै किताब पढेर कुरा राख्नुभयो। त्यत्रो किताब पढ्न धेरै जुग लाग्थ्यो। तर किताब पढ्ने एउटा कुरा हो। चीज दिने अर्को कुरा हो। अन्तरिम संविधान बनाउन क्षमता भएका मानिस थिएनन्, राजनीतिले क्षमता भएका ल्याउँदैन, आफूले भनेको मान्ने मान्छे ल्याउँछ भन्ने बुझेँ। राजनीतिक नेता भन्ने कुरा त्यसै हुँदैन। किताब त धेरै पढ्न सकिन्छ। त्यो सजिलो छ। तर चीज दिने, राजनीतिक नेता हुने कुरा त्यति सजिलो छैन। जनता पढ्ने कुरा सजिलो छैन। जनता पढ्ने कुरा, जीवन पढ्ने कुरा, सिङ्गो राजनीति पढ्ने कुरा देशलाई यो ढङ्गले हाँक्छु भन्ने कुरा त्यति होच्याएर बोल्नु हुन्छ जस्तो मलाई लाग्दैन। किताबको सिद्धान्तले देश चल्दैन।

आउँदा दिनमा संविधान बनाउनुपर्‍यो भने यहाँ भएका विद्वान्हरूलाई राख्नुपर्दछ। किनभने उहाँहरूले राम्रो पढ्नुभएको छ। उहाँहरूलाई प्राविधिक कुराहरूको ज्ञान छ। त्यो बिर्सनुहुन्न। तर हामीलाई चाहिएको संविधान रूपमा अत्यन्त राम्रो, अमेरिकाको जस्तो नभए पनि हुन्छ। हामीलाई राजाको अन्त्य र सत्ता जनतामा भएको कुरा चाहियो। संविधानमा राम्रा मीठा कुरा नलेखिए पनि हुन्छ। भाषा दोहोरिए पनि हुन्छ। जुरिस्प्रुडेन्स (विधिशास्त्र) नमिले पनि हुन्छ। नेपालीको जुरिस्प्रुडेन्स

हुनेछ । इटली सफल भएको उदाहरण लिइयो । नेपाललाई उदाहरण नलिने ? नबनाउने ? नेपालमा त्यो व्यक्तित्व जन्मन सक्दैन ? दुनियाँमा जन्मेका ठूलाठूला नेताहरू युरोप र अमेरिकामा मात्रै जन्मने हुन्छ ? नेपालले त्यो नेतृत्व दिन सक्दैन ?

## कृष्ण खनाल

यहाँको छलफल सुनसिकेपछि म के टुङ्गोमा पुगेँ भने हामीले परिवर्तनको ढोका खोल्न सकेका रहेनछौँ । हामी अधुरो आन्दोलनबाट अझै पनि पीडित रहेछौँ । सङ्क्रमणका बारेमा कृष्ण हाछेथुले अलिकति भन्न खोज्नुभएको थियो तर अर्कोतिर जानुभयो । अहिलेको सङ्क्रमणको वैधानिकताका दुइओटा स्रोत छन् । एउटा २०४७ सालको संविधान र अर्को आन्दोलन । सात दल संसद र सरकारमा बसेर काम गर्दा ४७ सालको संविधानलाई हेरेर गर्छ । आन्दोलनलाई पनि आधा देख्छ । पूर्ण परिवर्तन खोजिरहेका अरू मानिसहरूले ४७ सालको संविधान देख्दैनन् । आन्दोलन मात्र देख्छन् । आन्दोलनको वैधानिकताबाट सङ्क्रमण अगाडि बढ्नुपर्ने हो । सात दल यी दुई खालका वैधानिकताबाट मुक्त नभएसम्म सङ्क्रमण पूर्ण हुन सक्दैन ।

बुद्धिजीवीहरूको काम विकल्प दिने हो । नेताहरूको काम विकल्प छान्ने । हामी हजारौँ विकल्प दिन सक्छौँ । नेतृत्वको पहिचान त्यतिखेर हुन्छ जतिखेर उसले आफ्ना अगाडि भएका हजारौँ विकल्पमध्ये मुलुकका लागि उत्तम होइन आवश्यक विकल्प छान्न सक्छ । नेता भएका भरमा मात्र नेतृत्वलाई मान्ने कुरा आउँदैन । उसले मुलुकलाई सङ्कटबाट निकालेर अन्तिम बिन्दुमा पुऱ्याउन सक्नुपर्दछ ।

## कृष्ण हाछेथु

सङ्क्रमणकालीन राजनीतिको व्यवस्थापन गर्ने भनेको द्वैध शासन अन्त्य गर्नु हो । यस कुरासँग धेरै समस्याहरू गाँसिएका छन् । द्वैध शासन अन्त्य गरेपछि मात्रै जनताको विश्वास बढ्छ ।

सात राजनीतिक दल र माओवादीहरूले अघि सारेका प्रतिबद्धतालाई व्यवहारमा उतार्नुपर्छ । त्यसो भएन भने गडबड हुन्छ । चाहे बाह्रबुँदे होस् वा आठबुँदे सम्झौता, तीप्रति प्रतिबद्धता देखाउनुपर्छ ।

अर्को कुरा, द्वन्द्व व्यवस्थापन वा अन्तरिम सङ्क्रमणकालको व्यवस्थापन भनेको अल्पसङ्ख्यकको फरक विचारलाई पूर्णतया अस्वीकार गर्ने होइन । सबै पार्टीहरूले एउटै लाइन दिने, एउटै नीति बनाउने, एउटै अजेन्डा लिने हो भने फरक-फरक विचारधारा र फरक-फरक पार्टी आवश्यक हुँदैन । लक्ष्यमा न्यूनतम प्रतिबद्धताचाहिँ हुनुपर्छ । त्यो लक्ष्यभित्र नीतिहरू फरक हुन सक्छन् ।

यी कुराहरूलाई सबैले आत्मसात् गरेर त्यतातिर जानुपर्छ भनेर लागेका खण्डमा सङ्क्रमणकाल अहिले देखिएजस्तो पीडादायक, कठिन र कष्टकर हुँदैन। म आशावादी छु।

## भीमार्जुन आचार्य

एकराजजीले हामीलाई इङ्गित गरेर प्रहार गरेपछि जवाफ दिनैपऱ्यो। पढ्ने, परिश्रम गर्ने मान्छेलाई उहाँले हल्का रूपले प्रस्तुत गर्नुभयो। यो बडो विडम्बना हो। अध्ययन नगर्ने, प्रक्रिया नअपनाउने हो भने संविधानसभा कसरी गर्नुहुन्छ ? संविधान कसरी बनाउनुहुन्छ ? यस्तो हचुवा तर्क गर्नुहुँदैन।

# विकास र उन्नति

प्रस्तुतकर्ता

**सीके लाल**

संयोजक

**अनिल पन्त**

**अनिल पन्त**

यस सेसनमा हामीले विकास र उन्नति अथवा विकास र प्रगतिका विचमा के फरक छ भन्ने विषयमा छलफल गर्नेछौँ । प्रस्तोता सीके लालले त्यसको ऐतिहासिक विकासक्रम पेस गर्नुहुनेछ ।

## उन्नतिका सर्तहरू

**सीके लाल**

यो विषय धेरै चर्चा नभएको विषय हो । विकासको कुरा त हामी धेरैले सुन्ने गरेका छौँ । तर कताकता उन्नतिका कुराचाहिँ हरायो । धरणीधर कोइरालाले राणाशासनकालमै लेखेको कवितालाई बीपी कोइराला बराबर उद्धृत गर्ने गर्नुहुन्थ्यो ।

जाग जाग अब जाग न जाग
उन्नति विषे अब लाग
घोर निद अब ता परित्याग
भो भयो अति सुत्यौ अब जाग ।

उहाँको कवितामा भएका दुईओटा शब्द जागरण र उन्नति मेरो दिमागमा बसिरहेका छन् । तर यी शब्दहरू नेपालमा धेरै वर्षदेखि कताकता हराएका छन् । विकास शब्दले च्यापेर ल्याएको छ । न जागरणको कुरा हुन्छ, न उन्नतिका कुरा । एकथरी प्रगतिको कुरा गर्दथे तर बहसको मुल मुद्दाचाहिँ विकास नै भयो । धेरै वर्षदेखि ।

आजको यो प्रस्तुति म डक्टर हर्क गुरुङको सम्झनालाई समर्पण गर्न चाहन्छु । किनभने नेपालमा क्षेत्रीय विकास अथवा स्थल विकासको कुरा गर्दा, उनीसँग सहमत भए पनि असहमत भए पनि, कुराको सुरुआतचाहिँ हर्क गुरुङबाटै गर्नुपर्ने हुन्छ । हर्क गुरुङलाई छुटचई दिएर नेपालमा विकासको प्रयासको बहस आरम्भ गर्न गाह्रो छ । चाहे त्यो क्षेत्रीय अवधारणाको कुरा होस् अथवा भित्री मधेसको

जङ्गल फडानी गरेर त्यहाँ मानिस बसाउने कुरा होस् अथवा आदर्श गाविस र नगरोन्मुख गाउँको अवधारणको कुरा होस् अथवा जनजाति जागरणलाई विकाससँग जोडने कुरा होस्। यी सबै मुद्दाहरूमा डकटर हर्क गुरुङको बौद्धिक देनलाई बेवास्ता गरेर बहस अगाडि बढाउन सकिँदैन।

उन्नतिको अवधारणा कसरी आयो त्यसको युरोपको लामो इतिहास छ। यसको सुरुआत पुनर्जागरणकालबाट भयो। चौधौँ, पन्ध्रौँ र सोह्रौँ शताब्दीमा शास्त्रीय कुरालाई पुनर्जीवन दिनुपर्दछ भन्नेबाट पुनर्जागरणको सुरुआत भएको थियो। त्यसपछि सोह्रौँ शताब्दीमा आइपुग्दा धर्मलाई रूपान्तरण गरेर जनमुखी बनाउने अवधारणा आयो। अनि सत्रौँ र अठारौँ शताब्दीमा ज्ञानको कुरा आयो। यति बेला युरोपका धेरै चिन्तकहरूले समाजलाई अगाडि बढाउन भौतिक विकासले मात्र पुग्दैन साहित्य, कला र जीवनशैलीमा पनि सुधार ल्याउनुपर्दछ भन्ने अवधारणा अघि सारे। त्यसपछि अठारौँ र उन्नाइसौँ शताब्दीमा भएको औद्योगिक क्रान्तिले युरोपको शक्तिलाई स्थापित गर्‍यो। बाफ इन्जिन, रेल्वे, पानीजहाज, ब्याङ्किङ सेवा र विमाको विकासले गर्दा संसारमा युरोपेली शक्तिहरूको वर्चस्व स्थापित भयो। यी चारओटा कुराको विकासका लागि कम्तीमा पनि पाँच सय वर्ष जति लाग्यो। यो पाँच वर्षको मानव सभ्यताको विकास हाम्रो साझा सम्पत्ति हो।

विकास। संस्कृतमा विकासको अर्थ अलिक आध्यात्मिक प्रकारको हुँदो रहेछ। ज्योतिर्गमय भन्दो रहेछ। उज्यालोतिर लाग्ने प्रक्रियालाई विकास भनिन्छ। विकासको शब्द अध्यात्मपूर्ण र उन्नतिलाई समेट्ने किसिमको छ। डेभलपमेन्ट भन्ने अङ्ग्रेजी शब्दको अर्थ अलिकति जटिलतातिर जाने भन्ने रहेछ। यहाँ विकास भन्नाले अङ्ग्रेजीको डेभलपमेन्टको नेपाली रूपान्तरका रूपमा लिएको छु। संस्कृतमा भएजस्तो हिसाबले होइन।

विकासको अवधारणामा प्रश्न उठाउनु आजको छलफलको उद्देश्य हो। विकासको अवधारणा दोस्रो विश्वयुद्धपछि आयो। विकास शब्द प्रयोग गर्ने अर्थशास्त्री आर्थर लेविस हुन्। उनले अर्थशास्त्रमा नोबल पुरस्कार पाएका थिए। उनले पश्चिमा मुलुकहरूको जुन प्रक्रियाबाट प्रगति भयो त्यो प्रक्रियालाई गरिब मुलुकहरूमा नक्कल गर्न सम्भव छैन भनेका थिए। उनको के भनाइ थियो भने पश्चिमा मुलुकमा औद्योगीकरण सुरु भएपछि कृषिबाट विस्थापित मजदुरहरूलाई औद्योगीकरणले सजिलैसँग सोस्न सक्यो। उपनिवेशहरूमा औद्योगिक उत्पादनको ठूलो बजार भएकाले त्यो सम्भव भयो। ठूलो बजार भएको हुनाले कृषिबाट विस्थापित मजदुरहरूलाई उद्योगले लियो। त्यसले गर्दा सहरीकरण र औद्योगीकरणको प्रक्रियामार्फत आर्थिक विकास भयो। उनका अनुसार, भर्खरै स्वतन्त्र भएका मुलुकहरूमा यो प्रक्रिया सम्भव छैन। किनभने आधुनिकताले गर्दा जति मान्छे कृषिबाट विस्थापित हुन्छन्, तिनलाई

उद्योगले काम दिन सक्दैन । त्यसैले भर्खरै स्वतन्त्र भएका देशको अर्थतन्त्र दुईओटा कुरामा आधारित हुनुपर्दछ – कृषि र उद्योग । कृषि र उद्योगलाई सँगसँगै विकास गर्नुपर्दछ । दुवैमा जोड दिनुपर्दछ । यसको लगत्तै सन् १९५० को दशकमा हेन्स सिगलको क्यापिटल सर्टफलको अवधारणा आयो । उनले पनि नोबल पुरस्कार पाएका थिए । उनले के भने भने भर्खरै स्वतन्त्र भएका मुलुकका उद्योगहरूले कृषिबाट विस्थापित मजदुरहरूलाई काम दिन सक्दैन मात्रै होइन उनीहरूसँग उद्योग खोल्न पनि पुँजी हुँदैन । उनले ल्याएको पुँजीको अभाव (क्यापिटल सर्टफल) को अवधारणाअनुसार यी देशहरूमा उद्योग खोल्न पुँजी पुग्दैन । त्यसैले पुँजीको प्रवाह हुनुपर्दछ । त्यसका लागि सहुलियत दरमा लगानी गर्नुपर्छ । विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, अफ्रिकन डेभलपमेन्ट ब्याङ्क, एसियन डेभलपमेन्ट ब्याङ्कजस्ता विभिन्न ब्याङ्कहरूको अवधारणा हेन्स सिगलको यो विचारबाट प्रेरित छ ।

त्यसपछि गुनार म्यार्डलले एसियन ड्रामा नामक पुस्तक लेखे । यसमा उनले के भनेका छन् भने जतिसुकै गरे पनि, जेसुकै गरे पनि, औद्योगीकरण गरे पनि, सहुलियत दरको लगानी भित्र्याए पनि सरकार प्रभावकारी नभएसम्म तेस्रो विश्वका मुलुकहरूमा विकास हुँदैन । सरकारको प्रभावकारिता महत्त्वपूर्ण कुरा हो । प्रजातन्त्र, लोकतन्त्र अथवा जुनसुकै तन्त्र भए पनि त्यस्तो सरकार उत्तम सरकार हो जसले उत्तम तरिकाले काम गर्छ । सरकारको क्षमता बढाउनेतिर सहयोगी राष्ट्रहरूको ध्यान जानुपर्दछ भन्ने उनको विचार थियो ।

यस विचारको ठ्याक्कै उल्टो विचार मिल्टन फ्रिडम्यानले ल्याए । उनले निजी क्षेत्रलाई लगानीको अवसर नदिएसम्म विकास हुँदैन भन्ने तर्क गरे । उनका अनुसार विकासको सबभन्दा उत्तम माध्यम यही हो ।

त्यसपछि रबर्ट म्याकनमाराको अर्को अवधारणा आयो । उनले के भने भने पुँजी पनि समस्या होइन । सरकार पनि समस्या होइन । निजी क्षेत्र पनि समस्या होइन । मूल समस्या भनेको प्रविधिको हो । गरिब मुलुकहरूमा उन्नत बीउबिजन, कृषि औजार अथवा गाडी आदिजस्ता उन्नत प्रविधिको अभाव छ । त्यसैले उनले प्रविधि हस्तान्तरण अर्थात् मानव साधन विकासमा जोड दिनुपर्छ भने ।

सत्तरीको दशकको अन्त्य र असीको दशकको सुरुतिर पाकिस्तानी विद्वान् मकबुल हकले विकासलाई मानवीय विकाससँग जोड्नुपर्छ भने । यसै प्रसङ्गमा राष्टसङ्घीय विकास कार्यक्रम (यु.एन.डी.पी.) ले मानव विकासको कुरा गर्नासाथ अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व ब्याङ्कले स्वतन्त्र व्यापार, पुँजी प्रवाह, उदारीकरण, निजीकरण र विश्वव्यापीकरणमा जोड दिनुपर्छ भने । उनीहरूले अर्थिक वृद्धिमा जोड दिए । उनीहरूका अनुसार, यु.एन.डी.पी.ले भनेजस्तो मानव विकासले मात्र पुग्दैन ।

त्यसपछि विश्व ब्याङ्ककै विलियम स्टर्लीले विकास गर्नलाई गैरसरकारी संस्थालाई

महत्त्व दिनुपर्छ भने। यसलाई बाङ्लादेशको ग्रामीण विकास ब्याङ्कको मोडल भन्न थालियो। त्यसपछि अमर्त्य सेन आए। उनले विकास भनेको लोकतन्त्रसँग जोडिएको कुरा हो भने। उनले भारतको उदाहरण दिएर के भने भने आर्थिक विकास भएर मात्र पुग्दैन। सबभन्दा गरिब भारतीय र सबभन्दा धनी भारतीयको वार्षिक आम्दानीमा ८० लाख गुणाको फरक छ। जुन समाजमा यत्रो अन्तर हुन्छ त्यसलाई विकास भएको समाज मान्न सकिँदैन। भारतको जस्तो प्रजातन्त्र पर्याप्त छैन। यसलाई अरु गहिरो बनाउनुपर्छ। यसका लागि लोकतान्त्रिक रूपान्तरण गर्नुपर्छ।

यसको लगत्तै फेरि नोबल पुरस्कार पाउने अर्को अर्थशाास्त्री जोसेफ इ. स्टिग्लिट्जले विकास भनेको रोजगारीको अवसर सिर्जना गर्नु हो भने। उनका अनुसार, जबसम्म रोजगार उपलब्ध हुँदैन तबसम्म मान्छेले खान पाउँदैन, मान्छे शान्तिसँग बस्न पाउँदैन ।

आजकाल संयुक्त राष्ट्रसङ्घ बलियो भएको ठाउँमा सहस्राब्दी विकास लक्ष्यको कुरा छ। यसअन्तर्गत स्वास्थ्य र शिक्षाजस्ता सेवामा सबैको पहुँचको कुरा छ। हालसालै आएर फेरि गुनर म्यार्डलको अवधारणाको पुनर्संरचना गरिएको छ जसले राज्यलाई बलियो बनाउनुपर्छ, अरू कुराहरू त्यस्तै हो भन्छ। सेप्टेम्बर ११ मा अमेरिकामा भएको आक्रमणपश्चात् राज्य बलियो हुनुपर्दो रहेछ भन्ने विचार दह्रो भएको छ। आगो लागेका बेला त्यहाँ फायर ब्रिगेडकै कर्मचारी, सरकारकै कर्मचारी जाँदा रहेछन्। आपत्विपत् परेका बेला सरकारकै पुलिस जाँदो रहेछ, सरकारकै सेना जाँदो रहेछ भन्ने प्रमाणित भयो। निजी क्षेत्रका कुरा जतिसुकै गरे पनि राष्ट्र निर्माणका बेलामा बलियो सरकार चाहिँदो रहेछ भनेर अहिले विश्व ब्याङ्कले भनिरहेको छ। गरिबी घटाउने र समावेशीकरणजस्ता सबै कुरा छाडेर अहिले विश्व ब्याङ्कले सरकारलाई बलियो बनाउनुपर्छ भन्ने अवधारणा बढाएको छ।

बितेका ५० वर्षमा विकासको परिभाषा बदलिएको छ। विभिन्न अर्थशास्त्रीहरूले नोबल पुरस्कार पाउँदै गए। संसारको धेरै लगानी भयो।

नेपालमा आएको सबभन्दा पहिलो अवधारणा उन्नति हो। दोस्रो विश्वयुद्धपछि जुद्धशमशेरलाई केही पश्चिमा मुलुकमा पढेका विद्वान्हरूले औद्योगीकरण गर्न सुझाव दिए। उद्योग खोल्यो भने जङ्गल फडानीबाट कमाएको पैसा अथवा गोर्खालीहरूलाई बेलायतमा बेचेर कमाएको भन्दा बढी पैसा कमाउन सकिन्छ भनेर उनीहरूले सुझाव दिए। त्यसका आधारमा उनले जुट कारखाना, चामल मिल, दाल मिल, तेल मिल, काठ मिल स्थापना गर्न लगाए। विराटनगरदेखि लिएर धनगढीसम्म। तर उद्योग राम्ररी चल्न सकेन, किनभने तिनमा नाउँ अरू उद्यमीको रहेको भए पनि निष्क्रिय साझेदारका रूपमा राणाहरूको नियन्त्रण थियो। २००७ सालको

परिवर्तनमा उनीहरूले उद्योगमा भएको आफ्नो सम्पत्ति सुरक्षित नहुने ठाने । त्यसपछि पुँजी देशबाहिर गयो र औद्योगीकरण रोकियो ।

२००७ सालपछि रुसको आर्थिक प्रगतिबाट प्रभावित चाहे नेपाली काङ्ग्रेसका नेता हुन् अथवा अरू कुनै दलका नेताहरू हुन् उनीहरू सबैले भारतमा नेहरूले लागू गरेको अवधारणालाई आदर्श ठाने । त्यसैमा आधारित भएर कोशी डचाम र गण्डक डचामको कुरा आयो, जनकपुर चुरोट कारखाना, वीरगन्ज चिनी कारखाना, कत्था मिल आदि खुले । विदेशी राष्ट्रहरूको सहयोग जुटाउँदै ठूलाठूला आयोजना लागू गरियो ।

सत्तरीको दशकमा हार्बर्ड, इटन र टोकियो विश्वविद्यालयबाट पढेर आएका राजा वीरेन्द्रका सल्लाहकारहरूले नेपालको जैविक विविधताको उपयोग गर्दै व्यावसायिक कृषि अपनाउन सल्लाह दिए – उच्च पहाडी भेकमा पशुपालन, मध्य पहाडमा फलफूल खेती र तराईमा अन्न खेती । त्यसमा उनले जापानीहरूको सहयोग पनि पाए । त्यसपछि अरू सहरहरूको विकास गर्नुपर्दछ, गाउँको विकास गरेर पुग्दैन भनेर जर्मनहरूले सहयोग गरे । क्षेत्रीय र एकीकृत विकास गर्नुपर्दछ भनेर अमेरिकीहरूले सहयोग गरे । एकीकृत क्षेत्रीय विकास कार्यक्रम पनि सुरु भयो ।

यी कुनै कुरा काम नलागेपछि वीरेन्द्रले आफ्नो आकाङ्क्षालाई एसियाली मापदण्डमा झारे । त्यसपछि आधारभूत आवश्यकता परिपूर्तिमा झारे । तर यी सबै कुरा विदेशी सहायतामा आधारित थिए । यसबाट दलालहरूका दिन फिरे । धेरै मध्यमवर्गीय मान्छेहरू रातारात धनी भए । नेपालमा पहिलोपटक विकराल आर्थिक विषमता देखियो । खान नपाउने व्यक्तिहरू देखिन थाले । काठमाडौँमा महँगा गाडी र ठूलाठूला घर देखिन थाले । काठमाडौँका अलि नाम चलेका धेरैजसोको कमाइ जङ्गलको काठ बिक्री, ठेक्कापट्टाको कमिसन र पर्यटनको नाउँमा खोलिएका केही ठूला होटलहरूमा आधारित देखिन्छ । यिनबाट सामान्य जनतालाई लाभ पुग्न सक्ने सम्भावना नै थिएन । कृषिको नाउँमा मल आयत हुन्थ्यो अनुदान दिए । त्यसको आयातमा कमिसनको यति धेरै खेल हुन्थ्यो कि सित्तै ल्याइएको मल पनि किसानले किन्दा भारतबाट आउने मलभन्दा महँगो पर्थ्यो । दलालहरूको त्यत्रो विधि खेल चल्थ्यो ।

सन् १९८० को दशकमा व्यापार पर्यटन र निर्माणको हावा लाग्यो । यो पनि विदेशी सहायतामा आधारित विकासको अवधारणा थियो । नब्बेको दशकमा दाताहरूले प्रजातन्त्रसँग जोडिएको उदारीकरण, निजीकरण र विश्वव्यापीकरणका कुरा ल्याए । त्यति बेलासम्म म धनी हुँ भन्न लाज मान्ने अवस्था थियो । १९९० अघि यत्रो गरिब मुलुकमा धनी हुनु भनेको गौरवको कुरा होइन भन्ने थियो । त्यसपछि अचानक धनी हुनु गौरवको कुरा हुन थाल्यो । अनि यतिविघ्न

गरिबी भएको मुलुकमा महँगा मोटर, असाध्यै महँगा रेस्टुरेन्ट, असाध्यै महँगां कपडा चल्न थाले। सोह्र हजार रुपियाँ पर्ने जुत्ता मैले पहिलोपटक विशाल बजारमा १९९२ मा देखेको हुँ। त्यसभन्दा अगाडि मैले त्यस्तो महँगो जुत्ता जिन्दगीमा कहिल्यै देखेको थिइनँ। सोचेको पनि थिइनँ। मैले पसलेलाई 'यो देखाउनलाई मात्र राख्नुभएको?' भन्दा उसले 'होइन बिक्छ' भन्यो। 'विदेशीहरूले किन्छन् होला नि' भन्दा उसले भन्यो, 'कहाँ विदेशीहरूले यस्तो महँगो जुत्ता किन्नु? नेपालीहरूले पो किन्छन्।'

२००० पछि विकास नभएकाले मात्रै भन्न मिल्दैन हिंसाले पनि भूमिका खेलेको थियो कामको खोजीमा विदेश जाने र त्यहाँबाट कमाएर ल्याउने चलन बढ्यो। यसले नेपालमा पानीको फोकाजस्तो क्षणिक समृद्धि देखिएको छ। उदाहरणका लागि, मेरो गाउँमा पक्की घर हुने चार-पाँच जना मात्र थिए। अहिले एक सय नाघेको छ। दुई-चार वर्ष बाहिर काम गरेर ल्याएको पैसा कहाँ लगानी गर्ने? अरू लगानीको बाटो थाहा छैन। त्यसैले उसले घर बनाएर दुई-तीन वर्षमा त्यो पैसा सक्छ। यहाँ काम पाउँदैन। अनि फेरि फर्किएर जान्छ काम पाइन्छ कि भनेर। जो जान सक्दैन ऊ आपराधिक गतिविधिमा लाग्छ।

एक्काइसौँ शताब्दीमा असल शासन, गरिबी निवारण, मानवीय सुरक्षा र समावेशी विकासजस्ता शब्दहरू चल्तीमा छन्। विगतको अनुभवबाट हामीले केही पाठ सिकेका छौँ। पहिलो, राज्यसँगसँगै समुदाय र निजी क्षेत्रका संरचना बनेनन् भने जस्तोसुकै अवधारणा ल्याए पनि र जतिसुकै लगानी गरे पनि त्यसले अपेक्षित प्रतिफल दिन सक्दैन रहेछ। दोस्रो, सरकार, बजार र समुदाय यी तीनओटा शक्ति केन्द्रमध्ये कुनै एउटालाई छाडेर जान नसकिने रहेछ। सरकार किन प्रभावशाली हुनुपर्छ भने धेरैले धेरै किसिमका दाबी र विरोध गरेका छन्। तिनलाई मिलाउने काम सरकारको हो। हामी धेरै विदेशी सहयोगमा आधारित छौँ र विदेशी सहयोग सबै बजारबाट चल्ने शक्ति हो। त्यसैले बजारलाई पनि हामीले पुरै बेवास्ता गर्न सक्दैनौँ। समुदाय हाम्रा लागि किन महत्त्वपूर्ण छ भने धेरै सांस्कृतिक विविधता भएको मुलुक र उन्नतिको केही खुड्किलो मात्र अगाडि बढेको समाजमा मानिसका आवश्यकता परिपूर्ति गर्नका लागि समुदायभन्दा अर्को संस्था छैन। बच्चाको स्याहारसुसार गर्ने अर्को संस्था छैन, संयुक्त परिवार नै चाहिन्छ। वृद्धवृद्धाहरूको स्याहारसुसार गर्ने ठूलाठूला अस्पतालहरू छैनन्। कोही मानसिक रोगी छ भने धामी-झाँक्री, अथवा जोगी-महात्माको शरण लिनुबाहेक अरू उपाय छैन। असाध्ये रोग लाग्यो भने मन्दिर नगई सुख पाउने अवस्था छैन। यस्ता बेलामा सामुदायिक-सांस्कृतिक सङ्घसंस्थाहरूको महत्त्व पनि धेरै छ। यी तीनओटाको सन्तुलन कायम गर्नुपर्छ।

राजनीतिक आम सहमति भएन भने आर्थिक उन्नति असम्भव प्राय: हुँदो रहेछ। आधारभूत कुरामा आम राजनैतिक सहमति चाहिँदो रहेछ। दोस्रो कुरा, सांस्कृतिक विचारधारा र मान्छेको व्यवहारको सबै कुराहरूलाई ध्यान नदिइकन आर्थिक विकासको योजना बनाउन नसकिँदो रहेछ। जग्गाको संस्कृति नभएका जग्गाविहीनलाई सरकारले जग्गा दिए पनि उसले त्यसमा खेती गर्दैन। बेचेर चौकीदारी गर्न कलकत्ता वा बम्बई पुग्छ त्यो। कृषिको संस्कृति नै हुन्छ। हामीकहाँ बाहुन जेटिए हुन्छन् जसका लागि हलो समात्नु नै पाप लाग्ने कुरा हो। अनि पशुपालनको विशेषज्ञ हुन्छ ठकुरी। उसले कहाँबाट गोबर छुनु ? कहाँबाट मरेको जनावर छुनु ? जतिसुकै आधुनिकताको कुरा गरे पनि सांस्कृतिक चलनलाई ठ्याम्मै बेवास्ता गर्न नसकिने रहेछ।

तेस्रो, फड्को भन्ने जुन चलन छ नि रातारात सबथोक फेर्ने। यो अवधारणा बडो भ्रामक हुँदो रहेछ। राजा महेन्द्रले भन्थे अरूले १०० वर्षमा गरेको काम १० वर्षमा गर्ने अथवा कृष्णप्रसाद भट्टराइले भन्थे अब नेपाललाई स्वीट्जरल्यान्ड बनाउने र काठमाडौँलाई सिङ्गापुर बनाउने। उन्नति गर्नका लागि दुई कदम अगाडि बढ्यो अनि केही गल्ती गरेको थाहा हुन्छ अनि एक कदम पछाडि फर्कनु पर्दो रहेछ। दुई कदम अगाडि गएर एक कदम पछाडि फर्कियो भने पनि एक कदम अगाडि बढेकै ठहर्छ। हामीसँग युरोपको जस्तो ५०० वर्ष नहोला। मान्छेका चाहना बढिसकेका छन्। तर ५०० वर्ष छैन भनेर अरूले ५०० वर्षमा गरेका काम हामीले पाँच वर्षमा गर्न सम्भव छैन। एउटा व्यावहारिक समयसीमा चाहिँदो रहेछ।

अर्को, संस्थाहरू रातारात नबन्ने रहेछन्। गाविस त बनायौँ हामीले। कहिले तीन लाख, कहिले पाँच लाख अनुदान केन्द्रबाट पठायौँ। त्यति गरेर नहुने रहेछ। ती संस्थाहरू बन्न केही समय त लाग्दो रहेछ। त्यो अनुदान रातारात बढाएर एक करोड गर्दिने हो भने ती गाविसहरूले के गर्ने ? तिनीहरूको खर्च गर्ने क्षमता छ ? नेपालको अहिलेको वार्षिक बजेट कति सय अर्ब चानचुन छ। त्यही पनि खर्च गर्न गाह्रो छ। यहाँ पेट्रोल पाइएला अथवा विदेशीहरूले धेरै पैसा देलान्। अमेरिकनहरूले सैनिक अखडा खोलेर यहाँ धेरै पैसा आउला। तर त्यसबाट तुरुन्त उन्नति होला भनेर हामीले आश राख्नुहुँदैन। किनभने त्यो खर्च गर्न र पचाउन सक्ने क्षमता रातारात विकसित नहुने रहेछ। त्यो भइदिएको भए त साउदी अरेबिया अथवा नाइजेरियाजस्ता मुलुक धेरै उन्नतिशील र विकसित भइसक्थे। उन्नति गर्नका लागि अरू केही कुरा पनि चाहिँदो रहेछ।

हामीकहाँ विभिन्न खालका कार्यक्रमका अवधारणा आए। जर्मनहरूले उद्देश्य उन्मुख कार्यक्रम योजना भन्थे। जापानीहरूले चाहिँ लाभान्वित समूह भने। अर्थात् कसैले गरिदिने र कसैले त्यसबाट लाभ लिने सम्बन्ध थियो त्यो। यस्तो सिद्धान्तबाट

आउने विकासले विकास हुँदैन । लामो अवधिको, धेरै कामहरू सँगसँगै गर्ने कार्यक्रम चाहिन्छ । एउटा उदाहरण लिऊँ, नेपालको मुस्ताङ र भारतको हिमाञ्चल प्रदेशमा स्याउको बिरुवा झन्डै-झन्डै सँगसँगै रोपिएको हो । ५० को दशकतिर हिमाञ्चल प्रदेशमा १० वर्षपछि जुन ठाउँमा बाटो बन्छ भन्ने थाहा थियो त्यहाँ स्याउको बिरुवा रोपियो । स्याउ फल्न थाल्दा बाटो बनिसकेको थियो । हामीकहाँ जहाँ बाटो बनाउँदै थियौँ त्यहाँ न स्याउ रोप्यौँ न सुन्तला रोप्यौँ । जहाँ रोप्यौँ त्यहाँ बाटो बनाउने योजना बनाएनौँ । हाम्रो क्षेत्रहरू बाँडियो – मध्यपहाडको चरिकोट वरपर स्वीट्जरल्यान्डको जिम्मामा । सिन्धुली क्षेत्र जापानको जिम्मामा । राप्ती क्षेत्र अमेरिकाको जिम्मामा । पोखरा र धनकुटा क्षेत्र बेलायतीहरूको जिम्मामा । एउटा ठाउँ एउटा मुलुकले जिम्मा लिने र त्यहाँ तिनले जे जानेको छ त्यही गर्ने । अमेरिकनहरूले अलिक ठूलो योजना रुचाउने हुनाले बाटोमा लगानी गरे । जापानीहरूले सानो खेती, माछापालन अथवा जुनार खेती गरे । स्वीसहरूले चीज र चकलेट बनाउन र दूध उत्पादन गर्न जानेका थिए, त्यही गराए ।

शिक्षा, स्वास्थ्यजस्ता कुरामा कसैको रुचि भएन । किनभने यिनले तत्काल प्रतिफल दिँदैनथे । तत्काल फोटो खिचेर आफ्नो मुलुकमा लगेर देखाउन नपाइने कुरा भए यी । यति प्रतिशत शिक्षित भए भनेर त ग्राफ मात्र देखिन्छ अरू केही देखिदैन । यस्तो मर्न लागेको बिरामीलाई इलाज गर्‍यौँ भनेर त्यसले त केही पनि देखाउन मिल्दैन । विकास हुनका लागि कार्यक्रममा आधारित विकास हुनुपर्दो रहेछ । त्यसको नेतृत्व हामी आफैले लिनुपर्दो रहेछ ।

खाद्यसुरक्षाको कुरा नगरिकन उन्नति हुँदैन । विकास होला तर उन्नति हुँदैन । कृषि उत्पादन र पशुपालनको बीचको सम्बन्ध तोडियो हामीकहाँ । एउटा उदाहरण नदिइकन देखाउन गाह्रो छ । जापानीहरूले गर्दा जनकपुर क्षेत्रमा व्यापक माछापालन सुरु भयो । अलिक पैसावालहरूले सार्वजनिक पोखरी घूस ख्वाएर आफ्नो नाममा दर्ता गराए । ती सार्वजनिक पोखरीको डिल चरन क्षेत्र हुने गर्दथ्यो । त्यहाँ अब तरकारी खेती हुन थाल्यो । हामी पनघट भन्छौँ, पानी जम्ने क्षेत्र त्यहाँ माछापालन भयो । यस्ता जग्गा नभएका गरिबले पोखरीको डिलमा बाख्रा चराउन पाएनन् । थोरै जमिन हुने किसानहरूले बाल्टीले बोकेर होस् कि अथवा पैनी झिकेर होस् थोरैतिनो जमिनमा तरकारी खेती गर्दथे । त्यो पानीको स्रोत अब माछापोखरी भयो । त्यहाँबाट उनीहरूले पानी लान नसक्ने भए । पोखरीको डिलमा रूख हुन्थे । रूखको पातपतिङ्गर र हाँगाले गरिबको घरमा खाना पाक्थ्यो । त्यो सबै सखाप भयो । उनीहरूलाई ऊर्जाको अनिकाल पर्‍यो । खान-लाउन नपाउने भएपछि विपन्नहरू पन्जाबतिर वा असमतिर मजदुरी गर्न गएका छन् । अहिले आएर त केही रुचिले जाने पनि छन् ।

गरिबहरूका लागि सार्वजनिक पोखरी र तिनका डिलको महत्त्व बेवास्ता गरियो। यस्ता कार्यक्रमले गर्दा धेरै जमिन हुनेहरू व्यावसायिक खेतीतिर लागेका छन्। तिनीहरू घोडा चढ्नेबाट मोटरसाइकल चढ्ने भए। केही त कार किन्न सक्ने भइसके। उता गरिबहरू झन् गरिब भए। कुनै पनि कार्यक्रमबाट फाइदा पाउने अथवा नोक्सान पर्ने समूहहरू बसेर योजना मिलाउनुपर्छ।

पहाडमा सामुदायिक वनले गर्दा फाइदा भएको छ। तर त्यसले चरन क्षेत्रमा जान रोक लगाएको छ। बाख्रापालनका लागि पातपतिङ्गर खोज्ने ठाउँमा जान पाएनन् भने गरिबहरूको हित हुँदैन। यस्ता चरनहरू हराउँदै गएका छन्। मधेसमा होस्, चाहे पहाडमा होस्, खाद्यसुरक्षाका लागि यस्तो ठाउँ जरुरी छ।

दोस्रो ऊर्जा सुरक्षाको कुरा। मैले अघि नै भनेँ विपन्न वर्गलाई भात पकाउन गाह्रो भएर गएको छ। मेरो जस्तो गाउँमा पातपतिङ्गर लिन जाने ठाउँ छैन। लडेपडेको दाउरा खोज्न जाने ठाउँ छैन। गरिबहरूले मट्टीतेल किन्न सक्दैनन्। बिजुली छैन। भए पनि यस्तो महँगो बिजुली किन्न सक्दैनन्। खानेकुरा भए पकाउने दाउरा छैन। दाउरा भए खानेकुरा किन्ने उपाय छैन। त्यस्तो अवस्था छ। जाडोमा दाउराको एकदमै ठूलो समस्या हुँदो रहेछ। अनि चैत र भदौ-असोजतिर एकपटक खानेकुरा किन्ने समस्या हुन्छ।

दाउरा दिएर हुन्छ कि, सस्तो बिजुली दिएर हुन्छ कि अथवा सोलार प्यानल जडान गरेर हुन्छ कि ऊर्जाको व्यवस्था गर्नुपर्छ। पहाडमा बतासेडाँडा जहाँ हुन्छन्। पहाडमा बतासबाट बिजुली निकालेर मानिसलाई ऊर्जा उपलब्ध गराउन सकिन्छ। लगानी गर्न नजान्या होला हामीले। मधेसतिर झन्डै-झन्डै नौ महिना त घामबाट ऊर्जा लिन सकिन्छ। उपाय त छ नि। धेरै-थोरै जे होला। महँगो-सस्तो जे होला। सम्भावना त छ नि। विशेषज्ञ र यसबाट फाइदा-बेफाइदा लिनेहरूबीचमा सम्झौताबाट हुने कुरा हो त्यो।

ध्यान नपुगेको अर्को क्षेत्र शिक्षा हो। सय-डेढ सय वर्षअगाडि एउटा शिक्षा पद्धति आयो। त्यसैलाई अगाडि बढाउँदै लगियो। पहिलो चरणमा पढ्ने, लेख्ने र अङ्कगणित अर्थात् आधारभूत सीप सिक्ने, दोस्रो चरणमा सामाजिक र व्यावहारिक विज्ञान सिक्ने। अनि अन्त्यमा गएर अनुसन्धान र आविष्कारतिर लाग्ने। यस्तो खालको पिरामिड हुनुपर्नेमा सिलिन्डरजस्तो बनाइएको छ शिक्षा पद्दति। माध्यमिक स्तर प्राथमिक तहको झन्डै समानान्तर छ। यसले चारैतिर समस्या खडा गरेको छ। यसमा पनि अलिकति सोच्नुपर्छ।

हामीले ठूलठूला अस्पताल खोल्यौँ। नर्सिङहोम खोल्यौँ। नेपालमा एन्जिओप्लास्ट हुन्छ भनेर गर्व गर्छौँ। तर अधिकांश मानिसले अझै पनि सफा खानेपानी खान पाएका छैनन्। आधारभूत स्वास्थ्य सेवा छैन। हालसालै डाक्टरबाहेकका स्वास्थ्यकर्मीले

हडताल गरे। काठमाडौँको पढैया वर्ग तिनीहरूप्रति सहानुभूति राख्दैनथे। उनीहरू भन्थे – यिनीहरूले के उत्पात गरेको होला ? दुई तह बढुवा किन चाहियो ? म त भन्छु तिनीहरूलाई दुई तह होइन पाँच तह बढुवा गरिदिँदा हुन्छ। किनभने एक जना गैरडाक्टर स्वास्थ्यकर्मीले जति गरिबलाई सेवा पुऱ्याएको छ काठमाडौँका जम्मै डाक्टरले त्यति सेवा पुऱ्याएका छैनन्। तिनलाई जति तह बढुवा गर्दा पनि केही फरक पर्दैन।

एम.बी.बी.एस., एम.डी. र एम.एस. आदि इत्यादिमा मलाई केही मतलब छैन। सहरी क्षेत्रबाहेक अरू कसैलाई त्योसँग कुनै लेनादेना छैन। तिनीहरू कि त उपलब्ध हुँदैनन् कि मानिसले तिनको फि तिर्न सक्दैनन्। मेरो गाउँ नजिकैको सहर अनि जिल्ला सदरमुकाम जलेश्वर हो। त्यहाँ एक जना पनि डाक्टर बस्दैन। जनकपुरमा बस्छ। ड्युटी गर्नचाहिँ जलेश्वरमा आउँछ। किनभने जलेश्वरमा उसको प्राइभेट क्लिनिक चल्दैन। केही गरी जलेश्वरमा बसिहाल्यो भने पनि उसको फि तिर्ने पैसा हुँदैन। गरिबको त के कुरा ? त्यस्तो डाक्टरको के काम ? त्यस्ता डाक्टर हामीले केका लागि उत्पादन गरिराखेको ? हामी कि त पसलमा गएर सोध्छौँ के औषधि खाने भनेर कि त्यही स्वास्थ्य सहायकलाई सोध्छौँ।

चार हजारओटै गाविसमा आधारभूत सञ्चार केन्द्र हुनुपर्छ। सके त इन्टरनेट, नभए पनि टेलिफोन सेवा। आजकाल त सोलार प्यानलको पनि मोल घट्दै गएको हुनाले त्यो असाध्यै महँगो कुरा पनि होइन। मैले एक-दुई जना जान्ने-बुझ्नेसँग कुरा गर्दा उनीहरूले के भने भने हरेक गाविसलाई बर्सेनि छुटयाइएको पाँच लाख रुपियाँको केही प्रतिशत खर्च गर्ने हो भने हरेक गाविसमा अत्याधुनिक सञ्चार केन्द्र राख्न सकिँदो रहेछ।

यी आधारभूत कुराका साथै गर्व गर्ने काम पनि गर्नुपर्छ। मान्छे भएपछि गर्व गर्ने ठूला लगानीका कुराहरू पनि चाहिँदो रहेछ। प्रान्तीय सरकार बन्यो भने माथि भनिएका आधारभूत सेवाहरू प्रान्तीय सरकारले गर्छ। केन्द्र सरकारले चाहिँ ठूलो लगानीका र धेरै समय लाग्ने खालका योजनामा ध्यान दिनुपर्छ। किनभने नेपाल एकीकरणपछि नेपालले गौरव गर्न सक्ने मानवनिर्मित संरचना नेपालमा एउटै पनि रहेनछ। राणाहरूको दरबारलाई गौरव गर्ने मानव संरचना भन्न मिलेन। भीमसेन थापाको धरहरालाई साह्रै गौरव गर्ने संरचना भन्न मिलेन। केही वर्षअगाडि हामीले बनाएको कर्णाली पुल फजुल खर्च भएको संरचना हो। त्योभन्दा धेरै कम खर्चमा र धेरै कम समयमा राम्रो पुल बन्न सक्थ्यो। एउटा राष्ट्रिय एकीकरणको संरचना कतै बनाउनुपर्छ। अलिक ठूलै क्षेत्रफलमा। त्यसमा हिँड्न सकिने गरी नेपालको सानो नक्सा होस्। त्यसमा सानो सगरमाथा होस् जसमा अपाङ्ग, बच्चा अथवा त्यहाँ जानै नसक्ने मधेसीहरू पनि चढेर ए सगरमाथामा

चढेपछि यस्तो हुँदो रहेछ भन्न सकून् । चारकोसे झाडी यस्तो हुँदो रहेछ भन्न सकून् ।

त्यसमा हिजो एल साल्भाडोरको साथीले भनेजस्तै शहीदहरूको नाउँ लेखियोस् । थाहा भए जतिको तस्बिर त्यहाँ लगाइयोस् । नेपालका विविध भाषाभाषीको सङ्ग्रहालय त्यहाँ होस् । पोसाकहरूको सङ्ग्रहालय त्यहाँ होस् । संस्कृतिको सङ्ग्रहालय त्यहाँ होस् । नेपालको प्रत्येक स्कुले विद्यार्थी त्यहाँ गएर सजिलोसँग आफ्नो देश बुझ्न पाउने अवस्था होस् ।

यो साह्रै अप्ठ्यारो कुरा होइन होला । एल साल्भाडोरमा नागरिक समाजले नै गरे । हामीकहाँ गैरसरकारी संस्था महासङ्घ छ, के-के जाति छ । मैले सुनेअनुसार गैरसरकारी संस्थामा काम गर्नेहरू वर्षको १५० लाख ट्रिप विदेश भ्रमण गर्छन् । एक ट्रिपमा १० डलर छुटयाइदियो भने यो काम १० वर्षभित्रमा गैरसरकारी समुदायले नै गर्न सक्छ । असम्भव त होइन । यतातिर अरू कसैले सोच्ने हो भने सरकारले पनि ध्यान दिनुपर्दैन । निजी क्षेत्रले पनि ध्यान दिनुपर्दैन ।

हुलाकी राजमार्गको निर्माण र विस्तार अर्को एउटा गर्व गर्न लायक प्रोजेक्ट हुन सक्छ । यसले नेपाललाई नयाँ ढङ्गले सोच्ने अवसर दिन्छ । त्यो के भने मधेसलाई आर्थिक विकासको इन्जिनको रूपमा विकसित गर्ने । हर्क गुरुङले सोचेजस्तै उत्तर-दक्षिण राजमार्ग बनाएर त्यसलाई हुलाकी राजमार्गसँग जोड्ने हो भने त्यो अर्को गर्व गर्न लायक संरचना हुन सक्छ ।

नेपालमा एक सयओटा जति आर्दश सहर बनाउन धेरै ठूलो लगानी चाहिँदैन । अहिलेको ७५ जिल्लाको अवधारणाले हाम्रो सोचाइलाई नै कताकता फर्काइदिएको छ । राजा महेन्द्रले राजनीतिक नियन्त्रणका हिसाबले कोरेको ७५ जिल्लाको अवधारणा बिलकुल गलत छ । जिल्लाका रेखा न स्थानीय संस्कृतिसँग मिल्दाजुल्दा छन् न स्थानीय भूगोलसँग मिल्दाजुल्दा छन् । न स्थानीय कृषि उत्पादनसँग मिल्दाजुल्दा छन् न स्थानीय श्रमसँग । एकदमै मनलाग्दो गरी कोरिएको छ । खाली कहाँ को प्रमुख व्यक्ति छ ? त्यसलाई कसरी जिल्ला सभापति बनाउन सकिन्छ ? अथवा त्यसलाई कसरी रा.प.स. बनाउन सकिन्छ भन्ने राजनीतिक नियन्त्रणको हिसाबले बाँडिएको छ । त्यो हिसाबले नसोचेर १०० ओटा जति सहरकेन्द्रित क्षेत्र, विकास क्षेत्रहरू बनाउन सकिन्छ । त्यसमा कतिओटा गाविस पर्दछन् भन्ने कुराचाहिँ हर्क गुरुङजस्तै अथवा त्योभन्दा अझ राम्रो नयाँ पुस्ताका भूगोलविद्हरू बसेर सोच्नुपर्छ ।

आपत्कालीन उद्धार योजना अर्को राष्ट्रिय गर्वको विषय हुन सक्छ । उच्च पहाडी क्षेत्रका लागि एक किसिमको, मध्यपहाडी क्षेत्रका लागि अर्को किसिमको, चुरे र महाभारत क्षेत्रका लागि अर्को किसिमको र मधेसका लागि अर्को किसिमको योजना बनाउन सकिन्छ । यसमा अलि बढी लगानी गर्नुपर्ने हुन्छ ।

## छलफल

### अनिल पन्त

अति नै आकर्षक प्रस्तुतिका लागि सीके लाललाई धन्यवाद। औद्योगीकरण नभएको समाज औद्योगीकरणमा जाँदा जुन खालको तनाव हुन्छ नेपालमा त्यही खालको तनाव देखिन्छ। २०४७ सालदेखि २०५२ सालसम्मको अवधिलाई छाडेर अरू समयमा कस्तो खालको शासन चाहिन्छ भन्ने विषयमा हाम्रो सहमति हुन सकेन। मलाइ लाग्छ एउटा ठूलो दुर्भाग्य हो किनभने यो कुरा अरू कतिपय देशले एक सय, दुई सय, तीन सय वर्षअगाडि नै समाधान गरे। हामीलाई विकासका लागि, उन्नतिका लागि कुन खालको राज्य व्यवस्था चाहिन्छ भन्ने विषयमा आम सहमति कायम गर्ने अवसर पहिलोपटक आएको छ। हामीहरूसँग छलफलका लागि करिब एक घण्टा समय छ। अब छलफल सुरु गरौँ।

### राजकुमार

सीके लालको प्रस्तुतिमा धेरै विषय समेटिएको भए पनि नेपाली समाजको वास्तविकताको एउटा पाटो छुन नसकेको हो कि जस्तो लाग्यो। नेपाली समाज अहिले पनि एक प्रकारको वर्णाश्रम व्यवस्थाकै तहमा विभाजन भएको छ। यसले गर्दा विशेष व्यक्तिले विशेष प्रकारको काम गर्नुपर्छ भन्ने धारणा छ। पुरेत्याइँ गर्नु अति उत्तम काम अनि सडकमा भएको फोहोर सफा गर्नु सानो काम भनेर कामलाई सानो ठूलो बनाउने चलन अहिले पनि छ। गाईपूजा गर्ने मान्छे ठूलो हुने, अनि बाख्रो वा बाँदरपूजा गर्ने मान्छे सानो हुने चलनले गर्दा मानवीय सम्मान गुमेको छ।

मानवीय सम्मानमा जोड दिने सकेनौँ भने हामीले खोजेको जस्तो विकास अथवा परिवर्तन भए पनि प्रगति हुँदैन होला।

### सीके लाल

तपाईंको कुरामा म पूर्ण सहमत छु। एउटै कुरा के भने वर्णाश्रम व्यवस्था भन्नुभयो, वर्ण व्यवस्था भन्न खोज्नुभएको होला। हामीकहाँ वर्ण व्यवस्था छ तर वर्णाश्रम व्यवस्थाचाहिँ छैन। वर्णाश्रम व्यवस्था भइदिएको भए त्यसले श्रमको इज्जत गर्दथ्यो। वर्ण व्यवस्थाले श्रमको इज्जत गरेन।

### रामदयाल यादव

सीके लालका लेख पत्रपत्रिकामा पढ्दा इन्जिनियर मान्छेले सञ्चारमाध्यममा यति राम्रो गरेको देख्दा आश्‍चर्यचकित हुन्थेँ। तर आज उहाँलाई विकासविज्ञका रूपमा पनि देख्दा झनै खुसी लागेको छ। उहाँले अति राम्रोसँग विश्लेषण गर्नुभएको

छ। मलाई एउटा-दुइटा कुरा थप्न मन लाग्यो। नेपालमा विकासका लागि यत्रो विधि साधन ओइरिएको छ। सन् १९५० देखि नेपालमा वैदेशिक सहयोगको प्रवाह ज्यादै बढ्दै आइरहेको छ। तर पनि विकास किन असफल भयो ? गरिबीको स्तर घट्न किन सकेन ? भ्रष्टाचार किन घट्न सकेन ?

नेपालमा विकेन्द्रीकरणका नाममा सबै कुरा केन्द्रीकृत भयो भनिन्छ। सन्तुलित विकास र क्षेत्रीय विकासको कुरा भएको भए धेरै हदसम्म समस्या हट्थ्यो होला। नेपालमा अति गरिब पनि छन् अति धनी पनि छन्। धनी र गरिबबीचको खाडल बढिरहेको छ।

## सीके लाल

यसमा मेरो धेरै भन्नु केही छैन। एउटा भ्रमबाट चाहिँ हामी मुक्त हुनुपर्दछ। नेपालमा धेरै विदेशी सहायता आएको होइन। हामी गरिबलाई एक-दुई अर्ब डलर असाध्यै धेरै लागे पनि विकास उद्योगका दृष्टिमा त्यो एकदमै सानो हो।

क्षेत्रीय विकासको कुरा गर्न सकिन्छ। तर त्योसँग जोडिएको राजनीतिक प्रश्न छ। सङ्घीय संरचना बनाएपछि त्यो कुरा समाधान हुन्छ भन्ने मैले मानेको छु। यसका बारेमा हिजै छलफल भइसकेको छ। उन्नतितिर लाग्ने हो भने क्षेत्रीय लगानीको अनुपात मिलाउनैपर्छ।

यही आर्थिक वर्षको नेपाल सरकारको बजेटमा महोत्तरी जिल्लामा प्रतिव्यक्ति लगानी ५५५ रुपियाँ रहेछ। काठमाडौँ जिल्लामा, काठमाडौँ उपत्यकामा होइन प्रतिव्यक्ति लगानी १६ हजार रुपियाँ रहेछ। काठमाडौँवासी महोत्तरीवासीभन्दा ३२ गुणा महत्त्वपूर्ण रहेछ राज्यका लागि। सरकारी लगानीमा यो अवस्था छ भने निजी क्षेत्रको लगानीको त झन् कुरै नगरौँ। काठमाडौँको उपभोक्ता कति गुणा महत्त्वपूर्ण छ त्यसको हिसाबै छैन। यसलाई तोड्नका लागि प्रादेशिक संरचनामा नगइकन सुखै छैन। तर प्रतिव्यक्ति लगानी मात्रै सबै कुरा होइन। प्रतिवर्गकिलोमिटर लगानी पनि हेर्नुपर्छ। जग्गाजमिन भार मात्र होइन स्रोत पनि हो। कुनै ठाउँमा मानिस थोरै छन् भनेर त्यो ठाउँलाई काम नलाग्ने ठान्नु हुँदैन। भारतले सियाचिन जोगाउनका लागि एउटा चपातिको १६ हजार रुपियाँ पर्ने गरी खर्च गरिरहेको छ। जग्गा पनि महत्त्वपूर्ण हो। त्यहाँ पनि लगानी पुऱ्याउनैपर्छ।

## गोविन्द न्यौपाने

हाम्रो कृषि मन्त्रालय अहिले पनि व्यावसायिक कृषि गर्ने हो कि अथवा जैविक प्रविधि अपनाएर खेती गर्ने कि भनेर अलमलमा छ। स्पष्टता छैन। हामी कहाँ

जाँदैछौँ, कता जाँदैछौँ र के गर्दैछौँ भन्ने थाहा छैन । मलाई के लाग्छ भने नेपालमा कृषि क्षेत्रको विकास गर्नैपर्छ । कृषिमा आधारित उद्योगहरू खोल्नैपर्छ । तर उद्योग बन्द भइरहेका छन् ।

## सागर न्यौपाने

जिल्ला विकास समितिमा थुप्रै पैसा खर्च गरेर बनेका आवधिक योजना छन् । तर वार्षिक योजना बनाउने बेलामा आवधिक योजना पल्टाइँदो रहेनछ । विराटनगर नगरपालिकामा भर्खरै २४ करोडको बजेट प्रस्तुत भएको थियो । त्यसको ७२ प्रतिशत भौतिक संरचना निर्माणमा लगाइएको छ । भौतिक संरचनालाई विकास मान्ने चलन छ । बाँकी प्रशासनिक काममा खर्च भयो । नगरपालिकाले त्यहाँको मुसहर बस्तीमा १० वर्ष काम गर्दा र दुई अर्ब खर्च गर्दा पनि मुसहरको जीवन जहाँको त्यहीँ हुने अवस्था फेर्नुपर्छ ।

## रोशन

मुस्ताङ होस् या मनाङ या ताप्लेजुङको उत्तरी भेक हिमाली क्षेत्रको विकासको कुरा गर्दा चरन विकासको कुरा नगरिकन हुँदैन । त्यहाँ भेडाच्याङ्ग्रा पाल्ने हो भने त्यहाँको भेडाच्याङ्ग्रा काठमाडौँ ल्याउन दशैँ पर्खनुपर्दैन ।

उत्तर-दक्षिण बाटोको कुरा गर्दा सुनौली-बागलुङ-जोमसोम-लोमानथाङ-तिब्बत जाने बाटोले उष्ण प्रदेश, न्यानो प्रदेश, हिमाली प्रदेश र तिब्बती पठारसम्म छिचोल्छ । यसो हुनाले यसले विभिन्न क्षेत्रलाई बलियो बनाउँछ । राष्ट्र निर्माणमा विविधताका बीचमा एकताको भावना जाग्छ ।

## मनीष प्रधान

सीके लालको प्रस्तुतिमा आर्थिक, भौगोलिक पक्षको कुरा आएको छ तर विकासको राजनीतिक पक्षको कुरा अलिक कम भएको हो कि जस्तो लागेको छ । विकासको लक्ष्य द्रुत आर्थिक विकास गर्नु हो कि ? विकासको अन्तिम लक्ष्य जीवनस्तरमा सुधार भन्ने कुरा अघि आएको थियो । नागरिक र राजनीतिक अधिकार दबाएर विकास गर्न सकिँदैन कि ? यसलाई राजनीतिक पक्षबाट पनि हेर्नु जरुरी छ ।

## कुमार थापा

डाक्टर नभएमा भन्ने किताबका लेखक डेबिड बर्नरले के भन्नुभएको थियो भने जनताको सेवक तयार गर्ने हो भने सामुदायिक स्वास्थ्य कार्यकर्ता (हामीकहाँ महिला स्वास्थ्य स्वयम्सेविका भनिन्छ) तयार गर्नुपर्छ, सीमित मालिक अथवा

धनी मान्छेहरूको सेवा गर्नुपर्छ विशेषज्ञ डाक्टर तयार गर्नुपर्छ ।

स्वास्थ्य कार्यकर्ताले दुई तह बढुवा मागेका रहेछन् पाँच तह बढुवा गरिदिँदा पनि हुन्छ भन्ने कुरा आयो । यो उनीहरूको तलबको कुरासँग पनि सम्बन्धित छ । उनीहरूलाई कम्तीमा पनि तीन जनाले खान पुग्ने, बस्न पुग्ने र केटाकेटीलाई पढाउन पुग्ने तलब दिनुपर्छ । आधारभूत शिक्षा, स्वास्थ्य र खानेकुरा पाउनु मानिसको अधिकार हो ।

**गगन थापा**

राजनीतिको दीर्घकालीन लक्ष्य व्यक्तिको स्वतन्त्रतालाई थप विस्तार गर्ने हो । विकास नहुँदा व्यक्तिको स्वतन्त्रता साँघुरिन्छ । त्यसैले विकास राजनीतिक कुरा हो । विकासको अवधारणाको कुरा गर्दा त्यसको राजनीतिक पक्षलाई छोड्न मिल्दैन ।

मलाई के लाग्छ भने सरकार सबल हुनुपर्दछ । सबैभन्दा बढी सबल हुनुपर्दछ । राज्य सबैभन्दा बढी बलियो हुनुपर्दछ । रामशरण महतले *इन डिफेन्स अफ डिमोक्रसी* भन्ने किताब लेख्दा उहाँले नेपाली काङ्ग्रेसको सरकारको पालामा मेडिकल कलेज खुले भनेर लेख्नुभएको छ । अहिले आठ-नौओटा कतिओटा मेडिकल कलेज छन् । एउटा डाक्टर उत्पादन गर्न राज्यले १५-२० लाख रुपियाँ लगानी गर्छ । त्यसरी तयार भएका ८० प्रतिशत डाक्टर एक वर्ष पनि काम नगरिकन विदेश जाने चलन छ । सरकार बलियो भएर एउटा मात्र निर्णय गर्दिने हो भने हामी डाक्टरलाई तीन वर्षसम्म नेपालमा राख्न सक्ने रहेछौँ । नत्र जति डाक्टर तयार भए पनि, निजी क्षेत्रले जति मेडिकल कलेज खोले पनि नेपालमा डाक्टर हुँदैनन् ।

**प्रबलराज पोखरेल**

चीन र भारतको गार्हस्थ उत्पादन वृद्धि आठ-दस प्रतिशत छ । नेपालको चाहिँ एक-दुई प्रतिशतमा झरेको छ । हामीले नीति परिवर्तन गरेर नेपालको भौगोलिक अवस्थितिबाट फाइदा लिन सक्छौँ । हुलाकी राजमार्गको कुरा महत्त्वपूर्ण छ । यसै क्रममा मधेसलाई काठमाडौँसम्म जोड्नका लागि रेलमार्ग बनाउन सकिन्छ । करिब-करिब १६ अर्ब जतिमा यो बन्ने रहेछ । यसको प्रतिफल पाँच वर्षभित्रमा आउँदो रहेछ । यसबाट सबैलाई लाभ पुग्छ ।

**प्रत्यूष वन्त**

डाक्टर हर्क गुरुङले आफ्नो एउटा छोटो लेखमा एक ठाउँमा के भन्नुभएको छ भने नेपालको ज्ञान समूह अर्काको देखासिखी गर्ने चलनले पीडित छ । उहाँले

के भन्न खोज्नुभएको थियो भने सन् १९५० पछिको नेपालमा ज्ञानको खेती गर्नेहरू आफ्नै धरातलमा उभिएर, नेपाली धरातललाई विश्लेषण गर्ने शब्दको मौलिक उच्चारण गर्ने, अथवा मौलिक विश्लेषण गर्नेभन्दा पनि डलरसँगसँगै बोकेर आउने ज्ञानका विभिन्न अवधारणाहरूलाई टिप्ने क्रम चल्यो ।

खाद्यसुरक्षाको कुरा गर्दा बाहिरियाहरूले बुझेजस्तो ज्ञानको प्रचार-प्रसार गर्न सक्ने अथवा धरणीधर कोइरालाको पुस्ताले बुझेको प्रगति र उन्नतिजसरी बुझ्ने ?

## सीके लाल

हामीसँग लगानी गर्नका लागि स्रोतसाधन सीमित छन् । त्यसैले यो सीमित साधन कहाँ लगानी गर्दा त्यसबाट सामाजिक न्याय हुन्छ, समता हुन्छ र त्यसको फल पाइन्छ भन्ने कुरा हेर्नुपर्छ ।

स्थानीय निकाय महत्त्वपूर्ण हुन्छन् । सबै जिल्लाहरूको गुरुयोजना छ । कतिओटा जिल्लाहरूमा त रिङरोड बनाउने प्लान छ । तर त्यो सबै कन्सल्टेन्सी संस्कारको उत्पादन हो । तीमध्ये अधिकांश योजनाहरू ध्यान दिन लायक छैनन् । कमसेकम मैले देखे जतिकोमा अधिकांश ध्यान दिन लायक छैनन् । योजनाबाट फाइदा पाउने वा बेफाइदा पुग्नेहरूको सहभागिता बढाएर एकीकृत योजना बनाउन सकिन्छ । काठमाडौँको कन्सल्टयान्टले जुम्लाको एकीकृत विकास योजना बनाउँछ । नेपालको विकास योजना अमेरीकी विशेषज्ञले बनाएजस्तै हो यो ।

विकासको राजनीतिक पक्षको महत्त्वका बारेमा विवाद गर्ने ठाउँ नै छैन । अर्थशास्त्र भन्ने विषय १९ औं शताब्दीपछि मात्रै आएको हो । यसअघि अर्थराजनीति भन्ने विषय मात्र थियो । राजनीति र अर्थ यति जोडिएको छ कि त्यसलाई छुट्याएर हेर्नै मिल्दैन ।

राजनीतिको केन्द्रीयता नभइकन समाज रूपान्तरण हुँदैन । राजनीतिको केन्द्रीयता भनेको जनताको सर्वोच्चता हो । यो लोकतान्त्रिक व्यवस्थामा मात्रै सम्भव हुन्छ । लेनिनले के भनेका थिए भने मान्छेले आफ्नो वर्ग बोल्छ । वर्गीय हितको कुरा बोल्छ । भारतका विद्वान् राममनोहर लोहियाले के भनेका थिए भने हाम्रोतिर वर्गसर्ग केही हुँदैन, जात बोल्छ । आफ्नो जातको हित हेरेर मात्र मान्छे बोल्छ । नेपालको दुर्भाग्य के भइदियो भने त्यो दुइटै एउटै छ । वर्गीयरूपले जसको वर्चस्व छ जातीयरूपले पनि त्यसैको वर्चस्व छ । यी दुइटै मिलेपछि त उसको वर्चस्व व्यापक हुने नै भयो ।

हामीकहाँ विकास प्रयोगशालाको कुरा पहिलोचोटि हर्क गुरुङले उठाएका हुन् । बुद्धिजीवीहरू भरियाजस्ता भए भन्ने कुरा मानवशास्त्रमा पहिलेदेखि नै थियो । उनले त्यसलाई आर्थिक योजनामा जोडे । उनको अरू जेजस्ता कमजोरीहरू भए तापनि

के कुरा मान्नुपर्छ भने उनी परिवर्तन हुन् र मौलिक हुन सक्थे। गल्ती गर्नेको नेतृत्वअन्तर्गत काम गर्ने मान्छेले मात्र गल्ती गर्दैन रे। नेतृत्व भनेको गल्ती गर्ने जोखिम उठाउने हो। हर्क गुरुङ गल्ती गर्न र जोखिम उठाउन सक्ने मान्छे थिए। उनीसँग म धेरै कुरामा सहमत हुँदैनथे। आप्रवासको प्रतिवेदन त्यसमध्ये एक थियो। तर पनि उनी जोखिम उठाएर नयाँ किसिमको अध्ययन गर्न सक्ने मान्छे थिए। नेपालमा त्यस्ता मान्छेहरूको नितान्त अभाव देखिएको छ। आफूलाई तुरुन्त फाइदा हुने क्षेत्रभन्दा बाहिर गएर विहङ्गम दृष्टिकोणले जोखिम उठाउने व्यक्तिहरूको पनि अभाव देखिएको छ। विकासका लागि ज्ञानको उत्पादन महत्त्वपूर्ण कुरा हो। भोल्तेयर नभएको भए फ्रान्स कस्तो हुन्थ्यो ? अथवा रुसो नभएको युरोप कस्तो हुन्थ्यो ? गान्धी नभएको भारत कस्तो हुन्थ्यो ? नेहरू नभएको भारत कस्तो हुन्थ्यो ? अथवा अमर्त्य सेन नभएको भारतको स्वरूप कतातिर जान्थ्यो ? हामीले जतिसुकै गाली गरे पनि सोच्ने मान्छेहरू चाहिँदो रहेछ। सोच्ने मान्छेहरू रातारात बन्दैनन् रहेछन्। गरिब मुलुकमा सोच्ने मान्छे बनाउन झनै गाह्रो हुँदो रहेछ। यी सबै चुनौतीहरूलाई हेर्दाखेरि त्यस्ता संस्थाहरू चाँहिदो रहेछ जसले सोच्ने मान्छेलाई प्रश्रय दिन सकोस्। यस्ता संस्था नेपालमा देखिएनन्। राज्यको प्रमुख जिम्मेवारी हो त्यो। नेपालको निजी क्षेत्र पनि सोच्ने मान्छेलाई प्रश्रय दिन सक्ने खालको देखिएन। किनभने निजी क्षेत्र तत्काल फाइदातिर मात्रै लाग्यो। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि सोच्ने मान्छेलाई प्रश्रय दिन सकेन। किनभने तिनको अजेन्डा मुख्यत: डोनर निर्देशित नै हुन गयो। एकदमै जोखिम उठाउन सक्ने हर्क गुरुङ जस्ता व्यक्तिहरू हुनुपर्छ। हर्क गुरुङले पनि सुरुमा चाहिँ राज्यको संरक्षण पाएका थिए। केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको संरक्षण पनि पाएका थिए। दाताहरूको संरक्षण पनि पाएका थिए। त्यसैले गर्दा गल्ती गर्न सक्ने र त्यसलाई भोग्न सक्ने उनको क्षमतामा वृद्धि भएको हो। तर त्यत्तिले पुग्दैन।

## अनिल पन्त

सीके लाललाई धन्यवाद। अहिले बहसमा भएका विकासका विभिन्न पक्षहरू छन् जसलाई पाँचओटामा वर्गीकरण गर्न सकिन्छ। १) राजनीतिक विकास, २) सामाजिक विकास, ३) आर्थिक विकास, ४) भौतिक विकास र अन्त्यमा (५) मानवीय विकास। यसलाई सीके लालले विभिन्न दृष्टिकोणबाट प्रस्तुत गर्नुभयो।

# मानवीय पुनर्संरचना र पुनर्स्थापना

प्रस्तोता

**डिल्लीराम दाहाल**

### सञ्चालक

अहिले हामी मानवीय पुनर्संरचना र पुनर्स्थापना विषयमा छलफल गर्न लागेका छौँ । यस विषयमा प्रस्तुति गर्नका लागि हामीसँग प्राध्यापक, डाक्टर डिल्लीराम दाहाल हुनुहुन्छ । उहाँ जानेमाने अनुसन्धानकर्ता, समाजशास्त्री/मानवशास्त्री हुनुहुन्छ । हामी द्वन्द्वभन्दा पछिको रूपान्तरणको चरणमा गुज्रिइरहेका छौँ । यस सन्दर्भमा मानवीय पुनर्संरचना र पुनर्स्थापना विशेष गरी सामाजिक सम्मिलनका विषयमा छलफल गर्न लागेका छौँ ।

## मानवीय पुनर्संरचना र पुनर्स्थापना

### डिल्लीराम दाहाल

हामीले राजनीतिका धेरै गफ सुन्यौँ । हाम्रो बहस राजनीतिभन्दा बाहिर जान कहिले पनि सकेन । नयाँ नेपालको निर्माणको सुरुआत गर्दा समाजशास्त्रीय परिवेशबाट नयाँ नेपाल कसरी निर्माण गर्न सकिएला अथवा नेपाली समाजै कस्तो प्रकारको छ भन्ने बुझ्न अति आवश्यक ठानेर म आफ्नो प्रस्तुति गर्दैछु ।

हाम्रो छलफलको शीर्षक द्वन्द्व सकिइसक्यो, अब शान्ति हुन्छ, त्यसैले पुनर्निर्माण र पुनर्स्थापनाको बेला आयो भन्ने खालको छ । मेरा हिसाबमा हामी त्यो अवस्थामा पुगिसकेका छैनौँ । मैले तीनओटा विषयवस्तुलाई समेटेको छु ।

पहिलो, पृष्ठभूमि अर्थात् नेपाली समाजको बनावट । हामीमा नेपाली समाजको इतिहास, भूगोल र संस्कृतिको अज्ञानता छ । त्यसैले सबैभन्दा पहिला म छोटकरीमा नेपाली समाजको बनावट, इतिहास र भूगोलका बारेमा छोटो चर्चा गर्छु ।

दोस्रो, शान्ति । शान्ति विकासका लागि नभई नहुने कुरा हो । हामीले शान्ति हुनेबित्तिकै आर्थिक विकास हुन्छ भन्ने सोचाइ राखेका छौँ । त्यो सही होइन । शान्ति आफैँमा विकासको द्योतक होइन । शान्ति नभइकन हुँदैन । तर यसका साथसाथै आर्थिक क्रान्ति नगरेसम्म र त्यसले सम्पूर्ण नेपाली जनतालाई नसमेटेसम्म शान्ति भए पनि विकास हुँदैन ।

तेस्रो, शान्ति भएपछि नेपालमा विस्थापित भएका मानिसहरूलाई कसरी पुनर्स्थापना

गर्ने भन्ने विषयमा प्रकाश पार्छु। मानवीय पुनर्संरचना र पुनर्स्थापनामा के-के अप्ठ्यारा छन् भन्ने कुरा उल्लेख गर्छु।

अब पहिलो विषयवस्तुमा जाऊँ। शासकहरूले नेपाली समाजको बनावट नबुझ्दा हाम्रो समाज पछाडि धकेलियो। हिजोका शासकले पनि बुझेनन्, आजकाले पनि बुझ्ने खालको योजना छैन। नेपाल आजभन्दा २३८ वर्षअगाडि स-साना टुक्राहरूमा विभाजित थियो। कतै बाइसे कतै चौबीसे राज्य थिए। कहीँ किराँत प्रदेश थियो। नेपाल जन्मिएकै दिन बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाज थियो। समाजको विकासका क्रममा शासकहरूले आफ्नो फाइदाका लागि यो बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाजको संस्कृतिलाई एकछत्र बनाउँदै लगे। यस प्रक्रियामा दुई वर्गको सिर्जना भयो। एउटा शासक वर्ग र अर्को शोषित वर्ग। दरबारसँग नजिक भएका व्यक्तिहरूले फाइदा पाउँदै गए। अर्को वर्ग उपेक्षित हुँदै गयो। विकासका प्रक्रियामा यहाँका विभिन्न समूहलाई अलग गरियो। उनीहरूलाई सँगसँगै लगिएन। यही सामाजिक उपेक्षाले गर्दा नै नेपालमा द्वन्द्व भएको हो।

दोस्रो, शान्तिको कुरा गरौँ। छलफलहरूमा हामीले शान्ति-शान्ति भनेका हुन्छौँ। नेपालको २३८ वर्षको इतिहासमा १०-१५ वर्षभन्दा बढी अशान्ति भएको छैन। शान्ति हुनेबित्तिकै विकास हुँदो रहेनछ। हाम्रो देश साधनस्रोत नभएको देश होइन। हामीसँग पहाड पनि छ, हिमाल पनि छ, तराई पनि छ। हामीसँग निकै पढेलेखेका मान्छेहरू पनि छन्। हाम्रो सांस्कृतिक विभिन्नता पनि छ। तैपनि विकास भएन। मैले बुझेको विकास भनेको नेपाली जनतालाई सेवा र वस्तु प्रदान गर्नु हो। मुखको भाषण होइन।

१९७० पछाडि नेपालमा गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था काम गरिरहेका छन्। नेपालमा ३० हजार जति गैरसरकारी संस्था छन्। झन्डै १३२ ओटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था नेपालको विकासमा लागेका छन्। तर खै नेपालीको जीवनस्तर सुध्रेको ? अहिले पनि ५२ ओटा जिल्लामा ३१ प्रतिशत नेपाली निरपेक्ष गरिबीको रेखामुनि छन्।

नेपाली संस्कार कस्तो छ भने जहिले पनि, हरेक ठाउँमा आफ्ना मान्छेको बिगबिगी हुन्छ। हरेक ठाउँमा आफ्नो मान्छे हुनुपर्ने। यो रोग हिजो शाहवंशमा पनि थियो, राणावंशमा पनि थियो। प्रजातन्त्रमा पनि त्यही हो। हुँदाहुँदा अहिले लोकतन्त्रको सरकारमा पनि आफ्नो मान्छेभन्दा बाहिर कोही जाँदैन। को योग्य छ भन्ने कुराको मतलब छैन्। तीन-चार महिनादेखि त्रिभुवन विश्वविद्यालयको उपकुलपति, रेक्टर, रजिस्ट्रार नियुक्ति भएको छैन। कसलाई कुन पद भनेर भागबण्डा नमिलेर नियुक्ति रोकिएको छ।

गैरसरकारी संस्थाहरूले मान्छेको आकाङ्क्षा बढाइदिए। तर आर्थिक विकास

भएन । राजनीतिक चाहना एकदमै धेरै छ तर वास्तविकता अर्कै छ । यही अन्तरले गर्दा द्वन्द्व सिर्जना भयो ।

नेपालमा ठूला मान्छेले गरेका अपराधमा माफ पाउने चलनको पराकाष्टा छ । ठूला मान्छेका लागि यहाँ कानुनै छैन जस्तो छ । यसले गर्दा पुनर्स्थापना र पुनर्निर्माणमा गाऱ्हो हुन्छ ।

माओवादीले विद्रोह सुरु गरे यता धेरै मान्छे मारिएका छन् । केही मान्छे राज्यले मारेको छ । केही माओवादीले मारेका छन् । हजारौँ मान्छे विस्थापित भएका छन् । इन्सेकको एउटा तथ्याङ्कअनुसार २००५ सम्ममा ५० हजारभन्दा बढी मानिस विस्थापित भएका थिए । माओवादी आफैँ विस्थापित भएको तथ्याङ्क निकाल्न बाँकी नै छ । उनीहरूका मिलिसिया कति छन्, हतियारधारी कति छन् त्यसको तथ्याङ्क आउन बाँकी छ । दुवै तर्फबाट बेपत्ता पारिएका मान्छेको कुरा बेग्लै छ । युद्धका बेलामा बिच्छ्याइएको बारुदी धरापमा परेर कति मान्छे अपाङ्ग भएका छन् त्यसको पनि हामीसँग तथ्याङ्क छैन । बारुदी धराप कुन-कुन ठाउँमा बिच्छ्याएको छ भन्ने कुरा हामीलाई थाहा छैन । बच्चाले जङ्गलमा खेलाउँदा विस्फोटक पदार्थ भेटे भन्छन् । कति महिला बलात्कृत भए भन्ने तथ्याङ्क पनि हामीसँग छैन । बाबुआमा दुवै मारिएका टुहुरा कति छन् भन्ने तथ्याङ्क पनि हामीसँग छैन । उनीहरूको पुनर्स्थापनाको कुरा महत्त्वपूर्ण हुन्छ ।

भत्केको पुल बनाउन हामी सजिलै सकिहाल्छौँ । भत्केको स्कुल बनाउन हामी सकिहाल्छौँ । तर आर्थिक पुनर्स्थापना गरेर मात्र पुग्दैन । मानिसको मानसिक पुनर्स्थापना हुनुपर्छ । माआवादीहरूले विस्थापित बनाएका मानिसहरू गाउँमा गएर कसरी बस्ने ? त्यहाँको वातावरण कस्तो हुन्छ ? सबभन्दा डरलाग्दो पाटोचाहिँ के छ भने अहिले माओवादीहरूको हतियारको त्रासले मानिसले केही भन्न सकेका छैनन् । भोलि हतियार बिसाउनेबित्तिकै के हुन्छ ? हरेक मान्छेले हरेक मानिसलाई चिन्छ । माओवादी कार्यकर्ताको पुनर्स्थापना त्यति सजिलो छैन । हिजो अपराध गरेकालाई दण्ड नदिने हो भने दण्डहीनताको संस्कृति बढ्दै जान्छ । हिजो बदमासी गरेका मान्छे भोलि सरकारमा जालान्, तिनलाई दण्ड दिने कि नदिने भन्ने कुरा आइहाल्छ । सबैलाई दण्ड माफ गर्दै जाने हो भने देशमा भोलि फेरि शान्ति हुँदैन । दण्डहीनतालाई नियन्त्रण गर्न सकिँदैन । बदमासी गरेको मान्छेलाई जेलैमा हाल्नुपर्छ भन्ने छैन । अरू किसिमले पनि दण्ड दिन सकिन्छ ।

नेपाली समाजको मेलमिलापको भावना हामीले गुमाएका छौँ । मान्छेप्रति मान्छेको विश्वास गुमेको छ । हामी त्यही अवस्थामा फर्कन सक्छौँ कि सक्दैनौँ ? नेपाली समाजको पुरानो बनोट कायम हुन्छ कि हुँदैन ? हिजोको सामाजिक परिवेश बस्न सक्छ कि सक्दैन ?

हामीले गर्न खोजेको पुनर्निर्माण र पुनर्संरचना ज्यादै अप्ठचारो प्रक्रिया हो।

**संयोजक**

अब अघि भएको प्रस्तुतिमा टिप्पणी र छुटेका विषय थप गरौँ। हिंसा अन्त्य भएपछिको पुनर्स्थापना र पुनर्निर्माणमा केन्द्रित रहेर छलफल गरौँ।

## छलफल

**बलबहादुर डगौरा**

सङ्कटकालका बेलामा म बसमा गइरहेको थिएँ। आर्मी चेकपोस्टमा एउटा सैनिकले थारूहरू सबै बाहिर निस्क भनेर भन्यो। त्यस्तो भन्ने छुट कसले दियो ? तत्कालीन शासकहरूले दिए। माओवादीले जति मान्छे मारेको छ त्योभन्दा बढी मान्छे शेरबहादुर देउवाले मारेको छ। नेपालमा सहरियाले गाउँलेलाई दु:ख दिएको छ।

**एकराज भण्डारी**

माओवादीलाई पुनर्स्थापना गर्ने भन्ने कुरा आपत्तिजनक लाग्छ। हिजोको माओवादीहरूलाई दुई-चारओटा इन्जेक्सन दिएर गाउँमा बसालिदिने, खान-लाउन दिने, लुगा-सुगा दिने, कसैलाई के गर्दिने। यो कस्तो सोच हो ? तपाईंहरूलाई थाहा छ होला नि ३५ हजारभन्दा बढी त लडाकू जनमुक्ति सेना छन्। एक लाखभन्दा बढी जनमिलिसिया छन्। गाउँको सुरक्षा गर्न। एक लाखभन्दा बढी कार्यकर्ता छन् पार्टीका। एक लाखभन्दा बढी जनसत्तामा संलग्न छन् – गाजसप्रमुख, उपप्रमुख, वडाप्रमुख यस्ता।

अधिकार, विकास र शान्ति पाएका दिनमा मान्छेलाई सुत्केरीको पीडापछि सुन्दर बच्चा देखेपछि त्यो पीडा मुक्त भएजस्तै हुन्छ।

# हतियार व्यवस्थापन

प्रस्तोता
**ध्रुवकुमार**
संयोजक
**हरि शर्मा**

## हरि शर्मा

हतियार व्यवस्थापनको विषय प्रस्तुत गर्न हामीसँग एक जना मात्रै वक्ता हुनुहुन्छ । ध्रुवकुमार । उहाँ सिनाससँग आबद्ध हुनुहुन्छ – धेरै लामो समयदेखि । सुरुमा चिनिया वैदेशिक सम्बन्धबाट सुरु गर्नुभयो । अन्तर्राष्ट्रिय सम्बन्धको विद्यार्थी हुनुहुन्छ । विगत केही वर्षदेखि हतियारका बारेमा जर्नलहरूमा पनि लेख्दै आउनुभएको छ ।

हतियार व्यवस्थापन सबैभन्दा बढी चर्चाको विषय बनेको छ । यसलाई कसरी बुझ्ने ? यसअघि संविधानको छलफल भएको थियो । यो कुरा त्यसमा पनि उठेको थियो । सङ्क्रमणकालको व्यवस्थापनका सन्दर्भमा हतियारको विषय र नागरिकको सुरक्षाका विषयमा ध्रुवकुमारले बोल्नुहुन्छ ।

## हतियार राज्यले मात्र बोक्छ

### ध्रुवकुमार

हतियार व्यवस्थापनका बारेमा थुप्रै चर्चा परिचर्चा भए । तर हतियार व्यवस्थापनका विषयमा संस्थापन पक्षका व्यक्तिहरूले जसरी ध्यान दिनुपर्ने थियो यो ६ महिनाको अवधिमा त्यो देखिएन ।

नयाँ नेपालको कल्पना गर्ने भन्ने प्रसङ्ग छ । म आफूलाई भाग्यमानी ठान्छु किनभने नयाँ नेपालको कल्पना गर्ने बेलामा हतियार व्यवस्थापनको विषयमा मलाई बोल्न दिएको छ । यस सम्मेलनमा हामीले नेपालमा चुनौतीबाहेक अरू कुरा देखेकै छैन । मैले यस विषयलाई अवसरका रूपमा लिन खोजेको छु । भोलिको नेपालको कल्पना गर्दा सेनाबिनाको नेपाल कल्पना गर्न सक्छौँ कि सक्दैनौँ ? हामीले कसैसँग युद्ध लड्नु छैन, कसैको भूभागलाई जितेर आफूमा समावेश गर्नु छैन । हामी सबै मुलुकहरूसँग सौहार्द वातावरणमा बाँचिराखेका छौँ भने सेना किन चाहियो भनेर आफैसँग प्रश्न गर्ने कि नगर्ने ? संयुक्त राष्ट्रसङ्घमा १९२ ओटा सदस्य मुलुक छन् । तीमध्ये १४ ओटामा सेना छैन । नेपालमा त्यस्तै हुन सक्छ कि सक्दैन ?

हतियार व्यवस्थापनको कुरा गर्नासाथ हामीले साङ्गठनिक सिद्धान्तको सहायताले

हेर्नुपर्ने हुन्छ। यस सिद्धान्तको सन्दर्भबाट हेर्दा सरकार र माओवादी दुवैले हतियार व्यवस्थापनलाई जसरी परिभाषित गरेका छन् त्यो विकृत पारिएको छ जस्तो लाग्छ।

उनीहरूले अहिले हतियार डालो और सरकारमा जाओ भनेजस्तो देखिन्छ। सरकार हतियार निष्क्रिय नगरिकन तिमीहरूलाई अन्तरिम सरकारमा राख्न सक्दैनौं भन्छ। माओवादी राजनीतिक सहमति नभइकन हतियार निष्क्रिय पार्ने अथवा निरस्त्रीकरण गर्ने प्रश्न गर्दै नगर भन्छ। हामी पहिले सरकारमा जान्छौँ, अनि मात्र हामीले के गर्नुपर्ला गर्छौं भनेर भनेको छ। यस्तो किसिमको विडम्बना छ। यसलाई हामी गतिरोध पनि भनेर भन्छौँ।

हतियार र गुरिल्लालाई हामी अलग गर्दै छुटयाउँछौँ, हामीलाई सरकारमा जान देऊ न बाबा भनेर माओवादीले भन्छ भने भोलि माओवादी सरकारमा बसेर रातो झन्डा भएको गाडी चढेर हिँडेको देख्न थाल्छौँ, सलाम पनि ठोक्नुपर्ने अवस्था आउँछ।

दुइटा राज्य र दुइटा सेना छ भनी स्वीकार गर्नु छ भने मलाई केही भन्नु छैन। हैन भने परम्परागत परिभाषाअनुसार हतियारमा राज्यको एकाधिकार हुन्छ, ऊ बाहेक अरूसँग हतियार हुँदैन। राज्य एकतन्त्रीय होस् वा सर्वसत्तावादी, हिटलरको जस्तो नाजीवादी होस् वा प्रजातान्त्रिक, हतियार राज्यसँगै हुन्छ। तर अहिले हतियारमाथिको राज्यको एकाधिकारलाई माओवादीले चुनौती दिएको छ। उसको आफ्नै किसिमको सेना र गुरिल्ला फौज छ। यसलाई उसले शक्तिमा जाने प्रवेश बिन्दुका रूपमा लिएको छ।

नेपाल अहिले सामान्य अवस्थामा छैन। यसलाई अझै सङ्कटकालमै छ भने हुन्छ। देशमा अराजकता व्याप्त छ। सरकारले अराजकता नियन्त्रण गर्न सकेजस्तो मलाई लाग्दैन। राज्यका तीनओटा उत्तरदायित्व हुन्छन्। एउटा जनताको सहभागिता भएको। अहिलेको राजनीतिमा जनताको सहभागिता छैन। अर्को सार्वजनिक कल्याण। यो कुरा पनि नेपालमा अहिले छैन। तेस्रो, शान्ति सुरक्षा। शान्ति सुरक्षा पनि छैन। त्यसैले, म त नेपाललाई अहिले असफल राज्यकै रूपमा परिभाषित गर्छु।

नेपालमा सङ्कटकाल सकियो त ? द्वन्द्व समाप्त भएपछि मात्र हतियार व्यवस्थापन हुन्छ। नेपालमा द्वन्द्व समाप्त भएको छैन। माओवादीले द्वन्द्वको रूप फेरेको मात्र हो। ऊ अब जङ्गलमा छैन। उसले कुनै ठाउँमा आक्रमण गरेको छैन। यसलाई जनताको तहमा चलाइरहेको छ। जबर्जस्ती पैसा उठाउनेदेखि लिएर विभिन्न किसिमका आपराधिक प्रवृत्तिका क्रियाकलाप माओवादीले गरिराखेको छ। सरकारले काम गर्न सकेन है भनेर जनतालाई बताउन माओवादीले त्यसो गरिराखेको छ। शान्ति सुरक्षा कायम राख्न नसकेपछि जनता सरकारबाट अलगिएर जान्छ। यति बेलामा माआवादीले भनेजस्तो 'अक्टोबर रिभोलुसन' गर्न सजिलो पर्छ।

हतियार व्यवस्थापनको कुरा गर्दा हामीले नेपालमा दण्डहीनताको संस्कृतिको अन्त्य भयो ? भन्ने प्रश्न सोध्नुपर्छ । अहिले आतङ्ककारी विरोधी ऐन वा अध्यादेश लागू छैन । तर सरकारी व्यक्ति अथवा अन्य व्यक्तिहरूले गरेका आपराधिकै भनौँ अथवा गैरकानुनी क्रियाकलाप भएका छन् । मानव अधिकार उल्लङ्घन भइरहेका छन् । ती सम्पूर्ण क्रियाकलाप गर्नेलाई सजाय दिन सकेको छैन । त्यस्ता मान्छेलाई सरकारले कानुनको दायरामा ल्याउन सकेको छैन । उल्टो के देखियो भने जाँचबुझ आयोगले कारबाही गर्न सिफारिस गरेका पदाधिकारीहरू पहिले निलम्बित भए तर अहिले आएर उनीहरू काममा फर्केका छन् । कति त बढुवा भए ।

यी सम्पूर्ण कुराबाट पनि नेपालमा दण्डहीनताको संस्कृतिले निरन्तरता पाएको देखिन्छ । सरकारले सेना र पुलिसको मनोबल गिर्ने हुनाले यसो गरेको भन्छ । सरकारले जनताको मनोबल गिरेको, जनतामा निरासा छाएको चाहिँ देखेन । यो अर्को दुर्भाग्य हो ।

यसरी अकुशल ठहरिएको व्यवस्थापकले हतियार व्यवस्थापनजस्तो संवेदनशील र देशलाई अगाडि बढाउन ठूलो योगदान दिन सक्ने विषयलाई कसरी अगाडि बढाउन सक्छ । मेरा विचारमा हतियार व्यवस्थापन भनेको अहिलेको चाँजोपाँजो मात्र मिलाएर तत्कालको समस्या टार्ने खालको निर्णय लिएर भोलि जे पर्ला त्यसै बेला गरौँला भनेर छोड्ने कुरा होइन । अहिले व्यवस्थापन गरेका कुराले भोलि फलदायी परिणाम कसरी ल्याउन सक्छ भन्ने कुरामा हामीले ध्यान दिनुपर्छ । तर सरकारी पक्ष र माओवादी पक्ष कसैले पनि यी कुरा गरेका छैनन् । माओवादीले हतियार व्यवस्थापनलाई सरकारमा छिर्नलाई प्रवेशद्वार मात्र ठानेको हो भने मेरो भन्नु केही पनि छैन । उनीहरूले हतियार समर्पण गरे पनि हुन्छ । निरस्त्रीकरण गरे पनि हुन्छ । निष्क्रिय पारे पनि हुन्छ ।

२०६२ साल मङ्सिर ७ गते सात दल र माओवादीले बाह्रबुँदे सम्झौता गरिसकेपछि मैले अहिले देखिएका खिचोलाहरू त्यही बेलामा औँल्याएको थिएँ *हिमाल* खबरपत्रिकामा । त्यति बेला यी दलहरू सरकारमा बसेका थिएनन् । अहिले सरकारमा बसेपछि पनि उनीहरूले त्यो कुरालाई गम्भीरतापूर्वक हेरेका छैनन् ।

माओवादीले पनि हामीलाई सरकारमा छिराओ, हैन भने हामी भताभुङ्ग गर्छौं र जथाभाबी गर्छौं र आपराधिक क्रियाकलापबाट तिमीहरूलाई तर्साएर ठीक गर्छौं भन्ने धारणा राख्नुको सट्टा हतियार व्यवस्थापन भनेको दुवैतर्फको कुरा हो भनेर भन्न सक्नु पर्दथ्यो । तर त्यो भनेनन् । हतियार व्यवस्थापन सहमतिमा गरिने कुरा हो । शक्ति प्रयोग गरेर गरिने कुरा होइन । कुनै पनि कुराको व्यवस्था पनि सम्झौता र आपसी समझदारीबाट आपसी हितकै लागि गर्ने कुरा हो भने

हतियार व्यवस्थापन गर्ने बेलामा नेपाली सेनालाई चाहिँ के गर्ने त ? नेपाली सेना पानीमाथिको ओभानो भएर बस्ने ? सशस्त्र प्रहरी छ । उसको पनि ब्यारेक छ । त्यसलाई के गर्ने ? जनपद प्रहरीमा पनि हतियार छ । नेपाली सेना ९२-९४ हजार छन् भनिन्छ । सशस्त्र प्रहरीमा लगभग २० हजार, जनपद प्रहरी लगभग ४८-५० हजार छन् । प्रचण्डले अस्ति आफूसँग सात डिभिजन, नौओटा ब्रिगेड, १९ ओटा बटालियन र तीनओटा डिभिजन गरी ३५ हजार सशस्त्र गुरिल्ला र एक-डेढ लाख जति मिलिसियाहरू छन् भनेका छन् ।

हतियार व्यवस्थापनको प्राविधिक प्रक्रियामा जाने बेलामा टाउको गन्नैपर्छ । दोस्रोमा हतियारको भण्डार हेर्नुपर्छ । तेस्रोमा नेपाली सेनाको ब्यारेक कति ठाउँमा छ ? कतिओटा ब्यारेक छ ? नेपाली सेनाको एउटा सेक्सनमा १३ जना मान्छे हुन्छन् । अनि प्लाटुनमा ४५ जना हुन्छन् । त्यस्तै गरेर कम्पनीमा १४५ हुन्छन् र बटालियनमा ४५० जति हुन्छन् । पहिले यो सङ्ख्या पत्ता लगाउनुपर्छ । यसका साथै प्रचण्डले दाबी गरेको डिभिजनमा कति सेना छन् भन्ने तपाईं हामीलाई थाहा छ ? १९ ओटा बटालियनको कुरा गरेको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार एउटा बटालियनमा ७५० जना बन्दुक लिएर दौडिने मानिस हुन्छन् । इन्जिनियरिङ फाँटमा काम गर्ने अनि भात पकाएर खुवाउने गरी एक हजार जवान जति हुन्छन् । हामीले हतियार व्यवस्थापन गर्ने हो भने यी सम्पूर्ण कुरालाई पहिले स्पष्ट पार्नुपर्छ । त्यसपछि मात्र हामी अर्को चरणमा जान सक्छौँ ।

त्यसपछि संयुक्त टोली बनाउनुपर्छ जसमा दुवै पक्षका व्यक्तिहरू संलग्न हुनुपर्छ । त्यसपछि हतियार र सेनालाई अलग गर्ने कि ? उनीहरूलाई खाद्यान्न कसरी पुऱ्याउने भन्नेदेखि लिएर तपसिलका अरू कुरा गर्नुपर्छ । हामीले विचार गर्नुपर्ने कुरा के छ भने माओवादीले हतियार व्यवस्थापनका सन्दर्भमा सरकारमा बस्ने कुरामा मात्र जोड दिन्छ भने हामी त्यसलाई स्वीकार गर्न सक्दैनौँ । माओवादीले हतियार लिएर सरकारमा पस्न पाउँदैन । कहीँ पनि नभएको कुरा हामीले गऱ्यौँ भने पशुपति बाबाको देश भएको हुनाले जे पनि हुन्छ भनेर अचम्म मान्नुपर्छ ।

राजनीतिक रूपमा मान्यता दिलाउन खोज्ने कुनै पनि समूहले हतियार देखाएर राजनीतिक पार्टी भनेर दाबी गर्न पाइँदैन । यो कुरा माओोदीहरूले टड्कारै बुझ्नुपर्छ । माओवादीहरूलाई मेरो अर्को अनुरोध छ । राष्ट्रसङ्घको मानव अधिकार कार्यालयले हालै जारी गरेको प्रतिवेदनको शीर्षक नै माओवादी ज्यादती भन्ने छ । अघि भर्खरै सुबोध प्याकुरेलले भन्नुभयो, माओवादीहरूले बच्चाहरूलाई मारेका छन् । यी सम्पूर्ण क्रियाकलापहरूलाई आपराधिक प्रवृत्तिका परिणाम हुन् । जनताका लागि गरिएका क्रियाकलाप भन्दिनँ म कहिले पनि । माओवादीतर्फबाट यस्ता

क्रियाकलाप जारी रहुन्जेल हतियार व्यवस्थापनका सन्दर्भमा सरकारले माओवादीलाई जसरी भए पनि ड्याकेर हतियार छुटाउनैपर्छ। किनभने सरकार पनि हतियारका आधारमा सरकार बनेको दाबी गर्छ। माओवादी पनि हतियारकै आधारमा आफू सरकार भएको दाबी गर्छ। त्यो ठाउँमा जनतालाई कहाँ राख्ने भनेर न सरकारले सोचेको छ न माओवादीहरूले सोचेका छन्। जनता नभएको सत्ता कहीँ हुन्छ ? जनता नभएको सरकार कहीँ हुन्छ ? जनताकै करका आधारमा बाँच्नुपर्ने सरकारले जनताको शान्ति सुरक्षादेखि लिएर सम्पूर्ण अभिभारा वहन गर्ने क्षमता विकास गर्नुपर्छ। नेपाली सेना होस् वा माओवादी गुरिल्ला होस्, तिनीहरूले जनता तर्साएर देश अगाडि बढाउँछौँ भन्ने कल्पना गर्नुहुँदैन।

माओवादी र सरकारबीचको अहिलेको समस्या विश्वासको समस्या हो। विश्वासको वातावरण तयार गर्ने काम दुवै पक्षले गरेका छैनन्। न माओवादीले सरकारलाई विश्वास गर्छ न सरकारले माओवादीलाई। तल केही गडबडी भयो भने गिरिजाबाबुले फोन गरेपछि सबै कुरा मिल्छ। दुई-चार दिन सम्पर्क भएन भने फेरि सबै गन्डागोल सुरु हुन्छ। विश्वासको वातावरण तयार गर्ने तरिका त्यही हो ? प्रचण्ड पनि एक व्यक्ति, गिरिजाबाबु पनि एक व्यक्ति। ऊ माओवादी सर्वोच्च, गिरिजाबाबु हाम्रो सर्वोच्च नेता, प्रधानमन्त्री भएका नाताले। उहाँहरू दुइटाको कुरा मिल्यो भने सबै कुरा राम्रो भयो। दुइटाको कुरा मिलेन भने भने सबै कुरा नराम्रो भयो भनेर हामीले कसरी मान्ने ? यो तरिका दुवै पक्षले त्याग्नुपर्छ।

अहिले राष्ट्रसङ्घको हौवा फिँजाइएको छ। त्यो बेकार हो। राष्ट्रसङ्घ भनेको सघाउ गर्ने एउटा थप साधन मात्र हो। उसले हामीलाई निर्देशन दिँदैन। दिन सक्दैन। त्यसो गर्नु उसको सिद्धान्त विपरीतको कुरा हो। उसले त हामीलाई सघाउने मात्र हो। उसले हाम्रो समस्या समाधान गर्नेतिर सुझाव दिन र आग्रह गर्न सक्छ। हामीले राष्ट्रसङ्घबाट बढी आशा गरेर इयान मार्टिन नेपालमा छँदैछ, हामीलाई केको दुःख भन्नुहुँदैन। पत्रकारदेखि बुद्धिजीवी उनीहरूकै पछाडि दौडँदा केही पनि हुँदैन। सम्पूर्ण काम गर्ने तपाईं हामी नै हो। हामीले जोतिनुपर्छ। हामी नै लाग्नुपर्छ। यस्तै विचार-विमर्श गरेर भए पनि आफूलाई लागेको कुरा निर्धक्कसँग राख्न सक्नुपर्छ।

राष्ट्रसङ्घलाई पठाएको पत्रमा दुवै पक्षका हातहतियार तथा सेनाहरूलाई यथोचित् रूपबाट व्यवस्थापन गर्ने भनेर प्रतिबद्धता व्यक्त गरेको छ। नेपालमा सेनालाई व्यवस्थित गर्नका लागि अहिले पहिले कहिले नआएको अवसर आएको छ। यसलाई सरकारमा बसेकाले गुम्न दिनुभएन। यो अवसर हो – सेना घटाउने। यस बेलामा माओवादीलाई तिमीहरूको सबै सेना सखाप गर्‍यौ भने हामी नेपाली सेना ५० हजारमा ओराल्छौँ भनेर बार्गेनिङ गर्न सक्छ कि सक्दैन सरकार ? हामीले

नेपालको सेनाको इतिहास पढ्दा यो सजावटका लागि हो भनेर पढेका हौँ। सलामी, मलामी र गुलामीबाहेक यसले केही गरेन। सलामी, गुलामी र मलामी जानलाई एउटा बटालियन पनि चाहिँदैन, एउटा कम्पनी भए पुग्छ। त्यसो भए एक लाख सेना हामीलाई किन चाहियो ? कोसँग लड्न ?

त्यसैले, नेपाली सेना ४० हजारमा झार्छौं भनेर माओवादीलाई उनीहरूको सेना हटाउन लोभ देखाउनुपर्छ। माओवादीलाई कुनै किसिमको फाइदा नदिने हो भने उसले तपाईंले भनेको कुरा किन मान्ने ? यसरी नयाँ नेपालको परिकल्पना गर्दा, हतियार व्यवस्थापन गर्दा नेपाललाई नि:शस्त्रीकरण पनि गर्न सकिन्छ।

## हरि शर्मा

उहाँले राष्ट्रिय सुरक्षाका बृहत् कुरा उठाउनुभएको छ। अब हामी यसै विषयमा केन्द्रित भएर छलफल गरौँ। अप्ठ्यारो र संवेदनशील विषयमा कुरा गर्दा भाषिक मर्यादा कायम गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

## कपिल श्रेष्ठ

सैनिक संस्कृतिले परपीडाबाहेक केही पनि गर्दैन। यसलाई हामीले चुनौती दिनुपर्छ। यसलाई अस्वीकार गर्नुपर्छ।

## अनिल पन्त

अहिले हामीकहाँ दस हजार मानिस बराबर एक जना डाक्टर छ, तर १२५ जनाका निम्ति एउटा सेना/प्रहरी पर्न आउँछ। त्यो हामीलाई चाहिन्छ त ?

अहिले काठमाडौँमा सङ्गठित अपराध किन बढेको छ भने मानिसले बन्दुक चलाउन सिकेको छ। हिजो राजनीतिक उद्देश्यका लागि ब्याङ्क लुट्नेले राजनीति छाडेपछि आपराधिक उद्देश्यका लागि ब्याङ्क लुट्छ। माओवादी सेना होस् वा नेपाली सेना उसले सम्मानजनक काम पाएन भने त उसले के गर्छ ? माओवादीका ३५ हजार मान्छेले बन्दुक चलाउन सिकेका छन्। उनीहरूले के गर्छन् ? नेपाली सेनालाई ५० हजारमा झार्दा जागिर गुमाउनेहरूले के काम गर्लान् ? यतातिर ध्यान दिनुपर्छ।

प्रचलन के छ भने कति सेना छ भन्ने भन्दा पनि कति बन्दुक छ भन्ने प्रश्न गरिन्छ। एउटा बन्दुक छ भने एउटा सेना हुन्छ। त्यसका आधारमा सङ्ख्या तोकिन्छ। जस्तो माओवादीले अहिले ३५ हजार सेना भनेको छ भोलि २५ हजार बन्दुक लिएर आयो भने त्यसलाई २५ हजार नै मानिन्छ।

**प्रत्यूष वन्त**

ध्रुवकुमारले राजनीतिक सिद्धान्तका आधारभूत मान्यता लिएर भन्नुभयो – हतियारमा राज्यको एकाधिकार हुन्छ भनेर । हामीले नेपालमा केही वर्ष यता २१ औँ शताब्दीमा यस्तो हुन्छ भनेर सुन्दै आएका छौँ । त्यो राजनीतिक सिद्धान्त पनि फेरिएर पाठ्यपुस्तकमा हतियारमा राज्यको एकाधिकार हुँदैन भन्ने पो लेखिन आउँछ कि ? किनभने अरूले असफल राज्य भनेका अफ्रिकाका धेरै देशमा दुईथरीले हतियार बोकेका छन् । असफल नभनिएका हाम्रै छिमेकी देशहरू भारत, श्रीलङ्का, बाङ्लादेश, पाकिस्तानमा पनि धेरै संस्था वा व्यक्तिको स्वामित्वमा हतियार छ । यही सिद्धान्तलाई अलिकति व्याख्या गर्दै जाँदा हतियारमा राज्यको मात्र एकाधिकार हुँदैन भन्ने मान्यता स्थापित भएर अराजकतालाई सामान्य आवस्था मानेर बस्नुपर्ने दिन आउँछ कि आउँदैन ?

**गणेशदत्त भट्ट**

पैठारी गरिएको क्रान्ति अर्थात् प्रोक्सी वारसँग जुध्नुपर्ने नियति बोकेको नेपालजस्तो मुलुकलाई सेनारहित बनाउने परिकल्पना गर्नु कति उपयुक्त होला ?

**महेश्वरमान श्रेष्ठ**

ध्रुवकुमारको अवलोकन काल्पनिक देखियो । माओवादी सेना आन्दोलनको पृष्ठभूमि भएको सेना हो भन्ने यथार्थलाई हामीले इन्कार गर्न मिल्दैन । माओवादीहरू शान्तिपूर्ण ढङ्गले बहुदलीय व्यवस्था मान्न आउँछु भनिरहेका छन् । यस अवस्थामा हतियारको टुङ्गो लगाउन माओवादी सेना, नागरिक समाज, विशेषज्ञ, राष्ट्रसङ्घ, नेपाल सरकारको सेना, सरकार र माओवादीका प्रतिनिधि सम्मिलित समिति गठन गरेर सेना गन्ती गर्ने, हतियार गन्ती गर्ने र तिनलाई थन्क्याउने गर्नुपर्छ । त्यसपछि सेना भनेर किटान भएका माओवादीलाई सरकारले भरणपोषण गर्नुपर्छ ।

**लोकराज बराल**

नेपाली सेनाले चीन र भारतसँग युद्ध लड्न सक्दैन । विगतको दस वर्षले आन्तरिक युद्ध लड्न पनि सक्दैन भन्ने देखाएको छ । नेपाली सेनालाई पनि बीस हजारमै सीमित गर्दा हुन्छ जस्तो लाग्छ । यसको अर्थ सेना चाहिँदै चाहिँदैन भन्ने होइन । शान्ति सुरक्षा कायम गर्न, डकैतीजस्ता अपराध रोक्नका लागि चाहिन्छ ।

माओवादीहरूले बहुलवादी प्रजातन्त्र मान्छौँ भनिसकेपछि उनीहरूलाई हतियार नष्ट गरेर मात्र सरकारमा जाओ भन्ने कुरा हुँदैन । देशको राजनीतिक समस्याको समाधान त्यति अप्ठ्यारो होइन । अरूले अप्ठ्यारो बनाइदिएको मात्र हो ।

## अमृता थापा

हतियारविहीन नेपालको परिकल्पना गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न उठ्यो। माओवादीहरू साँच्चै नै हतियारविहीन संसार देख्न चाहन्छन्। यही सुन्दर सपनासहितको लक्ष्य बोकेर हिँडेको हुनाले प्रस्तोताको भनाइ (आपराधिक क्रियाकलाप भनेकोमा) प्रति आपत्ति छ।

दुईओटा सेना रहन्छ कि रहँदैन विषयमा पनि सोच्न सकिन्छ। विधिविधान भनेको मानिसले बनाएका हुन्।

## सुबोध प्याकुरेल

सेना भएपछि सत्ता हुन्छ भन्ने चिन्तनका कारणले दुईओटा सत्ता छ भनियो। जयकृष्णले पनि आफ्नो सेना भएका कारण तेस्रो सत्ता भएको देखाए। चौथो सत्ता पनि छ मधेसी टाइगर भन्ने। एउटा मुलुकमा एउटा मात्र सेना हुन्छ भन्नुको अर्थ के भने कानुनको पालना हुनुपर्छ भन्ने हो। हातमा बन्दुक भएपछि कानुन किन टेर्ने ? कानुनको शासन पनि न्यायपूर्ण होस् भन्ने कुरा सबैले मानिआएका छन्। हतियार र सेना व्यवस्थापनको कुरा गर्दा मानव अधिकार कानुनका बुँदाहरू राखेर एउटा डकुमेन्ट बनाउनुपर्छ जसको उल्लङ्घन गरेबापत राज्य र माओवादी वा जो कोहीले पनि अन्तर्राष्ट्रिय मान्यताअनुसारको सजाय पाउने प्रबन्ध गर्नुपर्छ।

द्वन्द्वमा सामेल भएका पक्षहरूले जबसम्म दिने कुरा बढी गर्दैनन् तबसम्म शान्ति आउँदैन। हामी त दिने होइन लिने कुरा गरिराखेको छौँ। हतियार व्यवस्थापनमा एउटा ठूलो गल्ती के देखेको छु भने क्रान्तिकारीहरू पेन्सन खानलाई क्रान्तिकारी भएका होइनन्। अहिले क्रान्तिकारीहरू पनि राज्यबाट भरणपोषण पाउने क्याम्पमा जाँदैछन्। त्यसो हो भने देशका ३२ लाख बेरोजगारले भरणपोषण माग्लान् कि नमाग्लान् ?

मिलिसियाको हतियार के गर्ने ? तिनलाई हतियार नमान्नु हुँदैन। किनभने बन्दुक जसले बोके पनि उत्तिकै खतरनाक हुन्छ।

## सीके लाल

मेसिनगन मात्रै हतियार हो कि लठ्ठी पनि हतियार हो ? हतियार भनेको के हो भन्ने विषयमा सर्वमान्य परिभाषा चाहिन्छ।

## घनश्याम पौडेल

आइरिस रिपब्लिकन आर्मी र ब्रिटिस सरकारका बीचमा सम्झौता भएको केही वर्षपछिसम्म पनि आइरिस रिपब्लिकन आर्मीसँग हतियार थियो। संसारमा यस्ता उदाहरण अरू

पनि हुन सक्छन्। त्यसैले दुईओटा सेना कहीँ पनि हुँदैन भन्ने होइन।

म यहाँ दुईओटा भित्री कुरा बताउन चाहन्छु। बाह्रबुँदे सहमति तयार भएका बेलामा माओवादीले सात दललाई सोधेको थियो युद्धविराम गरौँ भनेर। त्यतिखेर गिरिजाप्रसाद कोइराला, माधव नेपाल, अमिक शेरचन लगायत सबैले अहिले युद्धविराम गर्नुहुँदैन भनेका थिए। उनीहरूले तिमी तिम्रो ठाउँबाट ठोक हामी हाम्रो ठाउँबाट ठोक्छौँ भनेका थिए।

जनआन्दोलनको विराट प्रदर्शनमा आएका जनता न त माओवादीले मात्रै पठाएर आएको हो न त सात दलले ल्याएर आएको हो। माओवादी र सात दलका बीचमा जुन सहमति भयो त्यसले राजनैतिक निकास दिन्छ भन्ने ठानेर जनता उल्टेर आएको हो।

माओवादी सेनालाई स्वीकार नगर्ने हो भने एउटै उपाय छ कि माओवादी सेनालाई सिध्याउने कि राज्यको सेनालाई सिध्याउने। यसो गर्ने अभ्यास भएको हो। तर असफल भयो। त्यसैले पहिले सहमति भएजस्तो दुवै सेनालाई व्यवस्थापन गर्नुपर्छ। यो विशिष्ट अवस्था हो।

## ललित बस्नेत

राजनीतिक समाधानविना हतियार मात्र व्यवस्थापन भनियो भने त्यो मूर्खता हुनेछ। अहिले माओवादीको राजनीतिक अजेन्डा के हो भन्ने पनि स्पष्ट हुनुपर्छ – सत्ता मात्र हो कि संविधानसभा हो ?

## शोभाकर बुढाथोकी

हतियार व्यवस्थापनको कुरालाई बृहत् प्याकेजका रूपमा हेरिनुपर्छ। यो शान्ति प्रक्रियाभन्दा छुट्टै कुरा होइन।

## कृष्ण खनाल

हतियार र सेना राज्यलाई बलियो बनाउनका लागि सहयोगी माध्यम मात्र हो भन्ने मान्यो भने अलि सजिलो हुन्छ। अर्को राज्यका बारेमा हामी सहमति निर्माणको प्रक्रियामा छौँ। सहमतिपूर्ण राज्य बनिसकेपछि दुईओटा सेना, दुईओटा सत्ता भन्ने कुरै आउँदैन।

## हस्त गुरुङ

हतियारभन्दा हतियार चलाउने व्यक्तिको मानसिकता खतरनाक हो जस्तो लाग्छ। हतियार चलाएर मात्रै जित्छु, हतियार चलाएर मात्रै समस्या समाधान गर्छु भन्ने

मानसिकता अमेरिकी साम्राज्यवादीको होस् वा उसका विरोधीको जसको भए पनि खतरनाक हुन्छ ।

## सुरेश आले

हतियार व्यवस्थापनका बारेमा कुरा गर्दा अन्तर्राष्ट्रिय अनुभवहरूलाई पनि हेर्नुपर्छ तर हाम्रा मौलिकतालाई पनि त्यत्तिकै ध्यान दिनुपर्ने हुन्छ । नेपाली सेना राष्ट्रिय सेना होइन भन्ने कुरा पस्ट भइसकेको छ । संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा भाग लिँदैमा त्यो राष्ट्रिय सेना हुँदैन ।

एउटा आश्चर्य के लाग्छ भने हतियार मन पर्ने कोही छैन । सेना मन पराउने कोही छैन । तर उनीहरू राज्यचाहिँ भइरहनुपर्छ भन्छन् । हतियार नभएको सेना र सेना नभएको राज्यको परिकल्पना गर्दैनन् । हतियार निषेध गर्ने हो भने सेना हुनुभएन । सेना नभए राज्य हुनुभएन । राज्य भएपछि सेना त हुन्छ हुन्छ । सेना छ भने हतियार हुन्छ ।

## ध्रुवकुमार

समष्टिगत रूपमा भन्ने हो भने आजको कार्यक्रम शिक्षामूलक लाग्यो । तपाईंहरूले भन्नुभएका धेरै कुराहरू मनन गर्नुपर्छ । मैले पनि सिक्न सक्छु । नेपाली सेनाको सन्दर्भमा कुरा गर्दा हामीले यसको पुनर्गठन गर्नुपर्छ । माओवादीले पनि राजनीतिक सिद्धान्त पछाडि राखेर बन्दुक अगाडि राखेको छ । सिद्धान्तको कसैले विरोध गर्दैन ।

# नयाँ नेपालको परिकल्पना

प्रस्तोता

**रामशरण महत**

**निलाम्बर आचार्य**

संयोजक

**कनक दीक्षित**

## कनक दीक्षित

हामीले अलिकति महत्त्वाकाङ्क्षा राखेर यस सम्मेलनलाई शान्ति, पुनर्निर्माण र विकाससम्बन्धी राष्ट्रिय सम्मेलन भनेका थियौँ। राष्ट्रिय त हुन पुग्यो किनभने काठमाडौँ उपत्यकाबाहिरबाट धेरै मित्रहरू सहभागी हुनुभएको छ। मैले बुझेअनुसार अलिकति भए पनि देशव्यापी रूपबाट स्वर आएको जस्तो देखियो। बितेका दुई दिनका सत्रहरूमा तोकिएका विषयमा बहस, विवाद भए। तिनमा कति गहिरिएर जान सकियो वा कति गहिरिएर जान सकिएन भन्ने विषयमा सहभागीहरू आफैँले मूल्याङ्कन गर्ने कुरा हो। मेरो निजी विचारमा चाहिँ कतै गहिरो पुगियो, कतै बहसलाई निरन्तरता दिइयो। छलफल र बहसलाई निरन्तरता दिने पनि काम अति महत्त्वपूर्ण छ।

दिगो शान्ति भनेपछि संविधानसभाको कुरा टड्कारो आउँछ। त्यस विषयमा छलफलका लागि जुन खालको आधार चाहिन्छ त्यो आधार तयार गर्न यो समारोह र अन्त पनि भइरहेका बहसले आधार प्रदान गर्छन्। मनासिब बहस अगाडि बढ्नुपर्छ। शान्ति भित्रियो भनेदेखि नेपाली समाज एकदम मसिना-मसिना विचारलाई पनि लिएर अगाडि बढ्न सक्षम छ। हामीले जनआन्दोलनमार्फत पनि के देख्यौँ भने आम जनताले राजनीति बुझेका रहेछन्। यही बुझाइका कारणले नै संविधानसभामार्फत राम्रो भविष्य बनाउनका लागि नेपाल सुहाउँदो, नेपाली जनता सुहाउँदो राष्ट्रिय संरचना निर्माण गर्न सकिन्छ भन्ने प्रस्ट भएको छ।

यहाँ तपाईंहरूले बाबुराम भट्टराईलाई देख्नुभएन। उहाँ आउनुहुने छैन। उहाँले फोन गरेर हिजै के भन्नुभयो भने हिजोलाई तय गरिएको पार्टीहरूबीचको छलफल भोलि वा पर्सि हुँदैछ। त्यसको तयारीको काम हिजोबाट आज सरेको हुनाले उहाँ आउन असमर्थ हुनभयो। त्यसको मतलब एक खालको असन्तुलन हुन गएको छ। हामीसँग अर्थमन्त्री रामशरण महत हुनुहुन्छ। अनि निलाम्बर आचार्य हुनुहुन्छ। रामशरण महत सरकारमा हुनुहुन्छ। निलाम्बर आचार्य स्वतन्त्र बुद्धिजीवी। कसैले उदार वामपन्थी विचार राख्ने मानिस भन्छन्। माओवादी विद्रोही पक्षबाट हामीले बाबुराम भट्टराईलाई डाकेका थियौँ। उहाँ आउन नसक्नु

भएपछि हामीले यसरी नै अगाडि बढौँ भन्ने सोच्यौँ ।

## बहुलवादी राजनीति र कुशल अर्थतन्त्र

**रामशण महत**

अहिले हामी इतिहासको अत्यन्तै संवेदनशील घडीमा छौँ, चौबाटोमा छौँ । यो सङ्क्रमणपछि देश कता जान्छ भन्ने प्रश्न सबैको मनमा खेलिराखेको छ । यसको एउटा सकारात्मक पक्षचाहिँ के छ भने अधिकांश नेपाली र बौद्धिक समुदायले ठूलो आशा गरेको छ । अवस्था बिग्रने हो कि भनेर शङ्का गर्नेहरू पनि छन् । तर अत्यधिक बहुसङ्ख्यक मानिसचाहिँ यो देशको भविष्यप्रति आशावान् छन् । अहिले शान्ति पुनर्स्थापना भएको छ, अब हामी दिगो शान्तिको बाटोमा छौँ । जनतालाई साँच्चिकै बलियो बनाउने लोकतन्त्रको स्थायी जग बस्न थालेको छ भन्ने आशा अधिकांशले गरेका छन् । नेपालको सुखद भविष्यका लागि यो एउटा राम्रो सङ्केत हो ।

नयाँ नेपालको परिकल्पनाको कुरा गर्दा म दुईओटा कुरामा जोड दिन चाहन्छु । एउटा हाम्रो राजनीतिक भविष्य के हो ? र, अर्को हाम्रो आर्थिक भविष्य के हो ?

### राजनीतिक भविष्य

प्रजातन्त्रको विकल्प छैन । लोकतन्त्रको विकल्प छैन । तर प्रजातन्त्र भनेको कस्तो प्रजातन्त्र हो ? यसका बारेमा सबै स्पष्ट हुनुपर्छ । यो उदार प्रजातन्त्र हो । कानुनको शासन भएको, बहुलवादी, शन्तिपूर्ण प्रतिस्पर्धात्मक, मानव अधिकारका विश्वव्यापी मान्यतालाई स्वीकार गरेको प्रजातन्त्र हुनुपर्छ । यसप्रति सबै प्रतिबद्ध हुनुपर्दछ । प्रजातन्त्रको योभन्दा अर्को विकल्प हुँदैन ।

प्रजातन्त्रका धेरै परिभाषा हुन्छन् । कहीँ जनगणतन्त्र भनिन्छ । कहीँ प्रजातान्त्रिक गणतन्त्र भनिन्छ । अब सबैले आफूलाई प्रजातन्त्र नै भन्छन् । जनवादी, प्रजातान्त्रिक गणतन्त्र, जनगणतन्त्र नामका कतिपय सर्वसत्तावादी शासन पनि विभिन्न मुलुकमा छन् । तिनले पनि आफूलाई प्रजातन्त्र भन्छन् । तर नेपालको भविष्य बहुलवादी प्रजातन्त्रमा छ जहाँ कानुनी राज हुन्छ, प्रतिस्पर्धात्मक राजनीति हुन्छ र जो मानव अधिकारका विश्वव्यापी मान्यताप्रति प्रतिबद्ध हुन्छ । नेपालमा त्यही प्रजातन्त्र हुनुपर्छ । तर प्रजातन्त्रलाई कसरी प्रजातान्त्रिकीकरण गर्ने चुनौती छ । एन्थोनी गिलिङका भनाइमा प्रजातन्त्रलाई कसरी प्रजातान्त्रिक बनाउने भन्ने कुरा नै प्रजातन्त्रका सामु रहेको चुनौती हो । बहुलवादी, पश्चिमा शैलीको, उदार प्रजातन्त्रलाई पनि कसरी प्रजातान्त्रिक बनाउने भन्ने ठूलो चुनौती हामी सामु छ । हामीलाई प्रजातन्त्र मात्र भएर पुगेन । त्यसलाई थप प्रजातान्त्रिक बनाउने जरुरत पर्‍यो । हामीले

विगत बर्षमा जातीयता, भाषा, जनजाति, धर्म र संस्कृतिसम्बन्धी चेतना बढेको देखेका छौँ । आफ्नो क्षेत्रीय पहिचान, जनजातीय पहिचान र उपजातीयताको पहिचान खोज्ने चेतना अहिले निकै बढेको छ । यो नेपालको मात्र विशेषता होइन । सारा संसारभरि नै यस विषयमा ठूलो बहस भइरहेको छ । अबको चुनौतीचाहिँ जनजातीयताबाट आएको छ । यो चाहनालाई मिलाउन सक्ने प्रजातन्त्र हुनुपर्‍यो । यस चाहनालाई स्वीकार गर्न सक्ने प्रजातन्त्र हुनुपर्‍यो र सबैभन्दा तल्लो वर्गलाई बलियो बनाउने प्रजातन्त्र हुनुपर्‍यो । प्रजातन्त्र भन्नाले वाक्स्वतन्त्रता, भोट हाल्ने र चुनावमा उठ्ने, सञ्चारमाध्यमको स्वतन्त्रता मात्र होइन । प्रजातन्त्रको भविष्य सबैभन्दा तल्लो तहका जनताले कति अधिकार पायो भन्ने कुरामा निर्भर गर्दछ । जसले तल्लो वर्गका जनतालाई बढी अधिकार दिन्छ त्यो वास्तविक प्रजातन्त्र हो ।

अहिले सङ्घीय प्रणाली भयो भने बढी प्रजातन्त्र हुन्छ भन्ने पनि बहस छ । अर्को किन सङ्घीय मात्रै त्यसभन्दा अरू अगाडि जाने भन्ने पनि तर्क छ । स्थानीय निकायलाई बढी अधिकार दियो भने त्यसले मानिसका चाहना पूरा गर्छ । नेपालमा धेरै जनजाति छन् । स्थानीय तहमा उनीहरूको जति बढी प्रतिनिधित्व हुन्छ माथिल्लो तहमा त्यति हुँदैन । उनीहरूको प्रतिनिधित्व जति माथि गयो उति घट्दै गएको छ । स्थानीय तहमा चाहिँ उनीहरूको राम्रो प्रतिनिधित्व छ । त्यसकारण स्थानीय तहमा शक्ति दिनुपर्‍यो । जतिजति माथिको पत्र बढाउँदै जानुहुन्छ स्थानीय तहको अधिकार उतिउति घट्दै जान्छ । हिन्दुस्तानमा कतिपय राज्यमा स्थानीय पञ्चायतले तीन हजार रुपियाँभन्दा बढ्ता खर्च गर्न जिल्ला परिषद्बाट पास गराउनुपर्दछ । त्यो प्रकारको सङ्घीय स्वरूपले त जनतालाई झन् कमजोर बनाउँछ । त्यसैले स्थानीय निकायलाई सबैभन्दा बढी अधिकार दिनुपर्छ भन्ने बहस भइरहेको छ । केन्द्रले एकदमै कम अधिकार लिएर स्थानीय तहमा बढीभन्दा बढी साधन दिन सक्यो भने त्यसले स्थानीय तहको आकाङ्क्षा पूरा गर्छ ।

अहिलेको विकासको अनुभवले पनि के देखाउँछ भने जहाँ जनताको सक्रिय सहभागिता छ, जनताले आफैँले विकास निर्माण सुरु गरेका छन्, उनीहरूको सहभागिता भएको ठाउँमा सबैभन्दा बढी प्रतिफल आएको छ, परियोजनाहरू सफल भएका छन् । चाहे खानेपानीको, ग्रामीण खानेपानीको कुरा गर्नुहोस्, चाहे झोलुङ्गे पुलको कुरा गर्नुहोसे, चाहे बाटोघाटो निर्माणको कुरा गर्नुहोस्, चाहे स्कुल सञ्चालनको कुरा गर्नुहोस्, जहाँ जनता आफैँले अधिकार लिएर कार्यक्रम सञ्चालन गरेका छन् त्यहाँ योजना सफल भएका छन् ।

यसको सबैभन्दा ठूलो उदाहरण सामुदायिक वन हो । बीस वर्ष पहिले नेपाललाई संवेदनशील देश भनिन्थ्यो । म अमेरिकामा हुँदा जताततै एउटा सानो डकुमेन्ट्री देखाइरहन्थे । त्यसमा देखाइएको थियो, नेपालको पहाड अत्यन्त कमजोर छ,

त्यहाँ वातावरणीय प्रकोप हुन थालेको छ, भूस्खलन भइराखेको छ, पहिरो गइराखेको छ, बाढी आइराखेको छ किनभने त्यहाँको वन समाप्त भयो। जङ्गल विनाशका कारणले गर्दा नेपाल संसारको सबैभन्दा बढी वातावरणीय विनाशको अर्को ठाउँ बन्दैछ। १९८०/८५ तिरको कुरा हो विश्व ब्याङ्कले यही गतिमा वन विनाश भइरहेमा आगामी २० वर्षमा नेपालमा एउटा रूख पनि बाँकी रहँदैन भनेर पनि लेख्यो। तर जनताले सामुदायिक वनको संरक्षण गर्ने जिम्मा लिएपछि अहिले नेपालका गाउँमा जताजतै हरियाली देख्न पाइन्छ। अब नेपालमा वातावरणीय प्रकोप हुन्छ भन्ने कुरा कसैले पनि भन्दैन। जनताले प्रत्यक्ष जिम्मेवारी लिएका ठाउँमा उदेकलाग्दा किसिमका सफलता पाइन्छ भन्ने कुरा नेपालमा देखिएको छ। त्यसकारण हामीले त्यो वर्गलाई शक्तिशाली बनाउनुपऱ्यो। विकास निर्माणको जिम्मा पनि त्यही वर्गलाई दिनुपऱ्यो। माथिल्लो तहलाई थोरैभन्दा थोरै मात्र अधिकार दिनुपऱ्यो। माथिल्लो तहले अधिकार आफूमा खिच्नुभएन। आजभन्दा २५ वर्षअगाडि सरकारै सबैथोक थियो तर अहिले त्यस्तो छैन। शासन केन्द्रीय सरकारले मात्र गर्ने होइन, स्थानीय निकाय पनि छ, नागरिक समाज पनि छ, निजी क्षेत्र पनि छ।

अनुभवले के देखाएको छ भने सरकार जति ठूलो भयो त्यति भद्दा हुन्छ, त्यसका काममा ढिलाइ हुन्छ, त्यसले तत्काल गर्नुपर्ने काम गर्न सक्दैन र चाँडो निर्णय लिन सक्दैन। सरकार भन्नेबित्तिकै हाम्रो देशमा मात्र होइन सबैतिर अकुशल हुन्छ भनिन्छ। त्यसैले, स्थानीय सरकारलाई जिम्मेवारी दिनुपर्छ, नागरिक समाजलाई जिम्मेवारी दिनुपर्छ। कतिपय क्षेत्रमा निजी क्षेत्रलाई दिनुपर्छ। यसले प्रजातन्त्रलाई व्यापक बनाउँछ। मैले प्रजातन्त्रलाई प्रजातान्त्रिक बनाउनुपऱ्यो भनेको यसै सन्दर्भमा हो। प्रजातन्त्रका सामु रहेको चुनौती भनेको उदार, बहुलवादी प्रजातन्त्रलाई कसरी प्रजातान्त्रिक बनाउने भन्ने हो। नयाँ नेपालमा प्रजातन्त्र मात्रै भएर पुग्दैन यसलाई विस्तार गर्नुपर्छ, थप प्रजातान्त्रिकीकरण गर्नुपर्छ।

## आर्थिक भविष्य

अव म आर्थिक परिदृश्यका बारेमा केही भन्न चाहन्छु। अहिलेको एउटा समस्या के हो भने सारा संसारभरि आर्थिक अजेन्डा अग्रपङ्क्तिमा रहेको छ। हामी देश-विदेशमा जाँदाखेरि देख्छौँ दुई-तीन वर्षमा पूरै फेरिएको हुन्छ। त्यही गतिमा कसरी दौडने भन्ने चिन्ता सबैमा छ – सरकार, नागरिक, नागरिक समाज आदि। फलानो मुलुकका जनताको भन्दा राम्रा जीवनस्तर कसरी बनाउने भन्ने। जीवनस्तर कसरी उठाउने भन्ने। पूर्वाधारमा लगानी गरेर नयाँ वृद्धिका लागि आवश्यक पूर्वाधार कसरी तयार गर्ने भन्ने। तर दुर्भाग्यवश नेपालमा आर्थिक अजेन्डाले

महत्त्व पाएको छैन। हामी राजनीतिक विषयमा रुमल्लिएका छौँ। अरू मुलुकका सामु शिर ठाडो पार्न आर्थिक विषयलाई महत्त्व दिनैपर्छ। अर्को उपाय छैन।

हामीलाई लाज मर्नु भइसकेको छ। नेपाल चाँडै नै दक्षिण एसियाको सबैभन्दा गरिब देश हुँदैछ। हामी अहिले पनि राजनीतिक विषयमा केन्द्रित छौँ। आर्थिक विषयमा ध्यान पुऱ्याउन सकेका छैनौँ। देशलाई कसरी आर्थिक रूपले संवृद्ध बनाउन सकिन्छ भन्नेतिर राष्ट्रिय बहस भएको छैन। जनताको जीवनस्तर सुधार्न सकिएन भने हाम्रो भविष्य छैन। हाम्रो इज्जत बाँकी रहँदैन।

अहिलेको संसारमा देशको आकार महत्त्वपूर्ण मानिदैन। नागरिकको जीवनस्तर कस्तो छ त्यसका आधारमा प्रतिष्ठा निर्धारण हुन्छ। आर्थिक विषयले प्रधानता पाएपछि जीवनस्तर सुध्रने आशलाग्दो वातावरण सिर्जना हुन थाल्छ।

आर्थिक विकासको कुरा गर्दा हामी सधैँभरि जलस्रोतमा धनी छौँ भन्छौँ। त्यसमा शङ्कै छैन। नेपालको जलसम्पदाले नै नेपाललाई तुरुन्त समृद्ध बनाउन सक्छ। आगामी २०-२५ वर्षभित्र नेपाललाई समृद्ध बनाउन सक्ने कुनै सम्पदा छ भने त्यो जलस्रोत हो। तर हामीले त्यसको एक प्रतिशत पनि उपयोग गर्न सकेका छैनौँ। किनभने जलस्रोतको कुरा गर्दा विवाद हुन्छ। यसको कुरा गर्नेबित्तिकै यो राजनीतिक विषय बन्छ। यो साह्रै दुर्भाग्यको कुरा हो। हरेक मिनेट हरेक सेकेन्डमा लाखौँ डलर त्यसै बगेर खेर गइरहेको छ। बगेर खेर गइरहेको पानी मात्र उपयोग गर्न सक्यो भने बर्सेनि खरबौँ डलर कमाइ हुन्छ। हामी दक्षिण एसियाको पावर हाउस बन्न सक्छौँ।

हाम्रो जैविक विविधता यस्तो छ कि एक घण्टा गाडीमा हिँड्दा हिमालयदेखि उष्ण प्रदेशको जलवायु भेटिन्छ। यत्रो ठूलो अचम्म संसारमा कहाँ हुन्छ ? त्यसमाथि जैविक विविधताले कृषि, जडीबुटी, वन सम्पदाको ठूलो सम्भावना थपिदिएको छ। यसलाई हाम्रो समृद्धिको स्रोत बनाउन सक्छौँ।

पर्यटनको उत्तिकै सम्भावना छ। हामी शिक्षा, स्वास्थ्यका लागि केन्द्रबिन्दु बन्न सक्छौँ। घरबाहिर खेलिने खेलकुदका लागि नेपालको मौसम राम्रो छ। यहाँको मौसम संसारकै सबैभन्दा राम्रोमध्येमा पर्छ। यस्तो विशिष्टताले गर्दा हामीकहाँ प्रशस्त सम्भावना छ। यी सम्भावनालाई उपयोग गर्नेतिर धेरै काम भएका पनि छन्। तर त्यतातिर म जान्नँ। म भविष्यको मात्र कुरो गर्दैछु। यी सबै कुराले पनि नेपाललाई समृद्ध बनाउन सक्छ।

तर साधन हुँदैमा मानिस धनी हुन्छ भन्ने छैन। साधनका साथै, सही नीति, लगानीका लागि उपयुक्त खालको वातावरण, राम्रो सरकार र प्रतिबद्ध राजनीतिक नेतृत्व भएमा मात्रै समृद्धि आउँछ। हामीले आफूकहाँ भएको जलस्रोतको एक प्रतिशत पनि उपयोग गर्न नसकेबाट के देखिन्छ भने साधनले मात्र केही दिँदैन।

प्रतिबद्धता, उपयुक्त वातावरण, राम्रो सरकार र दह्रो संस्था नभइकन स्रोत र साधनको गाथा मात्र गाएर केही हुँदो रहेनछ।

एम.आई.टी.को स्कुल अफ मेनेजमेन्टका डिन ल्यास्टर थोरोले के भनेका थिए भने अन्यत्र नभएको स्रोत आफूसँग भएका देशहरू धनी हुन्छन् भनेर अर्थशास्त्रका पाठ्यपुस्तकमा पढेको कुरा पुरानो भइसक्यो। स्रोतले आफैँ धनी बनाउँथ्यो भने ब्राजिल धनी हुनुपर्ने, सोभियत युनियन धनी हुनुपर्ने तर तिनीहरू अहिले पनि विकासोन्मुख देश हुन्। अलिकति पनि स्रोतसाधन नभएको जापानजस्तो मुलुक संसारको समृद्ध देशमध्येमा पर्छ। संसारको सबैभन्दा द्रुतगतिमा आर्थिक वृद्धि भइरहेका देशहरूमा सिङ्गापुर, ताइवान, हङकङ र जापान पर्छन् जहाँ अलिकति पनि स्रोतसाधन छैनन्। सोभियत युनियनमा त्यत्रो साधन छ, बेल्जियममा त्यत्रो साधन छ तर उनीहरूको आर्थिक वृद्धि धिमा छ। अर्थात् साधन हुनेबित्तिकै समृद्धि नुहुने रहेछ।

अमेरिका प्राकृतिक सम्पदामा धेरै धनी छ तर त्यहाँको कुल गार्हस्थ उत्पादनमा प्राकृतिक स्रोतको योगदान तीन प्रतिशतभन्दा कम छ। अमेरिकाको समृद्धिमा त्यहाँको प्राकृतिक स्रोतसाधनको योगदान नगण्य छ।

हिन्दुस्तानको अर्थतन्त्र द्रुतगतिमा अघि बढेको छ तर प्राकृतिक स्रोतका बलमा होइन सूचना प्रविधिका बलमा अर्थात् मानिसको दिमागी शक्तिका बलमा। हिन्दुस्तानमा कोइलामा आधारित उद्योगबाट विकास हुनुपर्ने हो तर त्यहाँ सूचना प्रविधिसम्बन्धी उद्योग किन ल्याउनुपर्‍यो त ? किनभने अहिलेको संसारमा द्रुततर गतिमा बढेका उद्योगहरू मानव शक्तिमा आधारित छन्। दूरसञ्चार अहिलेको द्रुततर गतिमा बढेको उद्योग हो। यो मानव शक्तिमा आधारित छ। ठूलो सम्भावना भएको अर्को उद्योग सूक्ष्म जीव विज्ञान हो। कम्प्युटर सफ्टवेयर उद्योग हो। यी सबै मानव शक्तिमा आधारित छन्।

विकासको कुरा गर्दा निर्यातलाई हेर्नुपर्छ, संसारको बजारलाई हेर्नुपर्छ। आन्तरिक बजारलाई मात्र ध्यान दिने आर्थिक योजनाको भविष्य छैन। स्वदेशी बजारलाई मात्र ध्यान दिने हो वृद्धिदर थोरै हुन्छ। विदेशको बजार हेर्नुपर्छ। निर्यात नगरिकन कुनै पनि मुलुकले विकास गर्न सकेको छैन। निर्यात गर्नका लगि उत्पादकत्व बढाउनुपर्‍यो। उत्पादकत्व बढाउनका लागि नयाँ ज्ञान चाहियो। मजदुरको गुणस्तर सुधार्नुपर्‍यो। त्यसपछि मात्र संसारको बजारमा प्रतिस्पर्धा गर्न सक्ने सामान सस्तोमा उत्पादन गर्न सकिन्छ। अहिले चीन सारा संसारका लागि चुनौती बनेर आएको छ। पश्चिमी बजारलाई सबैभन्दा ठूलो आर्थिक त्रास चीनबाट छ किनभने चीनले संसारका कुनै पनि वस्तु अत्यन्तै सस्तोमा उत्पादन गर्छ। अहिले अमेरिकाको ट्रेजरी बिल चीनले किनिरहेको छ। उनीहरूको उत्पादकत्व राम्रो भएकाले गर्दा

उनीहरू आफ्ना सामान बेच्न सक्छन्। त्यसैले उनीहरू यसो गर्न सक्छन्।

हाम्रोमा पनि कार्पेट उद्योग राम्रो थियो। हामी न्युजिल्यान्डबाट ऊन ल्याउँथ्यौँ र यहाँ कार्पेट बनाएर एटलान्टिकमा बेच्थ्यौँ। त्यो हाम्रो उद्यम थियो। चाहे पश्मिना उद्योग भनौँ चाहे गार्मेन्ट उद्योग भनौँ यी सबै विदेशी बजारमा आधारित थिए। विदेशी बजार पाउनका लागि हामीले प्रतिस्पर्धा गर्न सक्नुपर्‍यो। त्यसका लागि जनशक्तिमा अरु बढी लगानी गर्नुपर्छ, औद्योगिक शान्ति चाहिन्छ। नत्र भने हाम्रो आर्थिक भविष्य छैन।

नेपालको आर्थिक भविष्य सुन्दर बनाउनका लागि सरकारको सबैभन्दा धेरै स्रोतसाधन ग्रामीण क्षेत्रमा जानुपर्‍यो। सबैभन्दा तल्लो क्षेत्रमा जानुपर्‍यो। निर्णय गर्ने अधिकार स्थानीय स्तरलाई दिनुपर्‍यो। त्यही मोडल धेरै सफल भएको छ। विगतको अनुभवले त्यही देखाउँछ। आधुनिक युगमा सरकारबाहेक अरू पनि क्षेत्र छन् जसले समाजमा भूमिका निभाउँछन्। स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज सबैलाई आफ्नो-आफ्नो क्षेत्रमा भूमिका दिनुपर्छ। अनि पूर्वाधार विकासमा धेरै लगानी गर्नुपर्छ। यी सबैका लागि स्थायी शान्ति चाहिन्छ। आर्थिक अवधारणा भनेको पार्टी-पार्टीको फरक हुन्छ। जनताले जसको आर्थिक कार्यक्रमलाई भोट दिन्छ आर्थिक योजना त्यसैले तयार गर्छ। तर शान्ति र राजनैतिक भविष्यका मामलामा अहिले न्यूनतम सहमति भयो भने त्यसले नयाँ नेपालको आर्थिक उन्नतिको आधारशीला बनाउँछ।

## हिंसामुक्त राजनीति, त्रासमुक्त नेपाली

### निलाम्बर आचार्य

पहिलो कुरा त नयाँ नेपालको कल्पनाबारे मलाई बोल्न भनिएको छ। त्यो कल्पना नै हो के? नयाँ नेपालको कल्पना किन चाहियो? त्यो कुरा अलिकति भन्नु आवश्यक छ। नयाँ नेपालको कल्पना गर्नु भनेको नेपालको अहिलेसम्मको जुन पहिचान छ त्यसबाट हामी सन्तुष्ट छैनौँ भन्ने हो। नेपाल विभेदयुक्त छ जहाँ दलित छन्, अत्यन्त निकृष्ट विभेद छ, जहाँ महिलाहरू पनि विभेदमा परेका छन्। नेपाल यत्रो विविधतायुक्त हुँदाहुँदै पनि तिनीहरू सबैलाई राज्यले समेट्न सकेको छैन। यत्रो प्राकृतिक सौन्दर्य हुँदाहुँदै पनि जीवनमा कष्ट छ र हाम्रा सम्बन्धहरू क्रूर चरित्रका छन्। हिंसा छ। प्रभुत्व छ।

प्राकृतिक सौन्दर्यबाट मात्र हामी चिनिने मानवनिर्मित सौन्दर्यबाट नचिनिने होइन। हामी अब नयाँ नेपाल, नयाँ पहिचानको नेपाल, हामीले निर्माण गरेको नेपालको पहिचान बनाउन चाहन्छौँ भन्ने हो। यो नयाँ पहिचान कस्तो हुनुपर्छ भन्ने कुरा नै सायद नयाँ नेपालको कुरा हो। तर नेपाल युद्धमुक्त, नेपाली

त्रासमुक्त र राजनीति हिंसामुक्त भयो भने मात्र नयाँ नेपालको कल्पना गर्न सकिन्छ र नयाँ नेपालको निर्माण गर्न सकिन्छ। त्यसैले हामीलाई युद्धमुक्त नेपाल चाहिएको छ। हिंसामुक्त राजनीति चाहिएको छ। त्रासमुक्त नेपाली चाहिएको छ। त्यो भयो भने मात्र नयाँ नेपाल बन्न सक्छ र त्यो बन्ने प्रक्रिया अगाडि बढ्न सक्छ।

हामी हिजोको पहिचानबाट नयाँ नेपालको पहिचानमा जान चाहन्छौँ भनेको विश्वलाई हाम्रो देशले नयाँ नेतृत्व, नयाँ बाटो दिने होइन, विश्वको न्यायाधीशसरहको देश बनाउन खोजेको होइन। अर्थात् नयाँ नेपालको कुरा गर्दाखेरि नयाँ आदर्श सिद्धान्तको प्रयोगशाला नेपाललाई बनाउन खोजिएको होइन। यो पनि प्रस्ट हुनुपर्छ। हामीले विश्वले प्राप्त गरेका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रका अनुभवहरूलाई बटुलेर त्यसबाट लाभान्वित हुन चाहेको हो। हामीले विश्वबाट पृथक् भएर नयाँ नेपालको परिकल्पना गर्न खोजेको होइन, गर्नुहुँदैन। विश्वसँग जोडिएको स्वाभिमानी नेपालको परिकल्पना गर्न खोजिएको हो। नयाँ नेपालको सोच गर्दाखेरि म यति मात्र भन्न सक्छु कि त्यो नयाँ नेपालमा आजका सम्बन्धहरू हुनेछैनन् जो सामान्ती प्रभुत्वबाट निर्देशित छन्। राजनीतिमा, परिवारमा, धर्ममा, संस्कृतिमा, पार्टीमा, यावत् कुरामा सामान्ती प्रभाव रहेको छ। एउटाको प्रभुत्वमा अरू बस्नुपर्ने भन्ने प्रवृत्ति हाबी छ। नयाँ नेपालको परिकल्पना गर्दाखेरि हामी त्यस्तो नेपालको परिकल्पना गर्छौं जहाँ सामान्ती सम्बन्ध समाप्त भएर नयाँ लोकतान्त्रिक सम्बन्ध स्थापित हुन्छन्। परिवारमा, राजनीतिक पार्टीमा, सामाजिक सङ्घसंस्थामा, राज्यमा र समाजमा लोकतान्त्रिक सम्बन्ध स्थापित हुन्छन्। अर्थात् नयाँ नेपालको परिकल्पना पुराना सम्बन्धहरूबाट नयाँ सम्बन्धहरूमा प्रवेशको परिकल्पना हो।

मलाई लाग्छ हामीले छलाङ मार्ने कुरा धेरै गर्नुहुँदैन। हामीले व्यवहारमा उतार्न नसकिने आदर्शतिर जानुहुँदैन। हामीले त्यो गर्नु खोज्नुपर्छ जो हामी अत्यधिक रूपमा गर्न सक्छौँ, जुन कुरा सम्भव छ। सम्भावनाभन्दा बाहिर गएर नयाँ सिद्धान्तको प्रयोगशाला बनाउन खोज्यौँ भने हामी खाल्डोमा जाकिन्छौँ। धेरै सङ्कटमा फस्छौँ। पुर्वी युरोप, सोभियतसङ्घ, कम्बोडिया इत्यादिका उदाहरण हामी सामु छन्। स्वयम् तालिवानको अफगानिस्तानको उदाहरण पनि छ। त्यसैले त्यतातिर जानु उपयुक्त हुन्छ जस्तो मलाई लाग्दैन।

राजनीतिक समस्याहरू नयाँ नेपालमा पनि उत्पन्न होलान् तर तिनको समाधान राजनीतिक तरिकाले नै गरिनुपर्दछ, सैन्यवादी तरिकाले होइन। दुःखको कुरा के छ भने लोकतान्त्रिक स्वतन्त्रताको, राजनीतिक स्वतन्त्रताको वातावरणमा पनि २०५२ सालदेखि यहाँ राजनीतिक समस्यालाई सैनिक रूपले समाधान गर्ने बाटो अपनाइयो।

सैनिक रूपले समाधान गर्ने बाटो एउटाले अपनायो भने राज्ययन्त्रले पनि सैनिक रूपले नै त्यसलाई सामना गर्ने बाटो अपनायो। यसले गर्दा राजनीतिक समस्याको समाधानका लागि सैनिक बाटोलाई बढी प्रोत्साहित भयो। अब त्यो बाटो त्याग्नुपर्दछ। नयाँ नेपालमा राजनीतिक पार्टीहरू हुनेछन्। आजको पाँच-सात वर्षपछि पनि। तर ती राजनीतिक पार्टीहरू पूर्णतया राजनीतिक पार्टी हुनेछन्, सैन्यवादबाट मुक्त, निजी राज्यसत्ताको धारणाबाट मुक्त, प्रभुत्ववादी धारणाबाट मुक्त।

हामीले नयाँ नेपालको कल्पना गर्न किन थाल्यौँ भन्ने कुरातिर पनि अलिकति ध्यान जानु आवश्यक छ। उन्नाइस दिनको जनआन्दोलनले हामीलाई त्यसको आधार प्रदान गऱ्यो। त्यो जनआन्दोलन के थियो भन्नेबारे दुई शब्द भन्नु पनि आवश्यक छ। निरङ्कुश राजतन्त्रबाट मुक्ति, निरङ्कुश राजतन्त्रका सम्पूर्ण संरचनाहरूबाट मुक्ति, जनयुद्धबाट मुक्ति र जनयुद्धका सम्पूर्ण संरचनाबाट मुक्तिको सम्भावना देखेर त्यत्रो जनउभार आएको थियो। यो जनआन्दोलन लोकतन्त्रका निम्ति थियो, शान्तिका निम्ति थियो। तर त्यो अझ कायम भइसकेको छैन। लोकतन्त्र र शान्तिले स्थायित्व प्राप्त गर्न बाँकी नै छ। राज्य र माओवादी अहिले पनि युद्धरत पक्षहरू हुन्। तिनीहरूले युद्धको अन्त्यको घोषणा गरेका छैनन्। अहिले पनि हामीले संविधानसभाको तयारीका निम्ति सम्पूर्ण बाटाहरूमा रहेका अवरोध समाप्त पारिसकेका छैनौँ। संविधानसभा हुन्छ कि हुँदैन भन्ने अझै आशङ्का छ। नयाँ नेपालको परिकल्पना गर्नका निम्ति त संविधानसभासम्म पुग्नुपऱ्यो।

यहाँ के भनिन्छ भने ठूलो काम गर्दाखेरि सानामसिना नराम्रा कुरा हुन जान्छन्। केही मानिस मारिन्छन्, कसैको सम्पत्ति नष्ट हुन्छ भन्ने कुरा गरिन्छ। तर मलाई के लाग्छ भने मानिसको जीवन, मानिसको स्वतन्त्रता, मानिसको घरको अक्षुणता सिनामसिना कुरा होइनन्। मानिसलाई उसको स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, नागरिक स्वतन्त्रता, पारिवारिक स्वतन्त्रता, घरभित्रको सम्प्रभुतालाई सिनामसिना कुरा मानिन्छ भने नयाँ नेपाल निर्माण हुँदैन। पुरानै निरङ्कुशतावादी नेपाल बन्छ। अहिले सहरिया नेपाल एक किसिमको निरङ्कुशतन्त्रबाट केही हदसम्म मुक्त भएको छ। तर ग्रामीण नेपाल अर्को किसिमको अधिनायकवादको मातहतमै रहेको छ। त्यसैले आजका मुख्य शक्तिहरू, महाशक्ति पार्टी भने पनि हुन्छ। तीमध्ये एउटाको प्रतिनिधित्व डा. रामशरण महतले गर्न सक्नुहुन्छ भने अर्को डा. बाबुराम भट्टराईले गर्नुहुने थियो। दुर्भाग्य उहाँ आउनुभएन। उहाँहरू रूपान्तरित हुनुपऱ्यो। नयाँ नेपाल बनाउन योग्य हुनुपऱ्यो। माओवादी पनि रूपान्तरित हुनुपऱ्यो। हिजोको सोचबाट नयाँ सोचमा आउनुपऱ्यो। नेपाली काङ्ग्रेस पनि रूपान्तरित हुनुपऱ्यो। बाह्र वर्षका त्रुटि, बाह्र वर्षका अप्रजातान्त्रिक आन्तरिक

व्यवहारबाट केही पाठ सिक्नुपर्‍यो । बाह्र वर्षमा पार्टीका कारणले देशले भोग्नुपरेको अवस्थाबारे पनि जनतासमक्ष प्रस्ट रूपमा आइदिन सक्नुपर्‍यो ।

नयाँ नेपालको परिकल्पना गर्दा मैले ५० वर्षपछिको कुरा गर्न परेको छैन । मैले लगत्तै तीन-चार वर्षपछिको कुरा गरेको हुँ । त्यो त्वरित रूपान्तरणको नेपाल हुनेछ । द्रुतगतिमा रूपान्तरण भएको नेपाल हुनेछ । यसले नेपालको राजनीतिलाई, नेपालको अर्थतन्त्रलाई र सामाजिक सम्बन्धहरूलाई बदल्नेछ । त्यसको निम्ति तपाईं हामी पनि रूपान्तर हुनुपर्छ । हामी पारिवारिक मालिक बन्न छोड्न तयार हुँदैनौँ र आफूलाई रूपान्तर गर्न तयार हुँदैनौँ, आफ्नो पार्टीलाई रूपान्तर गर्न तयार हुँदैनौँ भने त्यो त्वरित नेपाल बन्दैन । त्यसैले, सुन्दर नेपाल, मैत्रीपूर्ण नेपाल, सद्‌भावको नेपाल, शान्तिपूर्ण नेपाल, विकासमा अगाडि बढेको नेपाल र विश्वले सम्मान गर्ने नेपाल बनाउन चाहन्छौँ भने हामीले दुई-तीनओटा कुरामा ध्यान दिनु आवश्यक छ ।

एउटा कुरा के भने यो नेपाल कसैले चमत्कारिक रूपमा बनाउँदैन । स्वतन्त्र नागरिकले मात्र नयाँ नेपाल बनाउँछन् । त्यसकारण नागरिकलाई केन्द्रमा राख्नुपर्‍यो । मैले जनता भनेको होइन । ध्यान दिनुहोस् । कैयौँ राजनीतिक पार्टी र त्यसका नेताहरूले जनताको कुरा गर्दै व्यक्तिको स्वतन्त्रता, व्यक्तिको हत्या गरेका उदाहरण हामीसँग छन् । त्यसैले व्यक्तिलाई, नागरिकलाई केन्द्रमा राख्नुपर्‍यो । जनताको सार्वभौमसत्ता भनेर नागरिकको सार्वभौमसत्तालाई कुल्चिने प्रवृत्ति हुनुहुँदैन । त्यसलाई सम्प्रभुत्वमा राख्नुपर्‍यो । त्यसलाई सम्प्रभुत्वमा राख्यौँ भने त्यसले नै यति ऊर्जा दिनेछ कि नयाँ नेपाल निर्माण हुन सक्छ । स्वतन्त्र नागरिकहरूको, सार्वभौमसत्ता सम्पन्न नागरिकहरूको देशले नै यो देशलाई नयाँ अनुहार दिन सक्छ । सुन्दर अनुहार दिन सक्छ । सुखद अनुहार दिन सक्छ । चमत्कार हुँदैन तर केही वर्षसम्म त्यो प्रयास जारी रह्यो भने परिणाम चमत्कारिक हुन सक्छ ।

स्वतन्त्र नागरिक, सार्वभौमसत्ता सम्पन्न नागरिक भन्नुको अर्थ के हो भने उसले तीनओटा कुरा अवसर, सुरक्षा र सम्मान पाउनुपर्‍यो । त्यसको जिम्मेवारी राज्यले लिनुपर्दछ । त्यो वातावरण बन्नुपर्दछ ।

बौद्ध विचारमा तीनओटा कुरा अत्यन्त महत्त्वपूर्ण रूपले लेखिएको हुन्छ । बुद्धको जन्मको देश हुँदाहुँदै पनि हामीकहाँ त्यतातिर ध्यान दिएको छैन । ती तीनओटा शब्द पालीमै भन्छु । म मेहता । करुणा मुजिता । मैत्रीपूर्ण हुनुपर्‍यो । सबैतिर समाजमा । कसैप्रति पनि विद्वेषको भावना हुनुभएन । मैत्रीपूर्ण सम्बन्ध हुनुपर्‍यो । समाजमा अशक्त हुन्छन् । पछाडि परेका हुन्छन् । कोही अधिकारबाट वञ्चित भएका हुन्छन् । तिनीहरूप्रति सकारात्मक विभेदको प्रवृत्ति मानिसमा हुनुपर्‍यो, राज्यमा पनि हुनुपर्‍यो । अर्थात् करुणा हुनुपर्‍यो । आफूभन्दा अशक्तहरूप्रति,

पछाडि परेकाहरूप्रति, असमान स्थितिमा रहेकाहरूप्रति ।

हामीमा नयाँ प्रवृत्ति के छ भने कसैले गलत किसिमले सम्पत्ति आर्जन गरेर सम्पन भयो भने त्यसले त क्या गजब गऱ्यो भनेर भन्छौँ । तर राम्ररी काम गऱ्यो भने उसको खुट्टा तान्छौँ । त्यसैले हामीले अरूको प्रगतिमा, वरिपरिको प्रगतिमा, आफ्ना सहनागरिकहरूको प्रगतिमा खुसी पनि हुनुपऱ्यो । त्यसबाट हर्षित पनि हुनुपऱ्यो । मुजिता त्यसलाई भनिन्छ । प्रगतिलाई प्रोत्साहित गरेनौँ भने हामी प्रगति गर्न सक्दैनौँ । एउटा कुरा निश्चित रूपमा भन्नुपर्दछ । त्यो के भने राज्य नेपालीको हुनुपर्दछ, कुनै पार्टीको, कुनै परिवारको, कुनै समूहको राज्यलाई संविधानत: अथवा व्यवहारत: अङ्कित गरिदिने हो भने त्यसले पनि हामीलाई स्वतन्त्र नागरिक, सार्वभौमसत्ता नागरिक बन्न दिँदैन । स्वंयम् माओवादी पार्टीले पनि के ध्यान दिनुपर्छ भने बहुदलीय लोकतन्त्रप्रतिको उसको प्रतिबद्धतालाई माओवादी सेना, माओवादी राज्य, माओवादी अदालतको अवधारणाले खण्डन गरिराखेको छ । त्यसलाई परित्याग नगर्दासम्म बहुदलीय लोकतन्त्रप्रतिको उसको प्रतिबद्धताले पुष्टि पाउँदैन । राज्य सबैको साझा हुनुपर्दछ । राज्यमा राष्ट्रमा रहेका विविधताहरूको प्रतिनिधित्व हुनुपर्दछ । यसले मात्र सामूहिक पहिचानलाई देखाउन सक्छ । अहिले अत्यन्तै अप्ठ्यारो स्थिति छ । हामी सङ्क्रमणकालमा छौँ । यो सङ्क्रमणकाल पूरा नगरी त्वरित रूपान्तरणमा प्रवेश गर्न सक्दैनौँ ।

अहिले सङ्क्रमणकालमै सम्पूर्ण झगडा निमिटचान्न पार्न खोज्ने र आफूले जे-जति लिन सकिन्छ यसै बेला लिइहाल्ने प्रयास माओवादीलगायत विभिन्न क्षेत्रबाट भएको देखिन्छ । त्यसो हो भने संविधानसभाको परिकल्पना टाढाको विषय बन्न सक्दछ । हामीले संविधानसभासम्म पुग्नलाई जे-जे गर्नुपर्दछ त्यतिमा मात्रै ध्यान केन्द्रित गऱ्यौँ भने संविधानसभाबाट हामीले नयाँ राजनीतिक सम्बन्ध भएको नेपालको परिकल्पना गर्न सक्छौँ र नयाँ नेपाल बनाउने राजनीतिक र कानुनी मूल आधार निर्माण गर्न सक्छौँ ।

मैले अघि नै भनेँ नयाँ नेपालमा सामान्ती सम्बन्धहरू हुनुहुँदैन । तर सामान्ती सम्बन्धको प्रतीकको रूपमा नेपालको राजनीतिलाई स्वतन्त्रताको बाधक राजतन्त्र अहिले पनि रहिरहेको छ । नयाँ नेपालमा राजतन्त्र हुनेछैन । त्यसमा म विश्वस्त छु । नयाँ नेपाल गणतान्त्रिक नेपाल नै हुनेछ । तर त्यो गणतान्त्रिक मूल्य हाम्रो परिवारमा पनि आउनुपऱ्यो । त्यो गणतान्त्रिक मूल्य नेपालका पार्टीहरूमा पनि आउनुपऱ्यो । त्यो गणतान्त्रिक मूल्य नेपालको समाजमा पनि आउनुपऱ्यो । त्यो गणतान्त्रिक मूल्य लैङ्गिक सम्बन्धहरूमा पनि आउनुपऱ्यो । जनजातिहरूबीचका सम्बन्धहरूमा पनि आउनुपऱ्यो । नेपालबाट राजतन्त्रलाई बिदा गर्नुको अर्थ गणतान्त्रिक र लोकतान्त्रिक मूल्यहरूले जताततै प्रभाव पार्नुपऱ्यो । तिनका जगमा नेपालको

शान्ति, पुनर्निर्माण र विकास सुदृढ होस्, दिगो होस् ।

धेरै सुखद भविष्यको चित्र प्रस्तुत गर्न सकिन्छ । अरू धेरै देशको विकासलाई उछिनेको चित्र प्रस्तुत गर्न सकिन्छ । तर नयाँ नेपालको परिकल्पना गर्दाखेरि हामीले यस्तो नेपालको परिकल्पना गरौँ जहाँ हाम्रा सम्बन्धहरू राम्रा हुन् ।

# अनुसूची १
# कार्यक्रम तालिका

## शान्ति, पुनर्निर्माण, विकास
## राष्ट्रिय सम्मेलन

१०-११ आश्विन २०६३, काठमाडौँ
कार्यक्रम तालिका

पहिलो दिन १० आश्विन २०६३

९:३०-१०:०० नाम दर्ता र चियापान

१०:००-११:०० पहिलो प्लेनरी
उद्घाटन, भीमबहादुर तामाङ, नेता, नेपाली काङ्ग्रेस
मन्तव्य, इयन मार्टिन, राष्ट्रसङ्घका महासचिवका स्वकीय प्रतिनिधि

११:००-११:१० विश्राम

११:१०-१:०० दोस्रो प्लेनरी
विद्रोही सेनाको रूपान्तरण : एल साल्भाडोरको अनुभव
हकिन शाभेज, नेता, फाराबुन्दो मार्ती लिबरेसन फ्रन्ट (एफएमएलएन)
प्रश्नोत्तर

१:००-२:०० विश्राम

२:००-४:०० पहिलो सत्र (गौरी हल)
राज्यको पुनर्संरचना : सङ्घीयता
प्रमुख वक्ता : कृष्ण खनाल
टिप्पणीकर्ता : अनिलकुमार झा, परि थापा, सीताराम तामाङ, सुरेन्द्र पाण्डे

२:००-४:०० पहिलो सत्र (शङ्कर हल)
जवाफदेहिता, सङ्क्रमणकालीन न्याय र शान्ति
प्रमुख वक्ता : मन्दिरा शर्मा

४:०० विश्राम

दोस्रो दिन ११ आश्विन २०६३

९:००-९:३० विश्राम

९:३०-११:३०
दोस्रो सत्र क (गौरी हल)
अन्तरिम संविधान र संविधानसभा
प्रमुख वक्ता : कृष्ण हाछेथु, भीमार्जुन आचार्य, टीकाराम भट्टराई

दोस्रो सत्र ख (शङ्कर हल)
विकासबाट उन्नतितिर
प्रमुख वक्ता : सीके लाल

११:३०-१२:३० विश्राम

१२:३०-२:३०
तेस्रो सत्र क (गौरी हल)
मानवीय पुनर्संरचना र पुनर्स्थापना
प्रमुख वक्ता : डिल्लीराम दाहाल

तेस्रो सत्र ख (शङ्कर हल)
हतियार व्यवस्थापन
प्रमुख वक्ता : ध्रुव कुमार

२:३०-३:०० विश्राम

३:००-४:३० चिया
प्लेनरी समापन सत्र
नयाँ नेपालको परिकल्पना
निलाम्बर आचार्य
रामशरण महत